# इस्लामको परिचय

## AN INTRODUCTION OF ISLAM

लेखक
हजरत मौलाना सैय्यद अबुल हसन अली नदवी

अनुवादक
नियाजुद्दीन मियाँ

प्रकाशक
काजिम एण्ड नदवी वेलफेयर सोसाईटी, सुनसरी(नेपाल)
को सहयोगमा
मद्रसतुल हरमैन, गोदावरी(काठमाण्डौं)
र इकरा एजुकेशनल एकेडेमी, नेपालबाट प्रकाशित

www.abulhasanalinadwi.org

© इकरा एजुकेशनल एकेडेमी, नेपाल


पुस्तकको नाम : इस्लामको परिचय

लेखकको नाम : हजरत मौलाना अबुल हसन अली नदवी

अनुवादकको नाम: नियाजुद्दीन मियाँ

संस्करण (नेपाली) : दोस्रो पटक, २०६९ (१०,००० प्रति)

पृष्ठ : १४४

मूल्य : नि:शुल्क वितरणका लागि

मुद्रक : जमाली प्रिन्टर्स, अमाननगर, विराटनगर-७
९८५२०२७२५३, ९८४२०३४०९१

कम्पोजिटर : जमाली कम्प्युटर, डेक्सटप पब्लिसिङ्
अमाननगर, विराटनगर-७, ९८४२०४९८१५,
९८०२७०१६२७

भाषा सम्पादन : माधव रेग्मी,

प्रकाशक/वितरक : काजिम एण्ड नदवी वेलफेयर सोसाईटी, सुनसरी (नेपाल) को सहयोगमा मद्रसतुल हरमैन, गोदावरी (काठमाण्डौं) र इकरा एजुकेशनल एकेडेमी, नेपाल

पाइने स्थानहरू : दारूल उलूम नुरूल इस्लाम, जल्पापुर, सुनसरी
मर्दसा इस्लामिया फैजुलउलुम बेनिघाट, गोरखा
शमा स्टेशनरी, इनरूवा, सुनसरी
एभरेष्ट बुक सेन्टर, रानीपोखरी, काठमाण्डौं
मर्दसा कासिलमुल उलूम बैरबा पोटरी, सप्तरी
मर्दसा सैंय्यदना अबुअैय्युब अन्सारी, कटहरी, मोरगं
मर्दसा सेराजुल उलुम डेरागाउँ, गोरखा
दारूल उलुम सबिलुल हुदा, नुरपुर, सप्तरी
मर्दसा इस्लामियाँ, कल्याणपुर, सप्तरी
जामे मस्जिद पाटन, काठमाण्डौं
जमाली प्रिन्टर्स अमाननगर, विराटनगर-७


www.abulhasanalinadwi.org

# विषय सूची


| विषय | पेज नं. |
| --- | --- |
| १. प्रकाशकीय | ९ |
| २. लेखकीय | ११ |
| **अध्याय - १** | |
| १. इस्लामको अर्थ र क्षेत्र | १५ |
| २. इस्लाममा विश्वास (अकीदा) को महत्त्व | १७ |
| ३. इस्लामको आधारभूत आस्था | १७ |
| ४. इस्लामको स्तम्भ (उपासनाहरू) | २० |
| ५. नमाज : इस्लामको पहिलो स्तम्भ | २१ |
| ६. नमाज : एक मानिसक खुराक | २२ |
| ७. नमाज कसरी पढ्ने ? | २३ |
| ८. अजान | २३ |
| ९. नमाजको घोषणाको नाम हो अजान | २४ |
| १०. पवित्रता (तहारत) | २५ |
| ११. नमाजभन्दा पहिला वजू | २६ |
| १२. मस्जिदमा मुसलमानहरूको दिनचर्या र तरीका | २७ |
| १३. पंक्तिबद्धता (सफबन्द) र जमाअत | २७ |
| १४. मोमिनको आत्मविश्वास | ३० |
| १५. नमाजको शुभ समापन | ३१ |
| १६. मुस्लिम समाजमा मस्जिदको महत्त्व | ३२ |
| १७. जुमा : सप्ताहको ईद (महत्त्व र विशेषता) | ३३ |
| १८. एक अरबी अभिभाषण (खुत्बा) को अनुवाद | ३४ |
| १९. नमाजहरू भिन्दा-भिन्दै छन् र नमाजीहरूको | |


www.abulhasanalinadwi.org

दर्जा पनि भिन्न भिन्न छ ३५
२०. जकात : इस्लामको दोस्रो स्तम्भ ३७
२१. इस्लाममा जकातको महत्व र त्यसको कानूनी हैसियत ३७
२२. इस्लामी आर्थिक व्यवस्थाको आधारभूत स्वरूप ३८
२३. सम्पत्तिमाथि मानवीय अधिकारको वास्तविकता ३८
२४. जकातको एक निश्चित, विशिष्ट र व्यापक व्यवस्था ३९
२५. जकात कुन कुन वस्तुमा अनिवार्य छ ४०
२६. जकात कसका लागि ? ४२
२७. जकात कर वा जरिवाना होइन, उपासना हो ४२
२८. आवश्यकताभन्दा अधिक सम्पत्ति दान गर्ने प्रेणा ४३
२९. इस्लामको दृष्टिमा मानवीय मूल्य एवम्
मान्यता तथा सहृदयताको महत्व ४४
३०. रोजा (व्रत): इस्लामको तेस्रो स्तम्भ ( रोजाको आदेश) ४५
३१. रोजा के हो ? ४७
३२. रोजाका विशेषताहरू र तिनको महत्व एवम् आदेश ४७
३३. रोजालाई रम्जानसँगै किन जोडियो ? ४८
३४. उपासनको विश्वव्यापी मौसम र सत्कर्महरूको बहार ४९
३५. रातको अन्तिम पहरमा उठेर सेहरी खानु ५०
३६. रोजाको सार र त्यसको वास्तविक सुरक्षा ५०
३७. एतकाफ ५२
३८. शबेकद्र ५२
३९. ईदको चन्द्रमामा रम्जानको समाप्ति ५३
४०. हज : इस्लामको चौथो स्तम्भ ५४
४१. कुरआनमा हजरत इब्राहीमको कथा र....... ५४
४२. हज : इब्राहीम अलै. का कर्म र विशेषताहरूको स्मृति हो ६४
४३. इस्लामी विश्वव्यापी भातृत्वको अभिव्यक्ति ६५

www.abulhasanalinadwi.org

४४.हजको अवधि र स्थान निश्चित छ ६६

## अध्याय - २

मुसलमानहरूका केही धार्मिक विशेषताहरू ६७
१. एक निश्चित विश्वास र इस्लामी कानून : पहिलो विशेषता ६७
२. मुस्लिम समुदायको उपनाम (नामकरणको विशेषता) ६८
३. आस्था र इस्लामी कानूनलाई आधारभूत महत्व प्राप्त छ ६८
४. इस्लामी कानूनमा परिवर्तनको हक कसैलाई छैन ६९
५. पवित्रताको विशिष्ट परिकल्पना : दोश्रो विशेषता ७०
६. आहारको व्यवस्था : तेश्रो विशेषता ७१
७. मुहम्मद (स.) सँग हार्दिक सम्बन्ध : चौथो विशेषता ७१
८. नबी मुहम्मद (स.) सँग अद्वितीय प्रेम ७२
९. ईशदूतत्व (पैगम्बरी) सिलसिलाको समाप्ति ७३
१०. सहाबा तथा मुहम्मद (स.) का परिवारका सदस्यहरूसँग प्रेम ७४
११. पवित्र कुरआनको श्रेष्ठता र त्यसको स्थान ७५
१२. कुरआन हिफ्ज (कण्ठस्थ) को चलन ७५
१३. विश्वबन्धुत्वका साथ सम्बन्ध र रूचि : पाँचौ विशेषता ६७

## अध्याय - ३

मुसलमानहरूका चाड ७७
१. मुसलमानहरूका दुई ठूला चाड ७७
२. ईदको स्वागत र त्यस दिनको कार्य ७७
३. ईदको नमाज ७८
४. बक्रईदमा कुर्बानीको तयारी ७९
५. दुवै मुसलमानहरूका अन्तर्राष्ट्रिय चाड हुन् ८०

www.abulhasanalinadwi.org

## अध्याय - ४


मुसलमानहरूको रहन-सहन ८१

१. जन्मदेखि प्रौढावस्थासम्म ८१

२. बच्चाको जन्म र तिनका कानहरूमा अजान ८२

३. बच्चाको अकीका र त्यसको तरीका ८२

४. बच्चाको नामकरण र त्यसमा इस्लामी गुणको अभिव्यक्ति ८२

५. नामकरणमा नबी तथा सहाबीहरूको नामलाई महत्व ८३

६. पवित्रताको शिक्षा ८४

७. नमाज पढ्ने निर्देशन ८४

८. इस्लामी शिष्टाचार समाजिक शिक्षा ८४

९. युवावस्थादेखि मृत्युसम्म ८५

१०. निकाह (विवाह) ८५

११. निकाह पढ्ने चलन र त्यसको तरीका ८६

१२. निकाहको बेलामा संक्षिप्त खुत्बा (अभिभाषण) ८७

१३. एक अभिभाषणको नमूना ९०

१४. वैवाहिक जीवन एक उपासना ९०

१५. अन्य स्वभाविक कुराहरू र मुसलमानहरूको खास कर्म ९१

१६. मृत्युको विकल्प छैन ९१

१७. मृत्युको चिन्ता र त्यसको तयारी ९१

१८. मृत्यु र कफन-दफन ९२

१९. नमाज जनाजा ९२

२०. शवयात्रा र यसको तरीका ९३

२१. कब्रमा राख्ने तरीका र माटोले पुर्ने चलन ९४

२२. शोक सन्तप्त परिवारका लागि नातेदारहरूबाट खाना र शोकमा सहभागी हुने तरिका ९४


www.abulhasanalinadwi.org

अध्याय - ५


१. इस्लामी सभ्यता एवम् संस्कृति ९५
२. इब्राहीमी-मुहम्मदी सभ्यता ९५
३. इब्राहीमी सभ्यताका तीन विशेषता ९६
४. पहिलो विशेषता : अल्लाहको याद ९६
५. दोश्रो विशेषता : विश्वव्यापी एकेश्वरवादमाथि आस्था ९७
६. तेश्रो विशेषता : सदाचरण एवम् मानवीय समानताको आस्था ९८
७. अन्य गौण विशेषताहरू ९९
८. इस्लामी समाजमा पेशा न स्थायी छ न तुच्छ ९९
९. विधवाको अर्को बिवाह १००
१०. सलाम गर्ने चलन १००
११. इस्लाममा ज्ञानको स्थान १००
१२. ललितकलाको बारेमा मुसलमानहरूको व्यवहार १०३
१३. धर्म जीवनको संरक्षक हो १०३


अध्याय - ६


सभ्यता, आचरण र आत्माको सफाइ १०६
१. मुहम्मद (स.) को दूतत्वको उद्देश्य १०६
२. मानव निमार्णको एक स्थायी कारखाना १०७
३. पैगम्बर मोहम्मद (स.) को आचरण र स्वभाव १०८
४. मुहम्मद (स.) को उच्च आचरणमाथि एक नजर ११२
५. हाम्रो नबीको स्वभाव ११६


अध्याय - ७


इस्लाममा नारीको स्थान ११९


www.abulhasanalinadwi.org

## अध्याय - ८


इस्लाममा मानवको स्थान र प्रतिष्ठा — १२३

१. मनुष्य अल्लाहको प्रतिनिधि र खलीफा हो — १२३
२. सांसारिक व्यवस्थापनका लागि मानिस नै उपयुक्त — १२४
३. सफल कायम-मुकायम — १२५
४. ईश्वरीय आचरणको व्यवहारिक प्रदर्शन — १२५
५. दुई विपरीत परिकल्पना — १२६
६. प्रेम र भातृत्वको सन्देश — १२६
७. औस र खजरजको युद्ध — १२७
८. शिर्कपछि सबभन्दा घृणित चीज आपसी वैमनस्यता — १२९
९. ईश्वर मानव जातिबाट निराश छैन — १३०
१०. छिया परेको मुटुको मूल्य धेरै छ — १३२
११. निर्दयी मुटु चट्टान हो — १३४
१२. मानवताको प्रतिष्ठा — १३४
१३. शब्दावली — १३५


www.abulhasanalinadwi.org

# प्रकाशकीय

नेपालमा दोस्रो अल्पत धर्म-समुदायको रूपमा इस्लाम धर्मावलम्वीहरू रहेका छन् । सरकारी तथ्यांक अनुसार ३.५% मुस्लिम जनसंख्या बताइएको भएता पनि मुस्लिम विद्वान् तथा संस्थाहरू ८-१० प्रतिशत मुस्लिम जनसंख्या नेपालमा रहेको बताउँछन् । एकातिर नेपाली मुस्लिम साक्षरता प्रतिशत आफैंमा कमजोर छ भने, अर्कोतर्फ नेपाली सारक्षता प्रतिशत झन कमजोर छ । देशमा संख्यात्मक रूपमा मद्रसाहरू बढिरहेको भएता पनि गुणात्मक तथा प्राविधिक शिक्षाको अभाव टड्कारो रूपमा देखिन्छ ।

यहाँ साक्षर तथा शिक्षित मुसलमानहरूलाई मूल दुई वर्गमा विभाजन गर्न सकिन्छ - (१) इस्लामी शिक्षा प्राप्त मुसलमान,
(२) गैर-इस्लामी शिक्षा प्राप्त मुसलमान । दोश्रो वर्गका यी मुसलमानहरूमा थोरै मात्र यस्ता छन् जसले आफू मुसलमान हुनुको अर्थ, उद्देश्य र समाजमा आफ्नो कर्तव्यलाई धार्मिक रूपमा बुझन सक्छन् । जबकि इस्लाम यस्तो धर्म हो, जीवन व्यवस्था हो जसलाई गहिरो अध्ययन पश्चात् मात्र व्यवहारमा उतार्न सकिन्छ । इस्लामको माग हो व्यक्ति ज्ञानी, शिक्षित र बुद्धिमान होस् । एक खुदा (God) जसले उसलाई पैदा गरी संसारमा हिँड्डुल गर्न र जीविका आर्जन गर्न सिकाए तिनको उपासना र आफ्नो जीवनमा आइपर्ने कुनै पनि समस्यालाई हल गर्ने इलम हरेक व्यक्तिमा हुनुपर्ने माग इस्लामको छ । मतलब यो कि मानिसमा आधारभूत रूपमा कमसेकम यति ज्ञान होस् जसले ऊ आफ्नो अल्लाहलाई चिन्न सकोस्, हलाल (वैध) र हराम (अवैध) छुट्टयाउन सकोस् र व्यवहारिक जीवनमा आइपर्ने सांसारिक कठिनाइहरूसँग जुध्न सकोस् । "इस्लाम" आह्वान गर्दछ कि धर्मलाई चिन्तन, मनन र अध्ययन गरेर अँगाल, लहैलहैमा होइन ।

प्रस्तुत पुस्तक मानिसले आफ्नो सृष्टिकर्ता अल्लाह र उनले मानवलाई दिएको भलाइको मार्गलाई चिन्न सकोस् भन्ने अभिप्रायबाट प्रेरित छ । यो पुस्तक विद्वान् मौलाना "हजरत अबुल हसन अली मियाँ नदवी" जसले इस्लाम धर्मको अध्ययन, अनुसन्धान र शिक्षा-शिक्षणमा आफ्नो जिन्दगीको लामो यात्रा पार गर्नुहुदैछ, को कडा परिश्रमबाट उब्जिएको



www.abulhasanalinadwi.org

"इस्लाम का तआरूफ" को हिन्दी संस्करणको नेपाली अनुवाद हो। हामीलाई आशा छ यस पुस्तकले इस्लाम धर्म र अल्लाह तथा उनका अन्तिम रसूल मुहम्मद स. एवम् उनको शिक्षालाई बुझ्न र त्यस मुताविक जीवन निर्वाह गर्न हामी सबैलाई प्रेरित गर्नेछ।

गैर- इस्लामी शिक्षा प्राप्त मुसलमानहरूलाई मूल रूपमा फाइदा पुऱ्याउने उद्देश्यले तयार पारिएको यस पुस्तकबाट इस्लाम धर्मको बारेमा जानकारी हासिल गर्न चाहने अन्य सबैलाई समेत मद्दत पुग्नेछ भन्ने थप आशा हामीले गरेका छौं।

यस किसिमको एउटा पुस्तकको आवश्यकता हामीले महसुस गरेका थियौं। यो हाम्रो प्रथम प्रयास भएकोले विभिन्न किसिमका त्रुटि र कमजोरी हुन सक्नुलाई हामी अस्वीकार्दैनौ। हिन्दी-उर्दूबाट अनुवाद गर्दा शाब्दिक तथा भावात्मक विभिन्न कठिनाइहरू सामुन्ने आउने भएकोले र सकभर शाब्दिक अनुवादतिर ध्यान पुऱ्याइएकोले नेपाली भाव त्यति प्रष्ट नभएको पनि हुनसक्छ। नेपाली व्याकरण अनुसार ठाउँ-ठाउँमा खासगरी कुरआनी श्लोकका अनुवादहरूमा ठूलो कठिनाइसँग जुध्नु परेको छ। अमूल्य सुझावको आशा राख्दछौं।

अन्तमा, हाम्रो धोको पूरा गर्नमा अनुवादको काम गरी सहयोग पुऱ्याउनु हुने 'नियाजुद्दीन मियाँ' सहित पुस्तकलाई यस रूपमा ल्याउन सहयोग पुऱ्याउने काजिम एण्ड नदवी वेलफेयर सोसाईटी, सुनसरी नेपाल प्रति हामी आभारी छौं।

अल्लाहले तपाई हामी सबैलाई सत्य गोरेटोमा डोऱ्याऊन्! आमीन्।

प्रकाशक
इकरा एजुकेशन एकेडेमी, नेपाल
तथा
मद्रसतुल हरमैन
काठमाडौं, नेपाल



www.abulhasanalinadwi.org

# लेखकीय

संसार आफ्नो विशालताको बावजूद एक घरजस्तो भइसकेको छ जसमा बसोवास गर्ने मानिसहरू यद्यपि विभिन्न कौम (जाति), सम्प्रदाय र स्तरसित सम्बन्ध राख्दछन्, किन्तु उनीहरू एक घरका बासिन्दा हुन् । त्यसैले सह-अस्तित्व जो सभ्य र शान्तिपूर्ण जीवनको मान्य सिद्धान्त हो, का लागि विभिन्न कौम (जाति), सम्प्रदाय र समुदायका विभिन्न तत्वहरूको एकता एवम् विश्वास, प्रेम एवम् निष्ठा र सहयोग एवम् सहभागिताको लागि जरूरी छ कि हरेक कौम अरू कौमको सोच र अभिरूचि तथा उसको धार्मिक परम्परा तथा आस्थाहरूबाट न केवल परिचित होस् बरू त्यसको आदर र सम्मान पनि गरिरहेको होस् ।

तर यो कस्तो अफसोसको कुरा हो कि एक घरमा बस्ने व्यक्ति, एक इलाकाका बासिन्दा; हाट बजारमा साथै आवत-जावत गर्नेहरू; शैक्षिक संस्थाहरूमा, कार्यालयहरूमा, अदालतहरूमा एक साथ उठबस गर्नेहरू र जसलाई सजिलै एक अर्कासँग परिचयको अवसर प्राप्त हुन्छ ती एक अर्काको आस्था, उपासना, धार्मिक शिक्षा र विशेषताहरूबाट लगभग यस्तो अन्जान र अनभिज्ञ रहन्छन् जस्तो पुरानो जमानामा हुने गर्थ्यो, जब संसारका विभिन्न क्षेत्रहरूमा बस्नेहरूलाई एक अर्काको सम्बन्धमा जानकारी रहँदैनथ्यो। एक अर्कालाई चिन्ने र परिचित हुने कुनै यस्तो सुविधा थियो।

नेपालमा सयौं वर्षदेखि यहाँका हिन्दू र बौद्धिष्टहरूका साथमा मुसलमानहरू पनि बसेका छन् । शहर, नगर, गाउँ र टोलहरूमा तिनको मिलिजुली बसोबास छ । हाट-बजार, शिक्षण संस्था, अड्डा-अदालत, कार्यालयहरू र यस शताब्दीमा आएर राजनैतिक आन्दोलन, सामाजिक क्रियाकलाप, व्यापार एवम् यात्रा आदिमा एक अर्कासँग भेटघाट हुने र एक अर्काबाट परिचित हुने अवसर सुविधापूर्वक प्राप्त छ । तर यो संसारको आश्चर्यजनक घटना र एक प्रकारको पहेली (Puzzle) हो जसलाई बुझ्नु सजिलो छैन कि एकलाई अर्काको धार्मिक विश्वास, सभ्यता एवम् संस्कृति, रीतिथिति र कौमी (जातिगत) विशेषताहरूबाट लगभग त्यति अनभिज्ञता र अनौठोपना छ जस्तो पुरानो जमानामा प्राय: दुई देशवासीहरूको बीच हुने गर्दथ्यो । हरेकको ज्ञान अरूको बारेमा अधूरो, दोषपूर्ण र अधिकांश



www.abulhasanalinadwi.org

किंवदन्तीका कुराहरू तथा काल्पनिक विचारमा आधारित छ । प्रत्येक सम्प्रदाय अर्को सम्प्रादयको बारेमा संवेदनशील भ्रमबाट ग्रसित र कहिलेकाही घृणा फैलाउने साहित्य, राजनीतिक प्रोपोगण्डा, विषाक्त इतिहासका पाठ्य पुस्तकहरू र गैर अनुसन्धनात्मक वृत्तान्त र कथाहरूको आधारमा आफ्नो मन-मस्तिष्कमा उसको एक गलत र घृणित तस्वीर कायम गरेको छ । एक सम्प्रदायको उदार प्रवृति, सहृदयी र सादा सोच एवम् सहज स्वभावका मानिसहरूसँग यदि अरू सम्प्रदायका मुलभूत विश्वास, रीति-रिवाज र रहनसहनको सिद्धान्तको बारेमा सोधियो भने या त त्यसले अज्ञानता व्यक्त गर्नेछ अथवा यस्तो उत्तर दिनेछ जसबाट एक ज्ञानी मानिसलाई हँसी उठ्नेछ । लेखक जो प्राय: यात्रा गर्दछ र रेल तथा बसहरूमा कैयौं पटक यसको अनुभव प्राप्त गरेको छ । तर यो हँसीको कुरा होइन रूने कुरा हो कि सयौं वर्षदेखि साथै रहनुको बावजूद हामी एक अर्काबाट यति अपरिचित छौं । यसको उत्तरदायित्व केवल एक सम्प्रदायमाथि छैन, सबैमाथि छ र विशेषगरी धार्मिक कार्य गर्नेहरू, देशप्रति सच्चा प्रेम राख्नेहरू र मानवताका प्रेमीहरूमाथि छ । उनीहरूले एक अर्काबाट सही ढंगले परिचित गराउने गम्भीर प्रयास गरेनन् अथवा गरे भने पनि अपर्याप्त । सभ्य संसारमा अब यो सिद्धान्त अस्वीकार गरिएको छ कि प्रेम एवम् श्रद्धा, विश्वास एवम् शान्तिका साथ बस्ने र सत्य उद्देश्यका लागि एक अर्कालाई सहयोग गर्नका लीग अरूसँग सम्बन्धित सही ज्ञान प्राप्त गर्नु आवश्यक छ । मानव बसोबासको हरेक तत्वका बारेमा हरेक सम्प्रदाय र हरेक गिरोहलाई ज्ञात हुनु पर्दछ कि अन्य तत्व, अन्य सम्प्रदाय र गिरोह कुन सिद्धान्तहरूमा आस्था राख्दछ, कुन नियमहरूलाई आफ्नो व्यवहारमा ल्याउँदछ र कुनलाई आफ्नो लागि जरूरी सम्झन्छ । उसको सभ्यता र संस्कृतिको विशेष रंग के हो ? उसलाई जीवनको कुन मूल्य एवम् मान्यता प्रिय छ ? उसको आन्तरिक शान्ति र भरोसायुक्त जीवन यापनका लागि कुन चिजहरू बांछनीय छन् ? कुन आस्था र उद्देश्यहरू उसको ज्यानभन्दा पनि प्यारो र संतानभन्दा अधिक प्रिय छन् ? हामीलाई ऊसँग कुराकानी गर्न, ऊसँग सुखदु:खका क्षण बिताउन कुन भावनाहरूलाई ध्यानमा राख्नु पर्दछ ? सहअस्तित्वका लागि जुन सभ्य एवम् शान्तिपूर्ण जीवनको मान्यता प्राप्त सिद्धान्त हो, पहिलो शर्त के छ भने आवश्यक हदसम्म एकअर्काको बारेमा जानकारी हासिल होस् ।



www.abulhasanalinadwi.org

प्रेम एवम् सहृदयताका साथ बस्ने, हाँस्ने, बोल्ने, जीवनको आनन्द उठाउने र एकअर्काप्रति भरोसा गर्ने र एकअर्काको सभ्यता एवम् सिद्धान्तप्रति आदर एवम् सम्मानको दौलतबाट हामी बञ्चित छौं। यस वस्तुस्थितिबाट नोक्सान सबै धर्म सम्प्रदायका मानिसहरूलाई समान रूपले पुग्दछ र जसले देश तथा अन्ततः मानव जातिलाई नोक्सान पुऱ्याँदछ। विभिन्न सम्प्रदायका बीच ठूला ठूला खाडलहरू कायम छन्, मन र मस्तिष्कमा शंकाहरू छन्। यसैको परिमाण हो कि एकाध सम्प्रदायहरू र यो भन्नुमा कुनै डर एवम् घाटा छैन कि विशेषगरी मुसलमानहरूको क्षमता र शक्ति आफ्नो समाप्ति र बचावमा खर्च भइरहेको छ।

जहाँसम्म मुसलमानहरूको विगत युग तथा तिनको इतिहासको प्रश्न यो छ कि मुसलमानहरूले देशको विकास तथा निर्माण, संगठन एवम् मजबुतीमा के भूमिका निभाए; सभ्यता एवम् संस्कृति; साहित्य एवम् ज्ञान तथा कला कौशलको क्षेत्रमा के प्रगतिगरे के के स्मृति चिन्ह छोडे ? यस विषयमा राम्रा राम्रा किताबहरू र लेखकका लेखनीहरूबाट वास्तविकता स्पष्ट भइसकेको छ। र, स्वयम् यस पुस्तकका लेखकको किताब "हिन्दुस्तानी मुसलमान"- कैयौं वर्ष भयो अरबी, उर्दू र अंग्रेजीमा प्रकाशित भइसकेको छ। किन्तु यो इतिहासको विषय हो र अधिकांश विद्यार्थी र शोध-कार्य (Research) गर्ने व्यक्तिहरूको हो।

यसैप्रकारको आवश्यकता एक यस्तो किताबको थियो जसमा मुसलमानहरू जेजस्तो अवस्थामा भएता पनि यसबाट हटेर कि उनीहरूलाई कस्तो हुनुपर्छ त्यसलाई उनीहरूको असली रंग रूपमा उनीहरूको देशवासीहरूको सामुन्ने पेश गरियोस्। न चित्रकारी गरियोस्, न कल्पनाको उडान होस्, न अतिशयोक्तिबाट काम लिइयोस् र न कञ्जुस्याई न बेईमानीबाट।

तर यसका साथै एक यस्तो पुस्तकको जरूरत बाँकी थियो जुन सामान्य होस्, जसलाई अध्ययन गर्न सजिलो होस् र जसमा इस्लामको सही तस्वीर पेश गरिएको होस् तथा त्यसको संक्षिप्त परिचय आएको होस्। मेरा कैयौं मित्रले यस जरूरतलाई पूरा गर्ने कुरा मसँग बारम्बर भनिरहे। मलाई उत्प्रेरित गरिरहे।



www.abulhasanalinadwi.org

हर्षको विषय हो कि प्रिया सैय्यद अब्दुल्लाह हसनी नदवीले यो कार्य बडो परिश्रम तथा संयमबाट गऱ्यो र यस लेखकको अनेक किताबहरूका ती अंशहरू बडो सफतापूर्वक संकलन तथा एकत्रित पाऱ्यो जसले त्यो आवश्यकताको पूर्ति गर्दछ र जसले इस्लामको सही तस्वीरका साथ त्यसको संक्षिप्त र सारगर्भित परिचय प्रस्तुत गर्दछ।

हाम्रो छिमेकी मुलुक नेपाल जहाँ मुस्लिमहरू अधिकांश गरीब तथा अशिक्षित छन् र खास गरी दुर्गम पहाडी गाउँहरूमा इस्लामदेखि धेरै टाढा रहेर अन्धकारमय जीवन गुजार्न बाध्य छन्। मैले थाहा पाए अनुसार नेपालमा आधारभूत इस्लामी शिक्षाको ठूलो जरूरत छ। यसका साथै इस्लाम धर्म के हो भन्नेबारे त्यहाँका गैर-मुस्लिम दाजुभाइ, दिदी-बहिनीहरू पनि अनभिज्ञताको शिकार भएर रहेका छन्। प्रस्तुत पुस्तकले यसप्रकार मुस्लिम र गैर-मुस्लिम दुवैलाई फाइदा पुऱ्याउने छ।

नेपाली जनतालाई बुझ्न योग्य अनुकूल बनाई अनुवाद र प्रकाशन गराउनमा राजधानी शहर काठमाण्डूको इकरा एजुकेशनल एकेडेमी, नेपाल तथा "मद्रसतुल हरमैन" परिवारले जुन जोश र जाँगर देखायो त्यो अविस्मरणीय भएर रहनेछ। अवश्य नै अल्लाहले यस पवित्र कर्मको बदला "एकेडेमी" तथा 'मद्रसा' परिवारलाई दिनेछ, देओस् भन्ने दुआ छ।

अन्तमा पुनः, आशा छ कि प्रस्तुत पुस्तक जुन हरेक तवरबाट लाभप्रद, महत्वपूर्ण र प्रमाणिक छ, सबै सम्प्रदायहरू, शिक्षित समाज र न्यायप्रिय मानिसहरूका लागि उपयोगी सिद्ध हुनेछ।

अबुल हसन अली नदवी
दारूल उलूम नदवतुल ओलमा
लखनऊ, यू.पी.
November, 1998



www.abulhasanalinadwi.org

अध्याय एक

# इस्लामको अर्थ र क्षेत्र

इस्लाम अल्लाहको सामुन्ने आफूलाई बिना शर्त आत्म समर्पणको नाम हो । इस्लाम (धर्म) ले सम्पूर्ण जीवनलाई आफ्नो घेरामा लिइराखेको छ । यो एक आधारभूत सत्य हो जुन चाहिँ बन्दा र अल्लाहको सम्बन्धलाई नजानीकन बुझ्न सकिदैन । हरेक मुसलमान अल्लाहको आज्ञाकारी भक्त हो र त्यसको सम्बन्ध अल्लाहसँग स्थायी छ, आम छ, गहिरो पनि छ र व्यापक पनि, सीमित पनि छ र परिपूर्ण पनि । कुरआन शरीरफमा छ-

अनुवाद "हे ईमानवालाहरू हो ! इस्लाममा पूरा पूरा रूपमा प्रवेश होऊ र शैतानको पछि नहिंड, त्यो, त तिमीहरूको खुल्ला शत्रु हो ।"

(कुरआन-२:२०८)

यहाँ आरक्षण छैन कि यति तपाईको हो र यति हाम्रो, यति देशको, यति राज्यको; यति अल्लाहको, यति परिवारको तथा जात-कबीलाको, यति धर्मको र यति अन्य राजनैतिक लाभको । यसमा जेजति छन् ती सबै अल्लाहका हुन् । यहाँ सबै उपासना नै उपासना हुन् । मुसलमानको सम्पूर्ण जीवन अल्लाहको सामु विवश छ र ऊ दास हो । यहाँ धर्मको दायरा सम्पूर्ण जीवनमा छाएको छ र यसमा कसैलाई पनि संशोधन गर्ने कुनै अधिकार छैन । ठूला ठूला विद्वान्हरू र धार्मिक नेताहरूलाई पनि यी चीजहरूमा जुन कुरआनबाट स्पष्ट छ, को एक शब्द, एक अक्षर पनि संशोधन गर्ने अधिकार छैन ।

अल्लाह चाहन्छ, इस्लाम माग गर्दछ कि पूरै मानव समाज धर्ममा पूर्ण रूपेण प्रवेश गरोस् । म (लेखक) स्पष्टसँग भन्दछु र आफ्नो कर्तव्य सम्झन्छु कि स्पष्टसँग भनूँ- हामी मुसलमानहरूको रहन-सहन, विवाहको तरीका, अंशबण्डाको तरीका र हामी मुसलमानहरूको मामिला आदि इस्लामी कानूनबाट टाढा छन्, धेरै टाढा छन् । केही व्यक्तिहरू त यस्ता छन् जो आस्थाको आधारमा धर्मप्रति कटिबद्ध छन्, तौहीद (एकेश्वरवाद) को बारेमा उनीहरूको बुद्धि स्पष्ट छ । रिसालत (पैगम्बरी) को बारेमा, मृत्यु



www.abulhasanalinadwi.org

पश्चात्को जिन्दगीको बारे र जुन आधारभूत आस्था (अकीदा) हरू छन् तिनीहरूको बारेमा उनीहरूको सोच (चिन्तन) र सुझबुझ स्पष्ट छ । तर, उपासनामा काँचा (अपरिपक्क) छन् । धेरै जसो त्यस्ता छन् जो आस्था (ईमान) वा उपासनामा त पक्का छन् तर मामिला र आचरण तथा आचार व्यवहारको बारेमा नसोध्नुस्, यिनीहरूमा ठूलो अविश्वसनीयता छ । यस्तो व्यक्ति कसैको मामिलामा पऱ्यो भने खयानत (बेईमानी, गोलमाल) बाट चुक्दैनन् । जस्तै नाप तौलमा कमी गर्ने गर्दछन्, व्यापार गर्दा साझेदारी रहेछ भने त्यसमा नाइन्साफी (अन्याय) र गोलमाल गर्दछन्, छिमेकीलाई दु:ख दिन्छन् । हदीसमा छ - "मुसलमान त्यो हो जसको मुख (बोली) तथा हात (कष्ट) बाट मुसलमान सुरक्षित र संतुष्ट रहोस् ।

"तिनीहरूमध्ये कोही मोमिन (मुस्लिम) हुन सक्दैन जबसम्म उसको छिमेकी उसको यातनाबाट, यसको चोटबाट सुरक्षित नहोओस् ।"

एक वर्ग यस्तो छ कि नसोध्नुहोस् ; त्यसले आचार व्यवहारलाई धर्मबाट खारेज गरिराखेको छ । त्यसले सम्झिराखेको छ कि बस् आस्था एवम् उपासना मात्र जरूरी छन् ; न मामिलामा स्वच्छ, न वचनको पक्का, न बोली जमानीको ध्यान, न न्यायका साथ भागबण्डा, कुनै चीज छैन उनीहरूमा । अल्लाहका अन्य बन्दा (भक्त) को हकको पालना छैन, नाता-कुटुम्ब र हकदारहरूको बारेमा बिलकुल स्वतन्त्र । मानिसहरूसँगको व्यवहारमा, व्यापारमा र जीवनका अन्य क्षेत्रहरूमा पनि मनमौजी ढंगले कार्यवाही गर्दछन्, यस्तो वर्गका मनिस ।

अल्लाहका सन्देष्टा मुहम्मद (स.) ले जुन मुसलमानहरूलाई तयार गर्नुभएको थियो, उनीहरू सहाबा थिए । उनीहरू धर्मका पूर्ण अनुयायी थिए । उनीहरूको विश्वास, उनीहरूको उपासना, उनीहरूको मामिला, उनीहरूको आचरण, उनीहरूका रीति-थितिहरू, उनीहरूको योजना, उनीहरूको शासन व्यवस्था, सबै चीजहरू र जीवनका सबै क्षेत्रहरू इस्लामी कानून अनुरूप थिए ।[1]

[1] अल्लाहका प्रत्येक आज्ञाकारी भक्तले यी सूम्पूर्ण कुराहरूलाई ध्यानमा राख्नु पर्दछ । यसको सर्वोत्कृष्ट नमूना अल्लाहका रसूल मोहम्मद (स.) को उत्कृष्ट गुणहरू र परिपूर्ण व्यक्तित्व थियो र सहाबाको जीवन जसको एक झलक



www.abulhasanalinadwi.org

## इस्लाममा आस्था (अकीदा) को महत्त्व

भक्तिको आधार आस्था (अकीदा) एवम् ईमान ठीक हुनुमा छ । जसको आस्थामा विघ्न बाधा एवम् ईमानमा खराबी छ, उसको न कुनै उपासना स्वीकारयोग्य मानिनेछ न उसको कुनै कर्मलाई सही मानिने छ । र जसको चाहि अकीदा सही तथा ईमान दुरूस्त छ उसको अलिकति कर्म पनि यथेष्ट हुन्छ । यसैले सबभन्दा पहिले ती कुराहरूलाई जान्नु जरूरी छ जसमाथि आस्था राख्नु, ईमान ल्याउनु र तदनुरूप आचरण गर्नु आवश्यक हुन्छ तथा जसमाथि बिनाआस्था कोही व्यक्ति मुसलमान कहलाउने अधिकारी हुँदैन । यो त्यो शर्त हो जुन सारा संसारका मुसलमानहरूका लागि

## इस्लामको आधारभुत आस्था (अकीदा)

१. **तौहीद (एकेश्वरवाद) :-**

एकेश्वरवादमाथि आस्था इस्लामको विशुद्ध आस्था हो जस अन्तर्गत ईश्वर-उपासक र उपास्य (ईश्वर) को बीच दुआ तथा उपासनाका लागि कुनै मध्यस्यतकर्ता वा सिफारिशकर्ताको आवश्यकता छैन । यस आस्थामा न धेरै एवम् बहुसंख्यक खुदा (ईश्वर) हरू तथा उपास्यहरूको गुंजायश छ न ईश्वरको अवतार अथवा छायाँको परिकल्पनाको र न अल्लाहको कुनै मखलूक (सृष्टि) मा मिसिजाने तथा दुईटैलाई मिलाएर एक भइजाने आस्था-विश्वासको कुनै गुंजायश छ । बरू यो एक अल्लाह जसलाई कसैको आवश्यकता पर्दैन, को एकत्वको स्वीकारोक्त र त्यसको कसैको आवश्यकता पर्दैन, को एकत्वको स्वीकारोक्ति र त्यसको कबूलियत हो जसको न कोही पिता छ न पुत्र छ । न प्रभुत्वमा कोही उसको साझेदार एवम् साथी छ । सृष्टिको रचना, उत्पत्ति, संसारको व्यवस्था एवम् सञ्चालन, भूमि र आकाशको प्रभुत्व उसैका हातमा छ ।

अर्थात् यस सृष्टिको स्रष्टा एक मात्र छ जो सधैंदेखि छ र सधैं

---

"आचरण" शीर्षकमा बयान भएको छ । अल्लाहका हरेक बन्दाले त्यस्तै जीवन बिताउने प्रयत्न गर्नु पर्दछ ।



www.abulhasanalinadwi.org

रहनेछ । ऊ सर्वगुण सम्पन्न छ र हरेक प्रकारका अवगुण र कमजोरीबाट चोखो छ । समस्त प्राणी र समस्त ज्ञान उसको परिज्ञानमा छ । यो सम्पूर्ण सृष्टि (Universe) उसैको सकंल्पमा छ । ऊ जीवित छ, सुन्दछ, देख्दछ । न कोही ऊ जस्तो छ, न उसको कोही प्रतिस्पर्धी र बराबरीको छ । ऊ अद्वितीय छ र उसलाई कसैको मद्दतको जरूरत छैन । सृष्टिलाई चलाउन र त्यसको व्यवस्था गर्नमा उसको कोही साभ्केदारी, साथी र सहायक छैन । उपासनाको पात्र केवल उही हो । यो उसको अधिकार हो । ऊ मात्र हो जसले रोगीलाई रोगमुक्त गरिदिन्छ, प्राणीलाई जीविका प्रदान गर्दछ र उनीहरूका कठिनाइहरूलाई दूर गर्दछ । अल्लाह बाहेक अरूलाई पूज्य ठहऱ्याउनु, अरूको सामुन्ने अत्यन्त हीनता, दु:खी र लाचारिताको अभिव्यक्ति, आफ्नो टाउको अरूको सामुन्ने निहुराउनु, अरूसँग दुआ गर्नु र त्यस्ता चीजहरूमा सहायता माग्नु जुन मानव शक्तिबाट अलग्ग छ र केवल अल्लाहको सामर्थ्य (प्रकृति) सँग सम्बन्ध राख्दछ (जस्तै-सन्तान दिनु, भाग्यलाई असल-खराब बनाउनु, हरेक ठाउँमा मद्दतको लागि पुग्नु, हरेक दूरीको कुरा सुन्न सक्नु, मनका र लुकेका कुराहरू जान्नु आदि) । इस्लाममा शिर्क सबभन्दा ठूलो पाप हो जुन विना तौबा[2] क्षमा हुँदैन ।

पवित्र कुरआनमा भनिएको छ, "उसको महिमा (शान) यो हो कि जब उसले कुनै कुराको इच्छा गर्दछ तब त्यसलाई भनिदिन्छ कि भइहाल, त त्यो भइहाल्छ ।" (कुरआन- ३६:८२)

अल्लाह न कसैको शरीरमा ओर्लन्छ न कसैको रूप धारण गर्दछ, न उसको कुनै अवतार हुन्छ । ऊ कुनै क्षेत्र वा दिशामा सीमित छैन । उसले जे चाहन्छ त्यो भइहाल्छ, जे चाहँदैन त्यो हुँदैन । ऊ सर्वसम्पन्न स्वामी हो । ऊ कसैको मोहताज छैन । उसलाई कुनै पनि चीजको आवश्यकता छैन । उसमाथि कसैको आदेश चल्दैन । ऊसँग सोध्न सकिँदैन कि उसले के गरिरहेको छ । ऊ बाहेक अरू कोही वास्तविक हाकिम होइन ।

---

2 कुनै गल्ती गरेको कुरामा अल्लाहसमक्ष शर्मिन्दासाथ प्रायश्चित गरी क्षमा याचना गर्ने आइन्दा यस्तो गल्ती नदोहोऱ्याउने प्रण गर्नु ।



www.abulhasanalinadwi.org

**(२) भाग्य असल होस् वा खराब अल्लाहको तर्फबाट हो ।** उसले व्यवहारमा आइपर्ने चीजहरूलाई आइपर्नु र घटित हुनुभन्दा पहिले नै जान्दछ र त्यसलाई अस्तित्वमा ल्याउँदछ ।

**(३) उसका उच्च स्थान तथा प्रतिष्ठा प्राप्त फरिश्ता (देवदूत) हरू छन् ।** अल्लाहको प्राणी शैतान पनि हो जो मानिसहरूका लागि विगारको कारण बन्दछ । उसको प्राणीमध्ये नै जिन्न पनि हो ।

**(४) कुरआन अल्लाहको वाणी हो ।** त्यसका शब्द र अर्थ सबै अल्लाहका तर्फबाट हुन् । ती परिपूर्ण छन्, त्यसमा कुनै थपघट र परिवर्तन भएको छैन, नत हुन नै सक्छ । त्यो हरेक थपघट र परिवर्तनबाट सुरक्षित छ । जुन व्यक्तिले त्यसमा परिवर्तन र थपघटलाई अपनाउँदछ त्यो मुसलमान होइन ।

**(५) मुर्दाहरू आफ्ना शरीरका साथ मृत्युपछि जीवित हुने कुरो वास्तविक सत्य हो ।** प्रत्युपकार (बदला) वा सजाय र हिसाब निश्चित छ । स्वर्ग एवम् नर्क निश्चित छ ।

(६) अल्लाहका तर्फबाट संसारमा पैगम्बर आउनु वास्तविक सत्य हो । र उनकै मुखबाट तथा उनकै माध्यमबाट अल्लाहले आफ्ना भक्तहरूलाई आदेश गर्नु एवम् शिक्षा दिनु सत्य हो । मुहम्मद (स.) अल्लाहका अन्तिम संदेष्टा हुनुहुन्छ । उहाँपछि कुनै संदेष्टा आउने छैनन् । उहाँका आह्वान र दूतत्व सारा संसारका लागि हुन् । यस विशिष्टतामा र यसका अतिरिक्त यस्तै अन्य विशेषताहरूमा उहाँ ती सम्पूर्ण संदेशवाहकहरूमा सर्वश्रेष्ठ र उत्कृष्ट हुनुहुन्छ । उहाँको रिसालत (पैगम्बरी) माथि ईमान नल्याईकन ईमान (आस्था) पूर्ण एवम् विश्वासनीय हुँदैन र कुनै धर्म जायज हुँदैन । इस्लाम नै एक मात्र सत्य धर्म हो । इस्लामी कानून र आदेशनुसार ठूलोभन्दा ठूलो ऋषि-मुनि एवम् सच्चा, ईमानदार र उपासकहरूलाई पनि छुट छैन ।

**(७) हजरत अबू बक्रः सिद्दीक (रजि.) मुहम्मद (स.) पछि एमाम र सच्चा खलीफा थिए ।** त्यसपछि क्रमशः हजरत उमर (रजि.), हजरत उस्मान (रजि.) र हजरत अली (रजि.) आदि सहावीहरू मुसलमानका धार्मिक नेता र पथ प्रदर्शक भए । उनीहरूको निन्दा गर्नु हराम (वर्जित) छ र उनीहरूको मान सम्मान वाजिब (अनिवार्य) छ ।



www.abulhasanalinadwi.org

# इस्लामको स्तम्भ (उपासनाहरू)

आस्थापछि इस्लाममा जुन चीजको ठूलो महत्त्व छ, जसमा ठूलो जोड दिइएको छ र जसको बारेमा कडाइका साथ आदेश दिइएको छ त्यो हो-उपासना (इबादत)। यो मानवीय सृष्टिको प्रथम उद्देश्य हो। कुरआन शरीफमा छ-

"र, मैले जिन्न एवम् मनुष्यलाई केवल यसकारणले पैदा गरें कि उनीहरूले (मेरो) उपासना गरून्।" (सूर : अज्जरियात-६५)

इस्लामी शरीयत अनुसार हरेक चिन्तन मनन गर्न सक्ने मुसलमान स्त्री-पुरूषमाथि चार चीज अनिवार्य छन् र यसैले यिनलाई इस्लामको चार स्तम्भ भनिन्छ। ती हुन्-

१. दैनिक पाँच पटकको नमाज (worship)
२. यदि व्यक्ति जकातको शर्तभित्र पर्दछ भने वर्षमा एक पटक आफ्नो सम्पत्तिमाथि जकात[3]
३. रम्जानको रोजा (व्रत)
४. हज; जसको आर्थिक सामर्थ्य छ उसले जीवनमा एक पटक हज गर्नु अनिवार्य (फर्ज) छ।

यी ती अनिवार्यताहरू हुन् जसलाई इन्कार गर्ने व्यक्ति इस्लामको परिधिबाट खारेज हुन जान्छ र यसलाई स्थायी रूपमा छोड्ने व्यक्तिहरू पनि मुसलमानको जमातबाट खारेज छन्।

[3] कुनै भाँडाकुँडा, कुर्सी, खाट, फ्रिज, गाडी, घडी, घर आदि जस्ता सामान्य जिन्दगी गुजार्ने अत्यावश्यक पर्ने सम्पत्ति बाहेक कोहीसित साढे बाउन्न तोलाचाँदी वा साढेसात तोला सुन वा त्यस बराबरको अन्य सम्पत्ति छ भने ती सम्पत्तिहरू एक वर्ष वितिसकेपछि त्यसमाथि जकात अनिवार्य हुन जान्छ।



www.abulhasanalinadwi.org

# नमाज : इस्लामको पहिलो स्तम्भ

उपर्युक्त उपासनाहरूमा प्रथम र महत्त्वपूर्ण खम्बाको रूपमा नमाज छ। यो धर्मको स्तम्भ हो। यो इस्लाम र मुसलमानहरूको पहिचान हो। यहाँसम्म कि यसलाई इस्लाम र गैर-इस्लाम बीच विभाजन रेखा (Line of Demarcation) करार गरिएको छ। अल्लाह तआलाले भनेको छ-

"र, नमाज पढ्दै गर तथा मुश्रिरकहरूमा नहुनू।"

(कुरआन-३०:३१)

त्यस्तै नबी स. ले यसप्रकार आदेश दिनुभएको छ- "बन्दा (भक्त) र कुफ्रा (अवज्ञा) मा फरक (विभाजक रेखा) नमाज छोड्नु नै हो।"

(बखारी, इब्न माजा)

एक अर्को ठाउँमा बताइएको छ-"ईमान (आस्था) र कुफ्रमा फरक नमाजलाई छोड्नु नै हो।" (तिर्मिजी)

नमाज नभेको मोक्षको शर्त हो र ईमानको रक्षक। नमाज स्वतन्त्र र गुलाम (दास), धनी र गरीब, रोगी र निरोगी, यात्री र गैरयात्री हरेकमाथि सदैवका लागि हरेक हालतमा जरूरी छ। यसलाई अल्लाहले अनुदेश र पथप्रदर्शन तथा तकवा (खुदाको डर), परहेजगारी (संयमता) को आधारभूत शर्तको रूपमा बयान गर्नु भएको छ। कुनै बालिग मुसलमानलाई कुनै हालतमा पनि यसको छुट दिइएको छैन। हो, यदि उभिएर पढ्न सकेन भने बसेर, बसेर सकेन भने सुतेर, सुतेर सकेन भने इशाराले पढ्न सक्छ; तर नमाज क्षमा गरिदैन। यहाँसम्म कि युद्ध क्षेत्रमा पनि (विशेष तरीकाले) नमाजमा पढ्ने आदेश छ। यात्रामा यो छुट छ कि चार रकअत नमाज (जोहर, अस्र, ईशा) लाई दुई रकअतमा अदा गर्न सकिन्छ। यात्रामा सुन्नत तथा नफ्ल नमाजहरू[4] गौण (स्वैच्छिक) हुन जान्छन् र यिनको पालना गरिनुपर्ने हैसियत समाप्त हुन जान्छ।

---

4 फर्ज नमाज बाहेक अन्य नमाजहरू जुन मुहम्मद स. से पढ्ने गर्नु भएको



www.abulhasanalinadwi.org

नमाज एक यस्तो फर्ज (अनिवार्यता) हो जसको छुट कुनै सन्देष्टा र रसूललाई पनि छैन। कुनै वली,[5] ज्ञानी वा मुजाहिद (योद्धा) को त प्रश्न नै नगरौं। नमाज मोमिनको लागि यस्तो हो जस्तो माछाको लागि पानी। नमाज मोमिनको शरण स्थल र शान्तिको ठाउँ हो।

"कुनै शंका छैन कि नमाजले निर्लज्जता र खराब कुराहरूबाट रोक्दछ।" (कुरआन- २९:४५)

## नमाज एक मानसिक खुराक

मनुष्यलाई यस धर्तीमा अल्लाहको प्रतिनिधि बन्नु थियो र अत्यन्त सम्वेदनशील पदमा स्थापित हुनु थियो। यसैले उसमा इच्छा-शक्ति पनि छ तथा प्रेमको भाव पनि, दु:खको अनुभूति पनि तथा सुखको अनुभूति पनि। उसमा जिज्ञासा पनि छ र ऊ ज्ञानमयी पनि छ। उसले जमीन र जमीनमुनिका समस्त सम्पदाबाट लाभ उठाउने र त्यसलाई आफ्नो उद्देश्यको लागि प्रयोग गर्ने पूर्ण हक राख्दछ। यस गरिमापूर्ण पदको जिम्मेवारी निर्वाहको लागि उसलाई आकाशीय पिण्ड, पहाड, वनस्पति, जीव र निर्जीवहरू जस्तै निरन्तर उभिरहनु, निरन्तर झुकिरहनु (रूकुअ), निरन्तर टाउको निहुराउनु र निरन्तर अल्लाको गुणगान गरिरहनुमा नियमबद्ध बनाइएन। यी सम्पूर्ण तत्वहरूलाई दृष्टिगत गरी मानवको लागि एउटा यस्तो उपासना पद्धतिको आवश्यकता थियो जो उसको स्वभाव, पदीय उत्तरदायित्व, सृष्टिमा उसको सम्मान तथा स्थानसँग मेल खाने होस्। त्यो पद्धति संसारका संचालक (अल्लाह) ले उसको काँधमा थमाएको छ।

एकातिर उपासना मनुष्यका लागि आवश्यक पनि थियो। किनकि यो उसको प्रवृत्तिको माग, उसको अस्तित्वको उद्देश्य, उसको अन्तरस्करणको आवाज, उसको सज्जनता र संतुष्टिको अभिव्यक्ति तथा

---

5 अल्लाहको मित्र अर्थात त्यो अल्लाहको उपासक एवम् परम भक्त जो अल्लाहसँग धेरै तर्सन्छ ; तन्मयताका साथ उपासनामा मग्न रहन्छ। सांसारिक सुख सुविधालाई गौण सम्झी र अल्लाहको कानूनलाई व्यवहारमा ल्याउँदछ।



www.abulhasanalinadwi.org

आत्माको खुराक हो। अर्कोतिर यो पनि जरूरी थियो कि यो उपासना उसको शारीरिक संरचना तथा व्यक्तित्व अनुरूप, उसको संवेदनशीलता एवम् महत्वपूर्ण हैसियत र यस सृष्टिमा उसको विशिष्ट स्थानको सर्वथा अनुकूल होस। त्यस परिधान जस्तो होस् जुन उसको शारीरिक संरचनासँग पूर्ण रूपमा मेल खाओस्, राम्रो सुहाओस; न कम होस् न त ज्यादा। नमाज वास्तवमा त्यही पहिरन हो जुनचाहिँ ठीक-ठीक उसको अस्तित्वसँग पूर्ण रूपमा मेल खान्छ र जसमा कुनै प्रकारका कमी-बेसी देखिदैन।

यी पाँच नमाज (जुन अनिवार्य गरिएका छन्) त्यही निर्धारित समयमा पढ्नु जरूरी छ जुन समय अल्लाहले निर्धारण गर्नुभएको छ। पवित्र कुरआनमा यिनको समयको बारेमा संकेत गरिएको छ। यी पाँच नमाजका लागि रकअत[6] पनि निर्धारित छ जसलाई प्रयोगमा ल्याउनु जरूरी छ।

## नमाज कसरी पढ्ने ?

अल्लाह द्वारा नमाजलाई सम्मान एवम् श्रद्धा, संतुष्टि, संवेदनशीलता, सहयोगको भावना र सामूहिकताको यस्तो वातावरण प्रदान गरिएको छ जसको उदाहरण कुनै अन्य धर्मको उपासनामा पाईंदैन।

अब आउनुहोस्! जानकारी हासिल गरौं कि नमाज कसरी पढ्ने ? यसमा के पढ्ने ? कसरी उभिने, कसरी झुक्ने र कसरी यसको प्रारम्भ तथा समापन गर्ने ?

## अजान

सबभन्दा पहिला अजानलाई लिनुहोस् जुन दिनमा पाँच पटक तेज आवाजमा पुकारिन्छन् र जसको आवाजले कुनै गाउँ, कुनै शहर र घना जनसंख्या भएको कुनै मुस्लिम बस्ती मुश्किलले खाली होला। अजानमा पुकारिने वाक्यहरू र तिनको उल्था यसप्रकार छ-

6 नमाज अदा गर्दा गणना गरिने एकाइ। एक रकअत नमाजमा एक 'रूकुअ' र दुई 'सज्दा' हुन्छन्।



www.abulhasanalinadwi.org

| | | |
|---|---|---|
| अल्लाहुअक्बर ! | - | अल्लाह सबभन्दा ठूलो छ ।<br>अल्लाह सबभन्दा ठूलो छ । |
| अल्लाहुअक्बर ! अल्लाहुअक्बर ! | - | अल्लाह सबभन्दा ठूलो छ ।<br>अल्लाह सबभन्दा ठूलो छ । |
| अशह्दु अल्लाह इलाह इल्लल्लाह ! | - | म साक्षी बक्छु कि<br>छैन कोही पूज्य सिवाय अल्लाहको । |
| अशह्दु अल्ला इलाह इल्लल्लाह ! | - | म साक्षी बक्छु कि<br>छैन कोही पूज्य सिवाय अल्लाहको । |
| अशअदु अन्न मुहम्मदर्रसूलुल्लाह । | - | म साक्षी बक्छु कि<br>मुहम्मद अल्लाहको रसूल हुनुहुन्छ । |
| अशअदु अन्न मुहम्मदर्ररसूलुल्लाह ! | - | म साक्षी बक्छु कि<br>मुहम्मद अल्लाहको रसूल हुनुहुन्छ । |
| हैय्य अलस्सलाह हैय्य अलस्सलाह ! | - | आऊ नमाजको लागि !<br>आऊ नमाजको लागि ! |
| हैय्य अलस्सलाह हैय्य अलल्फलाह ! | - | आऊ सफलतातिर !<br>आऊ सफलतातिर ! |
| अल्लाहुअक्बर ! अल्लाहुअक्बर ! | - | अल्लाह सबभन्दा ठूलो छ ।<br>अल्लाह सबभन्दा ठूलो छ । |
| लाइलाह इल्लल्लाह ! | - | छैन कोही पूज्य<br>सिवाय अल्लाहको । |

नोटः- बिहान (फज्रको नमाज) को अजानमा "हैय्य अलल्फलाह" पछि "**अस्सलातु खैरूम् मिनन्नौम्**" थप गरेर दुई पटक पुकारिन्छ । यसको अर्थ हुन्छ - "नमाज निद्राभन्दा उत्तम छ ।"

## नमाजको घोषणाको नाम हो अजान

नमाजको घोषणा र बोलाहटका लागि जुन वाक्यहरू प्रयोग गर्ने गरिएको छ त्यसमा इस्लामको उद्देश्य, अद्वैतवादको पहिचान र धर्मको संक्षेप निचोड सहज रूपबाट लुकेको छ । यस घोषणामा इस्लामको सुनिश्चित र ठोस आमन्त्रण समाहित छ । अजान अल्लाहको सम्मान र प्रशंसा पनि हो कि ऊ सबैभन्दा ठूलो छ- ठूलोभन्दा ठूलो । अनि यसमा साक्ष्यहरू पनि



www.abulhasanalinadwi.org

समाहित छन् - एकेश्वरवादको साक्ष्य र रिसालत (ईशदूतत्व) को पनि साक्ष्य । अजानमा नमाजको हाजिरीको निमन्त्रणा र पुकार छ कि लोक-परलोक दुवैमा भलाइको मार्ग हो । अजानको शब्दले मन र मस्तिष्क दुवैलाई एक साथ सम्बोधित गर्दछ, मुस्लिम-गैरमुस्लिम दुवैलाई आकर्षित गर्दछ, अल्छी मानिसमा फुर्ती पैदा गर्दछ र लापर्वाहीलाई होशियार बनाउँदछ ।

## पवित्रता (तहारत)

नमाजको लागि पवित्रता र वजूको आदेश दिइएको छ । कुरआन शरीफमा अल्लाह तआलाको हुकुम छ-

अनुवाद- "ए आस्थावानहरू हो ।अब तिमीहरू नमाजका लागि उठ अब आफ्‌ना अनुहार र आफ्‌ना हातहरूलाई कुहिनाहरू सहित धुने गर, आफ्‌ना टाउकामा मसह् (हात फेर्ने काम) गर्ने गर । यदि तिमी सहवास (मैथुन पश्चात् स्नानको आवश्यकता, नापाकी) को हालतमा छौ भने (पूरा शरीर) पवित्र गरिहाल । र, यदि तिमी बिरामी छौ वा यात्रामा छौ वा तिमीहरूमध्ये कोही "इस्तिन्जा" (दिसा-पिसाब) बाट आएका छौ वा तिमीले महिलासँग सहवास (intercourse) गरेका छौ अनि तिमीलाई पानी प्राप्त भएन भने पवित्र माटोबाट तयम्मुम गर्ने गर अर्थात् आफ्‌नो अनुहार र हातहरूलाई यसले मसह् गर्ने गर । अल्लाहले तिमीमाथि कठिनाइ थोपार्न चाहँदैन । (उसले त) तिमीलाई खूब पवित्र राख्न चाहन्छ र तिमीमाथि आफ्‌नो वरदान (नेमत) पूरा गर्न चाहन्छ ताकि तिमी एहसान मान ।"

(सूर: माईदा)

पवित्रताको यो प्रयोजन र वजू यदि ईमान एवम् आत्म-निरीक्षण एहतेसाव)[7] का साथ कार्यान्वयन भयो भने त्यसले मनुष्यमाथि एक प्रकारको

---

7 ईमान एवम् आत्म-निरीक्षणको अर्थ यो हो कि अल्लाहका वाचाहरू र उसको रसूलले भन्नुभएका पुण्य (सवाब) माथि पूर्ण विश्वास राखोस् । र, उनीहरूले ती क्रियाहरूलाई निष्ठा तथा लगनका साथ गरोस् । कर्मको कबुलियत र वजनमा



www.abulhasanalinadwi.org

स्फूर्ति जागृत गर्दछ र नमाजको स्वागत तथा त्यसलाई स्वीकार गरिने क्षमता उत्पन्न गर्दछ। हाम्रा नबी (स.) ले वजू एवम् पवित्रतामा दाँत माझ्ने शिक्षालाई पनि समावेश गर्नुभएको छ र यसमा खूबै जोड दिनुभएको छ।

## नमाजभन्दा पहिला वजू

नमाजभन्दा: पहिला वजू गर्नु पर्दछ। वजू पवित्राको त्यस खास तरीकाको नाम हो जुन कर्म विना नमाज नै हुँदैन। वजूमा पहिला नाडीसम्म ती चोटि दुबै हात धुनु पर्दछ, अनि तीन चोटि कुल्ला गरिन्छ। त्यसपछि तीन चोटि पानीले नाक सफा गर्नु पर्दछ, अनि तीन चोटि निधारको माथ्लो भागदेखि चिउँडोको तल्लो भागसम्म र एक कानको लोतीदेखि अर्को कानको लोतीसम्म अनुहारलाई धुनु पर्छ। त्यसपछि दायाँ हात कुहिनाहरू सहित तीन चोटि धोएर बायाँ हात कुहिनाहरू सहित तीन चोटि धुनु पर्दछ। त्यसपछि एक चोटि पूरा टाउकोको मसह् गर्नु पर्दछ अर्थात् हातलाई भिजाएर टाउकोको कपालमाथि एक चोटि फेरा लगाउनु पर्दछ। तत्पश्चात् गोलीगाँठोको कपालमाथि एक चोटि फेरा लगाउनु पर्दछ। तत्पश्चात् गोलीगाँठोको मथिल्लो भागसम्म तीन चोटि दायाँ खुट्टा अनि बायाँ खुट्टा धुनु पर्दछ।

दिसा-पिसाब र पद (wind expelled downwards) आदिबाट वजू

---

यसको ठूलो दखल छ। हजरत अबू हुरैरह् बयान गर्नु हुन्छ कि मोहम्मद (सं) बाट आदेश भएको छ, "जब मुस्लिम भक्तले वजू गर्दछ र आफ्नो मुख धुन्छ तब उसको अनुहारबाट हरेक पाप जुन उसले आफ्ना आँखाहरूबाट गरेको छ- पानीका साथ वा पानीको अन्तिम थोपाको साथ पखालिन्छ। यहाँसम्म कि ऊ पापहरूबाट पूर्णतया पवित्र भइहाल्छ।" 'सहीह् मुस्लिम' मा यति अरू थपिएको छ कि जब उसले आफ्नो खुट्टा धुन्छ तब उसका खुट्टाहरूबाट, यसबाट हिंडेर उसले कुनै पाप गरेको छ, सबै पखालिन्छन्। ( तिर्मिजी)

8 वजूमा विभिन्न अंगहरू तीन पटक धुनु 'सुन्नत' हो। तर, एक वा दुई पटक मात्र धोए पनि वजू पूरा हुन्छ।



www.abulhasanalinadwi.org

टुट्ने भएकोले यस बेला वजू जरूरी हुन जान्छ र यस विना नमाज ग्रहण हुँदैन । निदाइहाल्यो भने पनि वजूको जरूरत पर्दछ । एक पटकको वजूबाट

## मस्जिदमा मुसलमानहरूको दिनचर्या र तरीका

मस्जिद गएर यदि वजू छ भने त्यसै बेला र छैन भने वजू गरेर नमाजीले 'सुन्नत' वा 'नफ्ल' नमाज पढ्न थाल्छ । यदि उसले सो नमाज पढिसकेको छ भने चुप लागेर नमाजको प्रतीक्षामा बस्दछ वा कुरआन शरीफको मौन पाठ (तिलावत) वा अल्लाहको 'जिक्र' (जप silent repitition of a hymn) मा व्यस्त हुन जान्छ । जब जमात (सामूहिक नमाज) को समय हुन्छ तब पहिला 'इकामत' (नमाजका लागि उठ्न घोषणा गर्ने काम) गरिन्छ । वास्तवमा यो जमात (नमाज) को प्रारम्भको घोषणा हो । यसमा त्यही सबै वाक्यांशहरू छन् जुन चाहिँ अजानमा भनिन्छ । केवल दुई वाक्य अधिक छन्- "**कद्कामतिस्सलाह । कद्कामतिस्सलाह !**" अर्थात् "नमाज खडा हुन गइरहेको छ । नमाज खडा हुन गइरहेको छ ।"

## पंक्तिबद्धता (सफबन्दी) र जमाअत

जुन व्यक्तिहरू मस्जिदमा यताउति गरिरहेका हुन्छन् वा कुनै पनि असल काममा लागिरहेका हुन्छन् तिनीहरू सबै पंक्ति (सफा) मा आएर उभिन्छन् । 'इकामत' को समाप्तिमा इमाम जो बस्तीका कुनै धार्मिक विद्वान् अथवा कुरआनको हाफिज वा कोही पढेलेखेको (शिक्षित) मुसलमान[10] हुन्छ, ले 'तकवीर' भन्दै कन्पटीसम्म दुवै हात उठाएर नाइटोमाथि.... बाँध्छ

---

[10] इस्लाममा कुनै पुरोहित वर्ग छैन जसको अनुपस्तिथिमा मुसलमानहरूको उपासना कार्यान्वयन हुन नसकोस् । कुनै पनि मुसलमानले यो काम गर्न सक्दछ । तर वर्तमान व्यवस्था र सहुलियत का कारण प्राय: जसो मस्जिदहरूमा इमाम र मुअज्जिन नियुक्त हुन्छन् र उनीहरूले यस कामका लागि आफूलाई समर्पित गर्दछन् । यसै कामका लागि रहने भएकोले वस्ती अथवा मुसलमानका संघ संस्थाहरूले यिनीहरूलाई वेतन दिन्छन् ।



www.abulhasanalinadwi.org

र नमाज सुरू हुन्छ । यसप्रकार 'इमाम' र 'मुक्तदी' (इमामको पछाडि नमाज पढ्ने) गुलामहरू जस्तै गरी हात बाँधेर अल्लाहको सामुन्ने उभिन्छन्।

इमाम नमाजीहरूभन्दा अगाडि मध्य भागमा उभिन्छ । कोही बेर 'इमाम' र 'मुक्तदी' - सबैजना मनमनै एउटा 'दुआ' पढ्छन् जुन यसप्रकार छ -

अरबी रूप-

**"सुब्हानकल्लाहुम्म व बिहम्दिक व तबारकस्मुक व तआला जद्दुक व लाइलाह गैरूक"**

अनुवाद- "हे अल्लाह ! तिमी गुणवान छौ र तिम्रो नाम शुभ छ । र, तिम्रो शान (महिमा) महान् छ । र, तिमी बाहेक कोही पूजनीय छैन ।"

अनि यही नमाज जब 'जहरी' (अरूले सुन्नेगरी आवाजसाथ पढिने नमाज) हुन्छ तब इमाम 'केरअत' (ठूलो स्वरमा सुर-लयमा पढने काम) सुरू गर्दछ । अर्थात् यस दुआपछि ऊ सूरः फातिहा पढ्छ । यो हरेक नमाजमा पढिने सूरः हो र यो कुरआन शरीफको आमुख (preface) तथा इस्लामको निचोड हो । यो कुरआनको सबभन्दा अधिक पढिने सूरः हो । इस्लाममा यसको ठूलो स्थान छ । सूरः फातिहाको अनुवाद यसप्रकार छ- "सुरू गर्दछु अल्लाहको नामले जो अति दयावान् कृपावान् छ ।

सबै प्रशंसा अल्लाहका लागि हुन् जो सारा संसारको पालनकर्ता हुन्। (ऊ) उनी दयालु तथा कृपालु छन् । न्यायको दिनको हाकिम हुन् । हे पालनकर्ता हामी तिम्रो नै उपासना गर्दछौ र तिमीसित नै मद्दत माग्दछौं । हामीलाई सही मार्ग देखाऊ, ती व्यक्तिहरूको मार्ग जसमाथि तिमीले आफ्नो कृपा दृष्टि गर्‍यौ, न उनीहरूको मार्ग जसमथि (तिम्रो) रिस प्रकट भयो र जो पथभ्रष्ट थिए ।"

यस सूरःको समाप्तिमा "इमाम" र "मुक्तदी" "आमीन" भन्दछन् जसको भावार्थ हो -

"हे अल्लाह हाम्रो दुआ कबुल गर ।"

सूरः फातिहापछि कुरआन शरीफको कुनै यस्तो आयत (श्लोक) पढ्ने



www.abulhasanalinadwi.org

आदेश छ जुन याद भएको होस् र सजिलैसित सम्झनामा आउने होस्। यसको उद्देश्य यो हो कि यसको अर्थ तथा भाव राम्रो प्रकारले मनमा रहोस् र यसको जरो गहिरो र मजबूत होस्। यसकारणले कि नमाज उपासना पनि हो र शिक्षा पनि। इमाम कुरआन शरीफको कुनै सूर वा कुरआनको केही आयत (श्लोक) पढ्छ। यसपछि इमाम "तकबीर" भन्छ र सबै नमाजीहरू आधा झुक्दछन्। यस स्थितिलाई "रूकुअ" भनिन्छ। यसमा तीन चोटि वा यसभन्दा अधिक पटक "सुब्हान रब्बी यल अजीम" (अर्थ-पवित्र छ, हाम्रो महान् पालनकर्ता) भनिन्छ। अनि इमाम भन्छ- "समिअल्लाहुलिमन् हमिदह्" (अर्थ-अल्लाहले त्यसको सुन्यो जसले उसको स्तुति बयान गऱ्यो)। र, नमाजीहरू केही समयका लागि सिधा उभिएर "रब्बनालकल् हम्द" (अर्थ-हे हाम्रो पालनकर्ता! सबै प्रशंसाहरू तिम्रै लागि हुन्) भन्दछन्। अनि इमाम "अल्लाहु अक्बर" भन्दै सज्दामा जान्छ र "मुक्तदी" हरूले पनि त्यसको अनुकरण गर्दछन्। सज्दामा निधार र नाक भुइँमा हुन्छन्। दुबै हत्केला खुल्ला जमीनमा टेकिएका हुन्छन्। कुहिनाहरू भुईबाट उठेका र छेउमा हुन्छन्। घुँडाहरू भूमिमा टेकिएका हुन्छन्। सज्दामा तीन चोटि वा यसभन्दा अधिक-"सुब्हान रब्बी यल्अला" (अर्थ - मेरो पालनकर्ता सबभन्दा उच्च छ) भनिन्छ। यसपछि "अल्लाह अक्बर" भन्दै विशेष आकृतिमा सिधा बस्दछन्। अनि फेरि "अल्लाहु अक्बर" भन्दै यसै प्रकारले दोस्रो सज्दामा जान्छ। "सज्दा" पूरै नमाजमा अल्लाहको सानिध्यको सबभन्द अन्तिम रूप हो। यो अल्लाहलाई सर्वाधिक प्रिय छ। हदीसमा छ -

"बन्दा (भक्त) आफ्नो पालनर्तासँग सर्वाधिक नजिक सज्दामा हुन्छ। यसैले यसमा खूब दूआ गर।"(अबू-दाऊद)

यसैकारण नमाजीहरूले यस मूल्यवान अवसरलाई उत्तम ठान्दछन् र आफ्नो "हृदय" अल्लाहको सामुन्ने टक्र्याइदिन्छन्।

फेरि दोस्रो "रकअत" को लागि उभिइन्छ। यसको पनि त्यही विधि हो जुन पहिलो रकअतमा अपनाइन्छ। यही तरीकाले अन्य रकअतहरूलाई निर्देशित गर्दछ। हरेक दुई रकअतपछि बस्नु जरूरी छ जसलाई "कअदा" भनिन्छ। यस "कअदा" पछि यदि उभिनु पर्ने रहेछ भने त्यसमा "अत्तहियात"



www.abulhasanalinadwi.org

पढिन्छ जसको अर्थ यस प्रकार छ–

"सबै शान्ति र कृपा तथा पवित्र चीजहरू अल्लाहका लागि नै हुन्। हे अल्लाहको नबी ! तपाईमाथि अल्लाहको कृपादृष्टि तथा शान्ति होस् र त्यसको बरकत (बढिबढाउ) अवतरण होस्। शान्ति होस् हामीमाथि र अल्लाहका असल बन्दा (भक्त) हरूमाथि। म स्वीकार गर्दछु कि अल्लाहको अलावा कोही पूजनीय छैन र म स्वीकार गर्दछु कि मुहम्मद (स.) उसको बन्दा र संदेष्टा हुनुहुन्छ।"

र, जुन "कअदा" पछि सलाम फेर्नुपर्ने हुन्छ त्यसमा यस "दुआ" मा अझ बढाई यो दुआ (दरूद शरीफ) समेत पढ्नु पर्छ–

"हे अल्लाह ! मुहम्मद (स.) र उहाँका परिवारमाथि कृपा दृष्टि अवतरण गर जस्तो कि तिमीले हजरत इब्राहीम र उहाँका खानदानमाथि अवतरण गर्‍यौ। निश्चय नै (तिमी) सर्वगुण सम्पन्न हौ। हे अल्लाह ! "बरकत" (बढिबढाउ) अवतरण गर हजरत मुहम्मद स. र उहाँको खानदानमाथि जस्तो "बरकत" अवतरण गर्‍यौ हजरत इब्राहीम र उहाँको खानदानमाथि। निस्सन्देह तिमी विशेषतासम्पन्न र विद्वत्तासम्पन्न हौ।"

## मोमिनको आत्म विश्वास

अल्लाहको स्तुति एवम् प्रशंसा बयान गरिसकेपछि तथा उसको हक अदा गरिसकेपछि र हजरत मुहम्मद स. को नाममा "दरूद एवम् सलाम" पढिसकेपछि नमाजीलाई पनि यस "सलाम एवम् रहमत[11]" मध्येबाट केही अंश अवश्य प्राप्त हुन्छ जसको लागि ऊ लालायित छ, इच्छुक छ। र, जुन इस्लामको पहिचान तथा मुसलमानहरूको सम्मान एवम् शान्तिको परिचायक हो। ऊ भन्दछ – "अस्सलामुअलैन व आला इबादिल्ला हिस्सालेहीन्" अर्थात् "शान्ति होस् हामीमाथि र अल्लाहका सत्यनिष्ठ

11 दयादृष्टि, कृपादृष्टि



www.abulhasanalinadwi.org

भक्तहरूमाथि।" र, यो थाहा हुन्छ कि नमाजी हरेक ठाउँमा र हरेक युगमा असल मानिसहरूको साथमा हुन्छ। शान्ति एवम् भ्रातृत्व र सुरक्षा एवम् कृपादृष्टिमा ऊ बराबरको अंशियार तथा भागीदार हुन्छ। यस कुराले नमाजीमा आशा र आत्मविश्वास पैदा गर्दछ। निराशालाई निर्मूल पार्दछ। नमाजले नमाजीलाई उम्मद (समुदाय) का अन्य नमाजीहरूका साथ एक "सफ" (पंक्ती) मा खडा गरिदिन्छ र सबैलाई समानतापूर्वक एक बराबरीको स्थान प्रदान गर्दछ।

यसमा नमाजी आफ्नालागि दुआ गर्दछ र नरकको यातनाबाट, कब्र (चिहान) को यातनाबाट, जीवन वा मृत्युका परीक्षाहरूबाट, भूलचुक गल्तीबाट र "मसिहे दज्जाल"[11] को खराबी बर्बादीबाट अल्लाहको शरण चाहन्छ। यसकारण यी चीजहरू यस योग्य छन् कि यिनबाट बच्नका लागि अल्लाहको शरण मागियोस्।

## नमाजको शुभ समापन

नमाज हरेक प्रकारबाट सही तरीकाले अदा गरेतापनि नमाजको समाप्तिमा नमाजीले आफ्नो भूलचूक र अल्छीपनालाई स्वीकार गर्दछ। मानौं त्यसले यो भन्दछ कि मैले तपाईको त्यस्तो उपासना गरिन जस्तो उपासना गर्नु मेरो कर्तव्य थियो। नमाजको समापनमा नमाजीले जुन 'दुआ' पढ्छ त्यसको अनुवाद यस प्रकार छ -

"हे अल्लाह ! मैले आफूमाथि धेरै अत्याचार गरेको छु र तिम्रो अलावा छैन कोही ती पापहरूलाई क्षमा गर्ने। त तिमीले आफ्नो खास कृपादृष्टिबाट मलाई क्षमा गर र ममाथि दया गर। निश्चय नै तिमी क्षमाशील र दयावान् छौ।"

(सहीह् बुखारी)

---

11 इस्लाम धर्म अनुसार कयामतका संकेतहरूमध्ये एक यो कि एक झूठो व्यक्ति संसारमा उदय हुनेछ जसले आफूलाई ईश्वर भनी दाबी गर्नेछ र ईसा अलै पुनः यस संसारमा आई त्यस दुष्ट मसिहे दज्जाललाई कत्तल गर्नेछ। अनि सारा संसारमा इस्लामी इस्लामी कानुन पूर्ण रूपले लागू हुनेछ।



www.abulhasanalinadwi.org

# मुस्लिम समाजमा मस्जिदहरूको महत्त्व र तिनको केन्द्रीय स्थान

नमाजका लागि यस्ता मस्जिदहरू बनाइएका छन् जुन आफ्नो सादापन, गरिमा शान्ति एवम् सुख-चैन, पवित्रता एवम् आफ्नो परिपूर्ण शान्तमय अध्यात्मिक वातावरण र अद्वैतवादको खुल्ला लक्षणमा अन्य धर्महरूको प्रार्थना स्थलहरू (मंदिर, गिर्जाघर, गुरूद्वार, गुम्बा आदि) भन्दा बिलकुल भिन्न छन्। कुरआन शरीफमा अल्लाहको कथन छ -

"(उनीहरू) यस्ता घरहरूमा छन् जसका लागि अल्लाहले आदेश दिएको छ कि तिनको सम्मान गरियोस्, तिनमा उसको (अल्लाहको) नाम लिइयोस् । तिनमा उनीहरूले विहान बेलुका अल्लाहको पवित्रता बयान गर्दछन् । यस्ता व्यक्तिहरू जसलाई न व्यापारले गफलत (लापर्वाही) मा घचेट्दछ न त (खरीद) बिक्रीले । अल्लाहको जिक्र (याद) बाट र नमाज पढ्नबाट तथा जकात दिनबाट । उनीहरू तर्सिरहन्छन् यस्तो दिनबाट जुन दिन मुटु र आँखाहरू पल्टि जानेछन्।" (सूरः नूर - ३६ / ३७)

"र, यो कि मस्जिदहरू (खास) अल्लाहका हुन्। त अल्लाहका साथ अरू कसैको उपासना नगर।" (सूरः जिन्न -१८)

"र, हरेक 'सज्दा' गर्ने ठाउँमा आफ्नो दिशा (रूख) सिधा राख्ने गर र उसलाई (अल्लाहलाई) पुकार्ने गर, धर्मलाई उसैको लागि खास गरेर।"

"हे आदमका सन्तान ! हरेक उपासनाको अवसरमा आफ्नो लुगा लगाइहाल्ने गर।" (सूरः अल्-आराफ :३१)

मस्जिदहरूरू वास्तविक रूपमा मुसलमानहरूको धार्मिक केन्द्र र उनीहरूको शिक्षा-दीक्षा र सुधार एवम् मार्गदर्शनको श्रोत बनिसकेका थिए। यिनमा मुसलमानहरूका सामूहिक एवम् धार्मिक मामिलाहरूको समाधान गरिन्थ्यो । जिन्दगीका विभिन्न क्षेत्रहरूमा उनीहरूलाई निर्देशन दिइन्थ्यो । जब कुनै ठूलो समस्या आइपर्दथ्यो र मुसलमानहरूलाई कुनै नयाँ निर्देशन र पथप्रदर्शन गर्ने जरूरत हुन्थ्यो तब अल्लाहका रसूल हजरत मुहम्मद (स.) ले आदेश दिनुहुन्थ्यो कि मुसलमानहरूमा (टाढा–टाढाका मुसलमानहरूमा)



www.abulhasanalinadwi.org

घोषणा गरियोस् कि आज नमाज मस्जिदे नब्वीमा पढून्।

मस्जिदलाई यो केन्द्रीय एवम् व्यापक स्थान सदैव प्राप्त भइरह्यो। सम्पूर्ण जीवन व्यवस्था यसै किल्लामा घुमिरहन्थ्यो। ज्ञान एवम् मार्गदर्शनको श्रोत, सुधार एवम संदेशका अभियानहरू सबै यसै केन्द्रबाट पैदा हुन्थे र फैलिन्थे। आज पनि यी मस्जिदहरूमा त्यो पुरानो प्रभाव बाँकी छ।

## जुमा : सप्ताहको ईद (महत्त्व र विशेषताहरू)

शुक्रबारका दिन 'जोहर' नमाजको सट्टा जुमाको विशिष्ट नमाज हुन्छ। यसको समय त्यही हो जुन जोहरको हो। यसमा एकातिर यो कमी गरिएको छ कि चार 'रकअत' को सट्टा दुई 'रकअत' नमाज अदा गरिन्छ। अर्कोतिर यो वृद्धि गरिएको छ कि नमाजभन्दा पहिला 'खुत्वा' (अभिभाषण हुन्छ र त्यसपछि नमाज हुन्छ। अल्लाह तआलाको हुकुम छ -

"ए आस्थावान्हरू हो! जब जुमाको दिन अजान पुकारिन्छ तब नमाजको लागि प्रस्थान हुने गर अल्लाहको जिक्र (जप) तर्फ। र, खरीद बिक्री बन्द गर्ने गर। यो तिम्रो हकमा उत्तम छ यदि तिमीले केही बुद्धि विवेक राख्दछौ भने।" (सूरः जुमाअ -९)

हदीसमा छ - "जसले तीन जुमा अल्छीपन र आलस्यका कारणले छोडिदिन्छ, अल्लाहले उसको दिलमा मोहर लगाइदिन्छ।"

जुमाको नमाजका लागि नुहाउने, दतिवन गर्ने (दाँत सफागर्ने), खुशबू लगाउने र बढीभन्दा बढी पवित्रता अपनाउने आदेश छ। यसमा नमाजभन्दा पहिले "खुत्वा' पनि दिइन्छ। हाम्रा नबी (स.) ले जुन खुत्वा दिनुहुन्थ्यो, जुन सम्बोधन गर्नुहुन्थ्यो त्यसमा जीवनका वास्तविकताहरू स्पष्ट रूपमा झल्किन्थ्यो।

खुत्वा धेरै शान्ति र गम्भीरतासाथ सुन्ने आदेश छ ताकि त्यसबाट पूर्ण लाभ प्राप्त हुन सकोस्। खुत्वाको अवधिमा कुराकानी गर्न सख्त मनाही छ। यहाँसम्म कि आफ्नो छेउमा बसिरहेको मानिसलाई पनि



www.abulhasanalinadwi.org

कुराकानी गर्नबाट रोक्न पनि मनाही छ । हदीसमा आउँछ - "जसले जुमाको दिन खुत्बाको समयमा आफ्नो साथीसँग भन्यो कि चुप लाग उसले पनि अधिक र फजूल (फाल्तु) कुरा गऱ्यो ।"

## एक अरबी अभिभाषण (खुत्बा) को अनुवाद

अधिक लोकप्रिय र प्रचलित एउटा अरबी खुत्बाको अनुवाद यहाँ नमुनाको रूपमा प्रस्तुत गरिन्छ -

- सारा प्रशंसा अल्लाहको लागि हो र नबी स. माथि दया होस् । दाजुभाइहरू । तौहीद (अद्वैतवाद) लाई स्वीकार गर । (अल्लाहलाई एकमात्र भएको मान र ऊसँग कसैलाई साझेदार नठान ।) यसकारणले कि तौहीद अल्लाहको सबभन्दा ठूलो आज्ञापालन र सबभन्दा प्रिय कार्य हो । प्रत्येक कार्यमा अल्लाहसँग लाज मान र उसको अदब (आदर) गर, यसकारणले कि यी लाज र अदबको बानी तमाम सत्कर्महरूका आधार हुन् । अल्लाहका रसूल मुहम्मद (स.) को आचरण (सुन्नत) लाई मजबुतीका साथ अपनाऊ, यसकारणले कि "सुन्नत" तरीकामा हिंडेर नै मानिस आज्ञाकारी बन्दछ । र, जसले अल्लाह र रसूलको कुरा मान्नेछ । त्यो सिधा मार्गको यात्री र लक्ष्य प्राप्त गर्ने व्यक्ति हुनेछ । धर्ममा जुन नयाँ नयाँ कुराहरू (विद्अत) गढिएका छन् तिनबाट टाढा बस्नु: यसकारणले कि यसबाट कुमार्गतिर धकेलिने छौं । आफ्नो सारा जीवनमा सत्यमार्ग अपनाऊ किनकि सत्यतामा मोक्ष र असत्यतामा बर्बादी छ । भलाइ र सत्कर्मलाई आफ्नो जीवनमा अंगाल: यस कारणले कि अल्लाहलाई सत्कर्म गर्नेहरू प्रिय छन् । अल्लाहको कृपादृष्टिबाट कहिले पनि निराश नहोऊ किनकि अल्लाह सारा दयावान्हरूमा सबभन्दा बढी दयावान् छ । मायाजालमा नफस्नू जसले गर्दा सबथोक गुमाउनु परोस् । हेर, कसैको तबसम्म मृत्यु आउन सक्दैन जबसम्म कि उसलाई उसको भागको आजीविका (रोजी) नपुगिजाओस् । यसैले अल्लाहको अवज्ञा गर्दै हलाल (



www.abulhasanalinadwi.org

वैध) एवम् हराम (अवैध), जायज एवम् नाजायज तरीकाको रोजी कमाउने प्रयास फजूल (Useless) हो। आफ्नो लक्ष्य प्राप्तिका लागि साधन पनि असल अपनाऊ । अफ्ना कामहरूमा अल्लाहमाथि भरोसा गर, यसकारणले कि उसलाई आफूमाथि भरोसा गर्नेहरूप्रति धेरै चासो छ । 'दुआ' मा कमी नगर यसकारणले कि अल्लाहले सबैको सुन्दछ र सबैको झोली भर्दछ । उसबाट आफ्ना पापहरूको माफीको चाहना गर्दै गर । यसबाट तिम्रो सम्पत्ति एवम् सन्तानमा बरकत (बढिबढाउ) हुनेछ । कुरआन शरीफमा अल्लाह तआलाको हुकुम छ - "तिम्रा पालनकर्ताले भनिदिएको छ कि मसँग माग, म कबूल गर्छु। निस्सन्देह जुन व्यक्तिहरूले मेरो बन्दगी (गुलामी) स्वीकार गर्नमा घमण्ड गर्दछन् र तिनीहरूको शानमा दाग लागेको ठान्दछन्: तिनीहरू नर्कमा अपमानित भएर जानेछन्।" (सूर: अल् मुअमिन -६०)

अल्लाहले म र तपाईहरू सबैलाई कुरआनको खजानामध्येबाट बढीभन्दा बढी प्रदान गरून् तथा म तपाईहरू सबैलाई कुरआनका आयतहरू र त्यसका उपदेशहरूबाट लाभ पुऱ्याऊन् । म आफ्नो र तपाईहरू सबैका लागि र तमाम मुसलमानहरूका लागि अल्लाहले क्षमा गरून् भन्ने दुआ गर्दछु। तपाईहरू पनि ऊसँग क्षमा याचना गरिरहनुहोस्। निस्सन्देह ऊ ठूलो क्षमाशील र दयालु छ।

## नमाजहरू भिन्दा-भिन्दै छन् र नमाजीहरूको दर्जा पनि भिन्न भिन्न छ

नमाज कुनै सुखा काठ वा फलामको साँचो (अर्थात् कुनै विशिष्ट बस्तु निमार्ण गर्न प्रयोग गरिने मेशीन) जस्तो बाँधिएको तथा वृद्धि हुन नसक्ने सीमित चीज होइन जसमा सबैको उपासना क्षमता समान होस् र हरेक उपासक (नमाजी) ले एक सतहमा रहन बाध्य हुनुपरोस्। यथार्थमा यो एक बहुत ठूलो र व्यापक मैदान हो जहाँ नमाजी एक स्थितिदेखि दोश्रो स्थितिसम्म तथा यस लीनता एवम् तन्मयताको उत्तरोत्तर खुड्किलामा एक खुड्किलादेखि दोश्रो खुडकिलासम्म, दोश्रोदेखि तेश्रो, चौथो, पाँचौ .......



www.abulhasanalinadwi.org

यसरी सफलताको चुचुरोसम्म पुग्दछ । नमाजमा नमाजी अल्लाहको सानिध्यमा यति तन्मय र मग्न हुन्छ कि ऊ यस चुचुरोलाई पनि नाघेर अन्तरध्यानको अनन्ततामा पुग्दछ...... यस्तो अन्तरध्यान जसको अन्त नै छैन । ऊ आफूमै बिलाएर अल्लाहको समीप भइसकेको हुन्छ । वास्तवमा यो एक यस्तो अन्तरध्यान हो जुन व्यक्तिको आस्था र क्षमतामा भर पर्दछ ।

संवेदनहीनता, लापर्वाही र अज्ञानताको हालतमा अदा गरिएको नमाजले वास्तविक अर्थमा अदा गरिएको नमाज जुन एक एक शब्दलाई सम्झी बुझी र त्यसको गहिराइमा पुगेर अदा गरिएको हुन्छ, को मुकाबिला गर्न सक्दैन ।

कुरआन शरीफमा नमाजहरूको उल्लेख दुई प्रकारले गरिएको छ - एक बिनामहत्त्व वा खराबीयुक्त नमाज र दोश्रो महत्वपूर्ण वा असल गुणयुक्त नमाज । अल्लाह तआलाको हुकुम छ - "यो ठूलो खराबी हो त्यस्ता नमाजीहरूका लागि जसले आफ्ना नमाजलाई भुलाउँदछन् । र, जो यस्ता छन् कि आडम्बर (देखावटी) गर्दछन् तथा तुच्छ चीजहरूसम्मलाई रोकी राख्दछन् ।"

(सूरः माऊन : ४—७)

अर्को प्रकारको नमाजको उल्लेख गर्दै हुकुम हुन्छ- "निश्चय नै (त्यस) मोमिनले सफलता प्राप्त गर्‍यो जो आफ्नो नमाजमा नम्रता राख्नेवाला हो ।" (सूरः मुअमिनून्: १-२)

यसैप्रकार हजरत मुहम्मद (स.) ले पनि दुई प्रकारका नमाजको उल्लेख गर्नु भएको छ- पहिलो नम्रता, विनय र तन्मयता (लगन) भएको नमाज र अर्को असावधानीपूर्ण एवम् लापर्वाहीयुक्त अपूर्ण नमाज । अल्लाहको रसूल मुहम्मद (स.) ले व्यक्त गर्नु भएको छ- "जो कोही मुसलमानले पनि राम्रो तरीकाले वजू गर्दछ अनि खडा भएर दुई रकअत नमाज अदा गर्दछ र आफ्नो दिल तथा अनुहार दुवैका साथ नमाजमा तल्लीन (मग्न) रहन्छ उसको लागि जन्नत (स्वर्ग) अनिवार्य हुन जान्छ ।"

(मुस्लिम)

अर्को प्रकारको नमाजको बारेमा वहाँले भन्नु भयो - "मनुष्य नमाजबाट निवृत्त पनि भइहाल्छ (अर्थात् नमाज अदा पनि गरिहाल्छ) र



www.abulhasanalinadwi.org

उसलाई उसको नमाजको दशौं भाग मात्र नसीब (प्राप्त) हुन्छ, कहिलेकाही नवौं, आठौं, सातौं, छैठौं, चौथाइ, तिहाइ र आधा। "(मुस्लिम)

अल्लाहको रसूल नमाज अन्य नमाजीको अपेक्षा मुहम्मद (स.) को नमाजसँग सबभन्दा बढी मिल्दो-जुल्दो र नजिकको थियो। यसैले हजरत मुहम्मद (स.) ले अन्तिम समयमा हजरत अबू बक्रलाई आफ्नो स्थानमा इमामतको आदेश दिनुभयो।

मानिसहरूको दर्जा र स्थानको सही अनुमान जति नमाजबाट हुन सक्छ त्यति अन्य कुनै चीजबाट हुन सक्दैन। नमाज नै सही मापदण्ड हो जसले मनुष्यको धर्म र इस्लाममा उसको स्थानको अनुमान लगाउन सकिन्छ।

## जकातः इस्लामको दोस्रो स्तम्भ

कुरआन शरीफमा सूरः तौबाको एघारौं आयत (श्लोक) मा अल्लाहको हुकुम छ :-

"तर, यदि उसले तौबा (प्रायश्चित) गरिहाल्यो र नमाज कायम गरिहाल्यो तथा जकात दिन थाल्यो भने ऊ तिम्रो दाजुभाइ (बन्धु-बान्धव) बन्न जानेछ।"

## इस्लाममा जकातको महत्व र त्यसको कानूनी हैसियत

कुरआन शरीफमा नमाजसँगै जकातको उल्लेख हरेक ठाउँमा भएको पाइन्छ। यसका अलावा मुसलमानहरूको गुण जहाँ बयान गरिएको छ त्यहाँ त्यहाँ नमाज र जकातको कुरा पनि एकसाथ गरिएको छ। उहाँको कथन छ इस्लामको आधार पाँच चीजमा छ :

(१) यस कुराको गवाही दिनु कि अल्लाह बाहेक कोही पूजनीय छैन,

(२) नमाज कायम गर्नु,

(३) जकात दिनु,



www.abulhasanalinadwi.org

(४) हज गर्नु,

(५) रम्जानको रोज राख्नु।

उहाँसँग प्रश्न सोधियो - "इस्लाम के हो ? "उहाँले जवाफ दिनु भयो, "अल्लाहको उपासना गर र उसको एकत्वमा कसैलाई शरीफ नगर। 'फर्ज' नमाज कायम गर, 'जकात' अदा गर र रम्जानको रोजा (व्रत) राख।"

## इस्लामको आर्थिक व्यवस्थाको आधारभूत स्वरूप : हरेक चीज खुदा[12] को स्वामित्वमा

कुरआन शरीफले सम्पूर्ण मानवीय मामिलाहरूलाई अल्लाहलाई सुपुर्द गरिदिएको छ। मनुष्यलाई एक चीजको मात्र जिम्मेवार बनाएको छ। त्यो चीज हो खिलाफत (प्रतिनिधित्व) को अधिकारी। अल्लाहको हुकुम छ-

"र, अल्लाहको त्यस सम्पत्तिमध्येबाट पनि उनीहरूलाई देऊ जुन उसले तिमीलाई प्रदान गरेको छ।" (सूर: नूर-३३)

"र, जुन सम्पत्तिमा उसले तिमीलाई अरूको उत्तराधिकारी बनाएको छ त्यसबाट खर्च गर।" (सूर: हदीद-७)

"तिमीलाई के भएको छ, तिमी अल्लाहको मार्गमा खर्च गर्दैनौ, यस हालतमा कि आकाश, जमीन सबै अन्त्यमा अल्लाहको नै भएर रहनेछन्।" (सूर: हदीद-१०)

यस वस्तुस्थितिको माग बरू प्राकृतिक नतीजा यो हो कि मनुष्य आफ्नो हरेक स्वामित्वबाट अलग होओस् र उसलाई आफ्नो जग्गा-सम्पत्तिमा अलिकति पनि उपयोगको अधिकार बाँकी नरहोस्।

## सम्पत्तिमाथि मानवीय अधिकारको वास्तविकता

तर अल्लाहको दया र तत्त्वदर्शिताले मनुष्यका साथ यो बर्ताब गरेको छैन। यदि यस्तो भएको भए पनि यो कुनै आश्चर्यको कुरा हुन्थेन।

12 अल्लाहको सट्टा 'खुदा' शब्दको प्रयोग गरिन्छ। अंग्रेजीमा God



www.abulhasanalinadwi.org

किन्तु यसबाट मानव आत्मविश्वास, साहस, लगनशीलता, उमंग, प्रगतिको सामार्थ्य, नयाँ कुरा पत्ता लगाउने जिज्ञासा र संक्षेपमा जीवनका ती आनन्द रसास्वादनहरूबाट बञ्चित रहन जान्छ जुन सन्तानहरूलाई आफ्ना तथा घर एवम् आफ्ना मातापिताका चीजहरूलाई आफ्नो भन्नबाट प्राप्त हुन्छ। यदि मानव यस भावनाबाट बञ्चित भयो भने त्यो निष्ठा, प्रेम एवम् सद्भावना आदि र धन-सम्पत्तिको सुरक्षा तथा तिनको उन्नति गर्ने जोश-उमंगबाट वञ्चित रहन जानेछ। मानवीय अस्तित्व एवम् विकासका लागि यी चीजहरू अपरिहार्य छन्। यदि जीवनमा नयाँ नयाँ कुरा पत्ता लगाउने उमंग र आफ्नो हुने भावना नभएको भए यो संसार एउटा ठूलो कारखाना बनेर रहने थियो जसमा मनुष्य मेशीनको लाटो, बहिरो कलपूर्जाहरू जस्तै सक्रिय हुने थियो। न उसमा दिल हुने थियो न आत्मा, न सन्तुष्टि न रस। जीवन नीरस भएर रहने थियो। त्यसैले कुरआन शरीफमा सम्पत्तिलाई मानवमा समर्पित गर्ने कुरा बारम्बार भनिएको छ। भनिएको छ-

"र, आपसमा एक अर्काको सम्पत्ति नाजायज रूपमा नखाऊ, नउडाऊ र न त्यसलाई अधिकारीमा (Officers) सम्म पुऱ्याऊ जसले गर्दा मानिसहरूको धनको एक भाग तिमीले गलत तवरबाट खाइहाल, कि तिमीले जानिरहेका छौ।"[13] (सूरः बक्र- १८८)

## जकातको एक निश्चित, विशिष्ट र व्यापक व्यवस्थाको आवश्यकता

जब इस्लामी समाजको पूर्ण विकास भइसक्यो, हरेक दृष्टिकोणबाट त्यसमा परिपक्वता आइसक्यो, त्यो एक यस्तो विशाल समाज बनिसक्यो जसमा धनी पनि थियो र निर्धन पनि; मध्यम वर्गीय व्यक्तिहरू पनि थिए र लोभी पनि; उदार-दानी पनि थिए तथा कञ्जुस एवम् स्वार्थी पनि र यी दुवैको बीचवाला मानिसहरू पनि। एकातिर पक्का ईमान भएकाहरू पनि थिए

13 अर्थात् जानिजानी कसैको सम्पत्ति हडप्ने उद्देश्यले अधिकारीसम्म पुगेर आफ्नो चतुऱ्याईंका कारणले सम्पत्ति हडप्न सफल हुन्छौ भने पनि त्यो कदापि जायज होइन। त्यसमा पूरा सम्पत्तिको एक अंश मात्र प्राप्त गरेपनि त्यो नाजायज नै हो।



www.abulhasanalinadwi.org

जसले ठूलाभन्दा ठूला खतराहरू मोल्न सक्थे र अर्कोतर्फ कमजोर ईमान भएका मानिसहरू पनि थिए। अल्लाहको ठूलो दया र तत्वज्ञान थियो कि उसले यस्तो विविध समूहहरू बसेका समाजका लागि एक यस्तो स्पष्ट एवम् निश्चित मापदण्ड (निसाव) निर्धारित गरिदियो जसको मात्रा, संख्या, सिद्धान्त एवम् शर्त, विशेषता एवम् संकेतहरू सबै पूर्ण रूपमा स्पष्ट र निर्धारित (determined) छ। यो दर (निसाव) न त्यति अधिक छ कि मध्यम-वर्ग यसको बोझबाट कठिनाइ महसूस गरोस् न यति कम छ कि साहसी तथा उदार धनी व्यक्तिहरूको नजरबाट गिरोस्। यसको दर निर्धारणलाई न कसैले राय-सल्लाह वा व्यक्तिगत साहस वा हौसलामाथि छोडिएको छ न यसलाई मानवीय जोश स्फूरणलाई सुपुर्द गरिएको छ जसमा उतार-चढाव एवम् ज्वारभाट जहिले पनि भइरहन्छ। यसलाई कानूनका निर्माता र विद्वान्हरू अथवा शासकहरूलाई पनि सुपुर्द गरिएको छैन। कारण के भने यिनीहरूमाथि पनि पूरा भरोसा गर्न सकिँदैन र यिनीहरू पनि लोभ-लालचबाट मुक्त छैनन्। यी सबै कुराहरूलाई ध्यानमा राख्दै जकात आफ्नो मापदण्ड(निसाव) एवम् मात्राका साथ फर्ज (अनिवार्य) गरिएको छ।

## जकात कुन कुन वस्तुमा अनिवार्य छ र यसको दर निर्धारणमा के तत्वदर्शिता निहित छ ?

हाम्रो नबीले जकातको मात्रा निर्धारण गरिदिनु भएको छ र ती चीजहरूलाई पनि निर्धारण गरिदिनु भएको छ जसमा जकात आवश्यक छ। उहाँले यो पनि बताइदिनु भएको छ कि जकात कस-कसमाथि अनिवार्य हुनेछ। उहाँले यी चीजहरूलाई चार भागमा विभाजन गर्नु भएको छ। यी चार यस्ता छन् जसमा लगभग हामी सबैको सम्बन्ध छ - (१) खेती एवम् बगैंचा, (२) पशु - उँट, गाई, बाख्रा आदि, (३) सुन-चाँदी आदि, (४) व्यापारको सम्पत्ति।

आफ्नो तमाम किसिम र क्षेत्रका साथ जकात वर्षमा एकचोटि फर्ज (अनिवार्य) छ। खेती अथवा बगैंचाको साल त्यस समय पूरा भएको मानिनेछ जब फसल (बाली) पाक्नेछ। यदि जकात प्रत्येक महिना वा प्रत्येक सप्ताह दिनुपरेको भए यो धनीहरूका लागि ठूलो घाटा हुन सक्थ्यो र यदि जीवनमा



www.abulhasanalinadwi.org

एकचोटि मात्र आवश्यक भएको भए यसको घाटा दीन-दु:खीहरूलाई उठाउनु पर्थ्यो। यसैले यो प्रत्येक वर्ष अदा गर्न भनिएको छ । जकातको मात्राको निर्धारण सम्पत्ति मालिकहरूको मेहनत, प्रयास र उनीहरूको सुविधा तथा परिश्रमलाई सामुन्ने राखेर गरिएको छ। अतएव जुन सम्पत्ति मानिसलाई अचानक र एकैचोटि प्राप्त हुन्छ (जस्तै उत्खननबाट प्राप्त धन) त्यसका लागि वर्ष बित्ने प्रतीक्षा गरिँदैन। जुन बेला उसले धन प्राप्त गर्नेछ त्यसै बेला त्यस धनको पाँचौ भाग उसमाथि अनिवार्य (वाजिब) हुनेछ। हो, कुनै चीजको प्राप्तिमा स्वयम् उसको परिश्रम र कोशिश सम्मिलित छ भने उसमाथि दशौं भाग अनिवार्य हुनेछ। जस्तै ती खेतहरू वा बगैंचाहरू आदि जसको जोत्ने र बुन्ने वा रोप्ने काम त उसले स्वयम् गर्दछ परन्तु त्यसको सिंचाइ उसले गर्नुपर्दैन, न त उसलाई इनार खन्नु र पानी झिक्न घिर्नी (Pulley) आदि लगाउनु पर्छ, बरू वर्षाको कुनै अन्य साधनबाट भइहाल्छ। हो, कोही व्यक्तिले बाल्टिन अथवा कुनै अन्य साधनबाट त्यसको सिंचाइ गर्दछ भने त्यसमाथि बीसौं भाग अनिवार्य (वाजिब) हुन्छ। यदि कुनै यस्तो काम छ जसको वृद्धि मालिक (Owner) को मेहनतमा निर्भर हुन्छ र त्यसको रेखदेख एवम् सुरक्षाको जिम्मेवारी उसमाथि छ भने त्यसमाथि चालिसौं भाग वाजिब हुनेछ । नगदका लागि दुई सय दिरहम र सुनको लागि बीस मिस्काल ।[14] खाद्यान्न सम्बन्धी वस्तुहरू र फलफूलहरूका लागि पाँच "वसक" (जुन उँटको पाँच पटकको भारीको बराबर हुन्छ); बाखाको लागि चालीस बाखाहरू ; गाईका लागि तीस, उँटका लागि पाँच निर्धारण गरिएको छ।

---

[14] हाम्रो नबीको जमानामा एक मिस्काल एक दिनारको बरार थियो र एक दिनार दश दिरहमको बराबर। यसप्रकार बीस मिस्काल (बीस दिनार) दुई सय दिरहम बराबर भयो। दुई सय दिरहम साढे बाउन्न तोला चाँदीको बराबर हुन्छ। बीस मिस्काल (वा बीस दिनार) साढे सात तोला सुनको बराबर ठानिएको छ।



www.abulhasanalinadwi.org

## जकात कसका लागि ?

जकातको हकदारको बारेमा अल्लाह तआलाले सूर: 'बराअह्' को आयतमा बयान गरेको छ-

"सदका[15] त केवल गरीबहरू र मोहताज (दीन-दु:खी) हरू तथा कार्यकर्ताहरूको भाग (हक) हो जो त्यसमा कार्यरत छन्, निज जसलाई हौसला बढाउनु छ । र, सदका खर्च गरियोस् गुलामलाई स्वतन्त्र गर्नुमा, ऋणीहरूको ऋण चुक्ता गर्नुमा र अल्लाहको मार्गमा तथा यात्रीहरूको सहयोग गर्नमा । यी सबै फर्ज (अनिवार्य) हुन् अल्लाहको तर्फबाट र अल्लाह ठूलो ज्ञानी छ तथा ठूलो तत्त्वज्ञानवाला (हिक्मतवाला) छ ।"

हौसला बढाउनुको तात्पर्य त्यसको लागि हो जो भर्खर भर्खर मुसलमान भएको छ र त्यसलाई आर्थिक तथा सामाजिक संरक्षणको जरूरी छ ।

## जकात कर वा जरिवाना होइन उपासना हो

जकात कुनै कर, जरिवाना वा सरकारी माग होइन । यो नमाज, रोजा (व्रत) जस्तै उपासना हो । यो अल्लाहको सामिप्यता हासिल गर्ने एक साधन हो । यसको पालना गर्नु वा अदा गर्नुमा एहसान (उपकार) तथा घमण्डको भावना हुनु हुँदैन र आफूलाई ठूलो ठान्नु हुँदैन । बरू यसप्रति विनम्र हुनु पर्दछ र आफ्नो सट्टा जकात लिनेहरूप्रति आभारी हुनु पर्दछ । जकातका हकदार व्यक्तिहरूको खोजी स्वयम् गर्नु पर्दछ । यो पनि उत्तम मानिएको छ कि कुनै एक स्थानका सम्पन्न मानिसले जकात निकालेर त्यहीं गरीबहरूमा वितरण गरोस् । त्यस समुदाय वा क्षेत्रमा जकात लिने योग्य नपाइएमा अन्यत्रका गरीब-गुरूवाहरूमा वितरण गर्नु अलग कुरा हो ।

कुरआनमा जकातको जति प्रशंसा गरिएको छ ब्याजको त्यति नै निन्दा गरिएको छ । ब्याज इस्लाम धर्ममा हराम (अबैध) छ ।

---

15 सद्का एक किसिमको दान हो जुन धन सम्पत्तिको हरेक स्वामीमाथि अनिवार्य छ । यहाँ चर्चा गरिएको 'सद्का' एक किसिमको 'जकात' नै हो । सद्का पनि थरि-थरिका छन् । सबैको महत्त्व फरक फरक छ ।



www.abulhasanalinadwi.org

## आवश्यकताभन्दा अधिक सम्पत्ति दान गर्ने प्रेरणा

हाम्रो नबीले सम्पत्ति खर्च गर्ने अर्थात् दान गर्ने उम्मत (समुदाय) लाई यस्तो प्रेरणा र दिव्योपदेश दिनु भएको छ कि जसलाई पढेर विचार आउन थाल्छ के भने आवश्यकताभन्दा अधिक धनमा शायद मानिसको कुनै अधिकार नै छैन । निम्न लिखित हदीसहरूलाई पढेपछि एक व्यक्तिले जब आफ्नो जिन्दगीको जाँच पडताल वा निरीक्षण गर्दछ। र, त्यस आराम र सुख सुविधालाई देख्छ जुन उसलाई प्राप्त छ तब उसलाई ठूलो कठिनाइ महसूस हुन्छ। उसलाई हरेक चीज आवश्यकता भन्दा अधिक महसूस हुन थाल्दछ। यो सुन्दर वस्त्र, किसिम किसिमका खानाहरू, विश्राम, सवारीहरू र जीवनमा सुख-सुविधाको साधनको वाहुल्यता उसलाई गलत र अनुचित नजर आउँछ। यद्यपि यो केवल प्रेरणाको कुरा हो; इस्लामी कानूनको आदेश र कानूनको कुरा होइन। तर हाम्रो नबी (स.) को आचरण र तरीका यही थियो। उहाँबाट हुकुम भयो -

"जोसँग एक सवारी अधिक छ (त्यसले) जोसँग एउटा पनि सवारी छैन त्यसलाई दिइहालोस् । जोसँग एक खाजा[16] बढी छ त्यसले उसलाई दिइहालोस् जोसँग खाजा छैन।" (अबू-दाऊद)

"जोसँग दुई व्यक्तिको खाना छ, उसले तेस्रोलाई पनि खाना खुवाओस् र जोसँग तीन जनाको खाना छ उसले चौथोलाई समावेश गरोस्।
(तिर्मिजी)

"ममाथि ईमान ल्याएन त्यस व्यक्तिले जो पेट भरेर रातभरि सुतिरह्यो र उसको छिमेकी भोको रह्यो जबकि उसलाई यस कुराको खबर थियो।"
(तबरानी फिल-औसत)

अर्को हदीसमा छ कि एक व्यक्ति हाम्रो नबी (स.) कहाँ आएर भन्यो, "हे अल्लाहको रसूल (स.) । मलाई लुगा पहिराउनुहोस्।" उहाँले भन्नु भयो, "के तिम्रो कुनै यस्तो छिमेकी छैन जोसँग दुई जोडा बढी होस् ?" उसले उत्तर

16 अर्थात एक पटकमा खाने जतिको नास्ता



www.abulhasanalinadwi.org

दियो, "एकभन्दा बढी छ।" पुनः उहाँले भन्नु भयो, "त्यसो भए अल्लाहले स्वर्गमा उसलाई र तिमीलाई एकसाथ नगरून्।" (तब्रानी)

## इस्लामको दृष्टिमा मानवीय मूल्य एवम् मान्यता तथा सहृदयताको महत्त्व

हाम्रो नबी (स.) ले मनुष्यको दर्जा र उसका आवश्यकताहरूको पूर्ति तथा सहृदयतालाई सर्वोत्कृष्ट महत्त्व दिनुभयो। प्रसिद्ध हदीस कुद्सी[17] छ- "अल्लाहले क्यामतको दिन आफ्ना भक्तहरूसँग भन्नेछ कि म विरामी भएँ तिमी मेरो सेवा सुसार गर्न आएनौ।" उसले भन्नेछ, "हे पालनकर्ता! म कसरी हुजरको सेवा सुसार गर्न आउँथे ? हजुर त सारा संसारको पालनकर्ता होइबक्सन्छ।" अल्लाहतआलाले भन्ने छ, "तिमीलाई थाहा थिएन कि मेरो 'फलानो' भक्त विरामी छ ? तर, तिमी उसको सेवा सुसार गर्न गएनौं। यदि तिमीले उसको सेवा सुसार गरेको भए उसको स्थानमा मलाई पाउने थियौ। ए आदमका सन्तान! मैले तिमीसँग खाना मागेको थिएँ, तिमीले मलाई खाना दिएनौ।" उसले भन्नेछ, "हे पालनकर्ता! मैले कसरी हजूरलाई खाना दिन्थें ? हजुर त सारा संसारका पालनकर्ता होइबक्सन्छ ?" अल्लाह तआलाले भन्नेछ "तिमीलाई खबर थिएन कि मेरो फलानो भक्तले तिमीसित खाना मागेको थियो ? तर, तिमीले उसलाई खाना दिएनौं। यदि तिमीले उसलाई खाना खुवाएको भए त्यो खाना मकहाँ पुगिहाल्थ्यो। ए आदमको सन्तान ! मैले तिमीसँग पानी मागें, तिमीले मलाई पानी पिलाएनौ।" उसले भन्नेछ - "हे पालनकर्ता। मैले हजूरलाई कसरी पानी पिलाउने थिएँ ? हजूर त सारा संसारका पालनकर्ता होइबक्सन्छ।" अल्लाह तआलाले भन्नेछ, "मेरो फलानो भक्तले तिमीसित पानी माग्यो तर तिमीले उसलाई पानी दिएनौ। यदि तिमीले उसलाई पानी पिलाएको भए उसलाई मसँग पाउने थियौ।" (मुस्लिम)

---

17 त्यो हदीस जुन अल्लाह तआलाको वाणीलाई नक्कल गर्दै पैगम्बर मुहम्मद स. ले बोल्नु भयो। यसलाई विशेष महत्व प्राप्त छ।



www.abulhasanalinadwi.org

हाम्रो नबी (स.) को कथन छ - "तिमीमध्ये कोही त्यसबेलासम्म पूर्ण मुसलमान हुन सक्दैन जबसम्म कि आफ्नो दाजुभाइका लागि पनि त्यही नचाहोस् जुन आफ्नालागि चाहन्छ।" (बुखारी)

## रोजा : इस्लाको तेस्रो स्तम्भ (रोजाको आदेश र त्यस सिलसिलाका आयतहरू)

मसुलमानहरूमा रोजा हिजरतपछि त्यस बेला फर्ज (अनिवार्य) गरियो जब कठिनाइहरूको बादल हटेर गयो। गरीबी र दरिद्रताको समय समाप्त भयो र मुसलमानहरूले मदीनामा चैनको श्वास लिए। उनीहरूको जिन्दगी आरामसित व्यतीत हुन थाल्यो। यस्तो सम्भवत: यसकारणले भयो कि यदि कठिनाइका दिनहरूमा रोजाको आदेश अवतरण भएको भए धेरैजसो मानिसहरूले यसलाई मजबुरी र आर्थिक विपन्नताको सम्झने थिए र यो महसुस गर्ने थिए कि रोजा केवल गरीब र पीडित मानिसहरूको लागि हो। धनी एवम् सम्पन्न व्यक्तिहरू जो बगैंचा र जग्गा-जमीनहरूका मालिक हुन्, तिनीहरूका लागि होइन।

कुरआन शरीफमा सूर: बक़:को आयत १८३-१८५ मा रोजाको आदेश अवतरण भयो।

"ए आस्था राख्नेहरू हो। तिमीहरू माथि रोजा फर्ज (अनिवार्य) गरिएको छ जस्तो ती मानिसहरूमाथि फर्ज गरिएको थियो; जो तिमीहरूभन्दा पहिलेका मानिसहरू थिए ताकि तिमीहरू परहेजगार (अल्लाहसँग डर मान्ने) बन्न सक। (त्यो रोजा गणनाको हिसाबले केही दिनको मात्र हो।) अनि तिमीहरूमध्ये बाट जुन व्यक्ति बिरामी छ वा यात्रामा छ भने त्यस व्यक्तिले अन्य दिनहरूमा गणना पूर गरिहालोस् र जुन व्यक्तिले त्यसलाई कठिनाइपूर्वक सहन गर्न सक्दछ भने त्यसको लागि 'फिद्या[18]' छ। यो एक जना गरीबलाई खाना (खुवाउनु) हो र जसले खुशी खुशी असल कार्यहरू गर्दछ उसको हकमा (पक्षमा) राम्रो छ। र, यदि तिमीले जान्दछौ भने तिम्रो हकमा पनि उत्तम छ कि तिमीले रोजा राख। रमजानको महिमा त्यो हो



www.abulhasanalinadwi.org

जसमा कुरआन अवतरण गरियो । यो मनुष्यहरूका लागि मार्गदर्शन हो, यसमा खुल्ला तर्क छ; मार्गदर्शन र सत्य असत्यलाई अन्तर गर्ने खुल्ला तर्क छ । यसकारणले तिमीहरूमध्येबाट जसले यस महिनालाई प्राप्त गर्छ अनिवार्य छ कि उसले महिनाभरि रोजा राखोस् र जोकोही बिरामी छ वा यात्रामा छ भने त्यस व्यक्तिले अन्य दिनहरूमा गणना पूरा गरिहालोस् । अल्लाह तिम्रो पक्ष (हक) मा सुविधा चाहन्छ, तिम्रो पक्षमा कठिनाइ चाहँदैन । यो चाहन्छ कि तिमीले गणना पूरा गरिहाल र यो कि अल्लाहको प्रशंसा गर्दै गर र यस कुरामा कि उसले तिमीहरूलाई मार्ग देखाइदियो ताकि तिमी आभारी होऊ ।"

यी आयत (श्लोक) हरूले ईमान, अकीदा (आस्था), बुद्धि, आत्मा, दिल एवम् उत्साह सबैलाई एकसाथ पुकार्दछन् र शक्ति प्रदान गर्दछन् । केवल कानूनको पालनका लागि होइन सहर्ष रोजाको स्वागतको लागि वातावरणलाई अनुकूल बनाउँदछन् । रोजाको यो आदेश कुनै यस्तो चीज होइन जसको उद्देश्य अकारण कठिनाइ र परीक्षामा हाल्ने होस् । यो साधना, प्रशिक्षण, सुधार र शुद्धताका लागि हो । यो वास्तवमा नैतिक शिक्षा निकेतन हो जहाँबाट मनुष्य परिपूर्ण भएर यस प्रकार निस्कन्छ कि जहाँ इच्छाहरूको लगाम उसको हातमा हुन्छ । इच्छाहरूले उसमाथि शासन गर्दैन बरू ऊ नै इच्छाहरूमाथि शासन गर्दछ । जब उसले अल्लाहको आदेशबाट जायज र पवित्र चीजहरूलाई त्यागिदिन्छ भने वर्जित चीजहरूबाट बच्ने प्रयास किन गर्दैनन् ? जुन व्यक्तिले चिसो-मीठो पानी र पवित्र वा स्वादिष्ट खानालाई ईश्वरको आज्ञापानमा छोड्न सक्छ भने उसले हराम (वर्जित) तथा अपवित्र चीजहरूतिर दृष्टि उठाएर कसरी स्वीकार गर्न सक्छ ? र, यही नै "लअल्लकम् ताकिलून" -अर्थात् "ताकि तिमी अल्लाहसँग तर्सने बन" भन्ने कुरआनी वाक्यांशको भावार्थ हो ।

माथि भनिसकिएको छ कि महिनाहरूको गणनालाई बढी नसम्झ । वास्तवमा यो त केही दिनको गणना हो जुन चाहिँ हेर्दा हेर्दै समाप्त हुन्छ ।

---

18 मुआब्जा, जरिवाना, बदला,



www.abulhasanalinadwi.org

## रोजा के हो ?

इस्लामी रोजा (व्रत), चलनचल्तीमा भएको धार्मिक व्रतका दिनहरू र खानपिन त्यागने ती तरीकाहरूबाट जो शारीरिक सुरक्षा र उपचारको जरूरतका लागि अपनाइन्छ, बाट बिलकुल पृथक छ। इस्लामी रोजामा कुनै आहार र पेय पदार्थ यहाँसम्म कि औषधि खानु पनि मनाही छ। आहार र खानपिनमा कुनै किसिमको कुनै पनि चीजलाई विशिष्ट स्थान प्राप्त छैन। जस्तो कि यो भन्न सकिदैन कि अन्न मनाही छ र फलफूल जायज छ वा कागती र नूनका साथ पानी अथवा केवल पानी जायज छ। यस किसिमका कुनै पनि चीजबाट रोजा समाप्त हुन्छ। र, यदि यस्तो काम जानीबुझी गर्‍यो भने त्यसको जरिवानाको रूपमा लगातार ६० दिनको रोजा राख्नुपर्ने हुन्छ। यदि मानिसहरूलाई रोजा रहेको थाहा थिएन भने उसले केही खायो वा पियो भने पनि उसको रोजा समाप्त हुँदैन।

## रोजाका विशेषताहरु र तिनको महत्त्व एवम् आदेश

इस्लाममा रम्जानको पूरा महिमा जसमा कुरआन अवतरण भएको छ, रोजाको लागि निश्चित छ। रम्जानका दिनहरूमा रोजा राख्ने आदेश छ र राति खानपिनको आज्ञा छ। हजरत अबू हुरैरः ले व्यक्त गरेको कुरा नबी स. बाट हुकुम भएको छ, "आदमका सन्तानको प्रत्येक कर्मलाई कैयौं गुणाले वृद्धि गरिन्छ। पुण्य (नेकी) लाई दश गुणादेखि सात सय गुणासम्म बढाइदिन्छ। अल्लाहबाट हुकुम हुन्छ कि सिवाय रोजाको यसकारणले कि निसन्देह त्यो खास मेरो लागि हो र मैले नै त्यसको बदला दिनेछु, मेरो लागि आफ्नो चाहना र खानापिना त्यागीदिन्छ। रोजेदारका लागि दुई खुशी छन्- एक इफ्तारको बेला र अर्को आफ्नो पालनकर्तासँग भेटघाटको समय। र, निसन्देह रोजेदारको मुखको दुर्गन्ध अल्लाहनिर खुशबू (बासना) भन्दा बढी असल र पवित्र छ।" (मुस्लिम)

सहल बिन साद (रजि.) व्यक्त गर्नुहुन्छ कि अल्लाहको रसूल (स.) बाट



www.abulhasanalinadwi.org

हुकुम भयो, "स्वर्गमा एउटा ढोका छ जसको नाम 'रय्यान' हो । यस (ढोका) मा केवल रोजेदार (व्रत बसेका) हरूलाई डाकिने छ । जो रोजेदारहरूमध्ये बाट हुन्छ त्यही त्यसमा प्रवेश गर्नेछ। जो त्यसमा प्रवेश हुनेछ त्यो कहिले पनि प्यासा हुनेछैन।"

## रोजालाई रम्जानसँगै किन जोडियो ?

अल्लाहले रम्जान महिनामा रोजा फर्ज (अनिवार्य) गर्नाका केही कारणहरू छन्। सबभन्दा ठूलो कारण के हो भने रम्जान नै त्यो महिना हो जसमा कुरआन शरीफ अवतरण भयो र पथभ्रष्ट मानवतालाई बिहानी प्राप्त भयो। यसैले यो सर्वथा उचित थियो कि जसप्रकार बिहान हुनासाथ रोजाको सुरूवात हुन्छ त्यसैप्रकार यस पूरा महिनालाई पनि जसमा एक लामो र अन्ध्यारो रातपछि पूर्ण मानवताको बिहानी भयो, रोजासँगै सम्बद्ध गरियोस्। विशेष रूपमा त्यस बेला जबकि आफ्नो दयादृष्टि एवम् बरकत (बढिबढाउ) तथा आत्मिक शुद्धताको हिसाबले पनि यो महिना सम्पूर्ण महिनाहरूभन्दा उत्कृष्ट थियो र यसका दिनहरूलाई रोजाले तथा उपासनाले सुसज्जित गर्नु सर्वथा उचित थियो।

रोजा र कुरआन बीच घनिष्ट सम्बन्ध छ । हाम्रो नबी (स.) रम्जानमा कुरआनको बढीभन्दा बढी पाठ (तिलावत) गर्नु हुन्थ्यो । इब्ने अब्बास बयान गर्दछ कि नबी (सं) सबभन्दा बढी उदार हुनुहुन्थ्यो। तर रम्जानमा जब जिब्रईल (अलै.) हाम्रो नबी (स.) सँग भेट्न आउँथ्यो त्यस बेला नबी (स.) को उदारता झन् बढ्थ्यो । जिब्रईल (अलै.) रम्जानमा प्रत्येक राति नबी (स.) कहाँ आउँदथ्यो र कुरआनको पाठ दोहोऱ्याउँथ्यो। त्यस बेला जब जिब्रईल (अलै.) उहाँसँग भेटघाट गर्दथ्यो तब उहाँ उदारशीलता र सत्कर्महरूमा तेज हावाभन्दा पनि बढी तेजिलो देखा पर्नु हुन्थ्यो।



www.abulhasanalinadwi.org

# उपासनाको विश्वव्यापी मौसम र सत्कर्महरूको बहार

उपरोक्त सम्पूर्ण चीजहरूले रम्जानलाई उपासना, जप (अल्लाहको याद) एवम् कुरआनको पाठ र परहेजगारी एवम् तकवा (अल्लाहसँग डर मान्नु) को यस्तो विश्वव्यापी मौसम प्रदान गर्दछ जसमा पूर्वदेखि पश्चिमसम्मका सम्पूर्ण मुसलमान; शिक्षित र अशिक्षित, धनी र गरीब, कमजोर र शक्तिशाली तथा हरेक वर्गका व्यक्तिहरू एक अर्काका परम् मित्रको रूपमा देखा पर्दछन्। यो रम्जान समान समयमा हरेक शहर, हरेक गाउँ र हरेक क्षेत्रमा हुन्छ ।धनीको महल र गरीबको छाप्रो दुबैमा चहलपल देखा पर्दछ। फलत: न कुनै व्यक्तिले आफ्नै मनले राय कायम, गर्दछ न रोजाको लागि दुबै बीच कुनै मनमुटाव र झगडा उत्पन्न हुन्छ। यसलाई सम्पूर्ण संसारमा हेर्न सकिन्छ। यस्तो प्रतीत हुन्छ कि सम्पूर्ण इस्लामी समाजमा रमजानमा सुख चैन र अल्लाहको दिव्य ज्योतिको कुनै व्यापक त्रिपाल (शामियाना) टाँगिएको छ। जुन व्यक्तिहरू रोजाको मामिलामा केही अल्छी छन् तिनीहरू पनि आम मुसलमानहरूसँग अलग हुने डरबाट रोजा राख्नलाई मजबूर हुन्छन्। यदि कुनै कारणले रोजा राख्दैनन् भने लुकेर र शर्मिन्दा भई खान्छन्। ती केही नास्तिकहरू र खुल्लमखुल्ला पाप गर्ने व्यक्तिहरूबाहेक जसलाई खुल्लमखुल्ला रूपमा पनि यस निर्लज्जतामा कुनै संकोच हुँदैन। अथवा, ती बिरामीहरू र यात्रीहरू जसलाई शरियतले छुट दिएको छ। यो एक सामूहिक र विश्वव्यापी रोजा हो जसमा स्वत: एक यस्तो वातावरण पैदा हुन जान्छ जसले रोजा सजिलो जस्तो लाग्छ। हृदयमा नम्रता उत्पन्न हुन्छ र मानिसहरू उपासना, आज्ञापालन, तथा सहानुभूतिका विभिन्न कामहरूतिर स्वत: आकर्षित हुन जान्छन्।



www.abulhasanalinadwi.org

## रातको अन्तिम पहरमा उठेर सेहरी खानु

रातको अन्तिम पहरमा बिहान हुनुभन्दा पहिले (रोजामा शक्ति उत्पन्न गर्नका लागि र भोक तिर्खाले बढी नसताओस् भन्ने हेतुले) केही खाने गरिन्छ। यसलाई "सेहरी" भनिन्छ। यो सन्नत पनि हो र यसमाथि जोड पनि दिइएको छ। हाम्रो नबी स. बाट हुकुम भयो, "सेहरी खाऊ; यसकारणले कि सेहरीमा बरकत (अभिवृद्धि) छ। (मुस्लिम)

नबी स. ले "इफ्तार" (सूर्यास्त हुनासाथ खानपिन गर्ने काम) गर्नुमा ढिलो गर्नबाट मनाही गर्नु भएको छ । नबी स. आदत अनुसार नमाजभन्दा पहिला "इफ्तार" गर्नु हुन्थ्यो। यदि केही ताजा ताजा खजूरहरू छन् भने खानु हुन्थ्यो। उपलब्ध नभएको खण्डमा सुखा खजूरहरू खानुहुन्थ्यो अन्यथा केही पानी नै पिउनु हुन्थ्यो।

## रोजाको सार र त्यसको वास्तविक सुरक्षा

इस्लामी कानूनले रोजाको ढाँचा र वाह्‌य स्वरूपमा यसलाई सीमित गरेन। बरू वास्तविकतामा र सारतत्वमा पनि पूरा बल दिएको छ। यसले रोजेदारका लागि केवल खानु, पिउनु र सहवासलाई अबैध घोषित गरेन । बरू प्रत्येक ती चीजहरूलाई पनि वर्जित गरेको छ जुन रोजाको उद्देश्यको विपरीत त्यसको तत्वज्ञान र नैतिक फाइदाका लागि हानिकारक छ। यसले रोजालाई शिष्टाचार, अदब, अल्लाहसँग प्रेम एवम् संयमी दिल र वचनको पवित्रताको घेरामा घेरेको छ। हाम्रो नबी स. ले भन्नु भएको छ, "तिमीहरूमध्ये कोही रोजा छ भने खराब कुरा नगरोस् हल्ला र बदमाशी नगरोस्। यदि कसैले उसलाई गाली दिन्छ र लडाइझगडामा तत्पर हुन्छ भने यो भनिदेओस् कि म रोज बसेको छु।" (बुखारी)

नबी स. ले भन्नु भएको छ, "कसैले झूठो बोल्न र त्यसलाई व्यवहारमा ल्याउन छोडेन भने अल्लाहलाई त्यसको कुनै जरूरत छैन कि त्यसले आफ्नो खानपिन छोडिदेओस्।" (बुखरी, मुस्लिम)



www.abulhasanalinadwi.org

त्यो रोजा जुन अल्लाहको डर (संयमता) विहीन छ, रोजाको यस्तो रूप जसको कुनै वास्तविकता नै छैन र यस्तो शरीर हो जसमा आत्मा नै छैन । हाम्रो नबी स. ले भन्नु भयो, "कति यस्ता रोजेदारहरू छन् जसलाई उनीहरूको रोजाबाट सिवाय तिर्खाको केही हात लाग्दैन र कति यस्ता उपासकहरू छन् जसलाई आफ्नो उपासनामा राति जागरण गर्नु बाहेक केही प्राप्त हुँदैन ।" (बुखारी, अबु दाऊद, तिर्मिजी)

नबी स. बाट हुकुम भएको छ, "रोजा ढाल हो, जबसम्म त्यसलाई नतोडियोस् ।"

इस्लामी रोजा केवल केही चीजहरूबाट मनाही गर्नुको नाम होइन जसमा केवल खाने पिउने, गीबज (कसैको पिठ्यूँ पछाडि गरिने निन्दा), चुक्लीखोरी, लडाई-झगडा र गालागालबाट मनाही गरिएको होस् ।

रोजा धेरै यस्ता सकारात्मक कुरा र आदेशहरूको संगम हो जसलाई पूरा गर्नको लागि भनिएको छ । यो उपासना, कुरआनको पाठ (तिलावत), अल्लाहको याद, सहानुभूति र गरीबहरूलाई मद्दत गर्ने महिना हो । हाम्रो नबी स. बाट हुकुम भएको छ, "यस महिनामा कसैले पनि कुनै एक "सुन्नत" कार्यबाट ईश्वरको सानिध्य प्राप्त गर्न चाहन्छ भने त्यसलाई अन्य दिनहरूको अनिवार्य (फर्ज) कर्महरू गरेसरह सम्झिइने छ र जसले यसमा फर्ज अदा गर्छ त्यो त्यस सरह हुनेछ जसले अन्य दिनहरूमा सत्तरी 'फर्ज' अदा गरेको होस् । यो धैर्य (सब्र) को महिना हो र धैर्यको बदला स्वर्ग (जन्नत) हो तथा यो सहृदयताको महिना हो ।" नबी स. बाट हुकुम भएको छ, "जसले रोजेदारलाई 'इफ्तार' (रोजा बस्दा सूर्यास्तपछि खाने काम) गराउँछ उसलाई रोजेदारको बराबरी पुण्य प्राप्त हुनेछ र रोजेदारको पुण्य (सवाब) मा कुनै कमी गरिने छैन ।"

रोजाको महिनामा 'तरावीह' को नमाज पढिन्छ । हाम्रो नबी स. ले तीन दिन तरावीहको नमाज पढेर त्यसलाई यसकारणले छोडिदिनु भएको थियो कि कहिँ यो उम्मत (समुदाय) माथि फर्ज (अनिवार्य) न भइजाओस् र कठिनाइको कारण नबनिजाओस् ।



www.abulhasanalinadwi.org

यी सबै चीजहरू मिलेर रम्जानलाई उपासनाको मौसम बहार, तिलावतको मौसम, सत्यवादी मानिस र उपासहरूको हकमा बसन्त (वहार) ऋतु बनाइदिएको छ । यसमा मुसलमानहरूको धार्मिक भावना, धर्मको सम्मान, उपासनाको अभिलाषा तथा धर्मप्रति आस्था पूर्णरूपमा प्रष्फुटित हुन्छ र उनीहरूको हृदयको कोमलता, अल्लाहसँगको लगाव, प्रायश्चितको भावना तथा असल कामहरूमा एक अर्काभन्दा अगाडि निस्कने भावना आदि चरम सीमामा हुन्छ जसको एक सानो भागसम्म पनि संसारका कुनै जाति र मानव गिरोह पुग्न सक्दैन।

## एतकाफ

रम्जानको अन्तिम दश दिनको एतकाफ [19] पनि ठूलो पुण्यको काम हो। यो एक प्रिय 'सुन्नत' पनि हो र रम्जानका उद्देश्यहरूको पूर्तिको अवसर पनि यसबाट प्राप्त हुन्छ । एतकाफको दौरानमा मस्जिदमा बसेर एक प्रकारले अल्लाहको घरमा बसेर नमाज, तिलावत, अल्लाहको याद, तस्बीर (जप), तकबीर (अल्लाहको श्रेष्ठता बयान गर्नु), तहमीद (अल्लाहको प्रशंसा गर्नु), अल्लाहसँग क्षमा माग्नु र नबी स. माथि कृपा-शान्ति होस् भन्ने बिन्तीमा मात्र व्यस्त रहनुलाई राम्रो मानिएको छ । एतकाफको दौरानमा दिसा-पिसाव र स्वप्नदोष आदिको कारणले पवित्रता हासिल गर्न र नुहाउन बाहेक मस्जिदबाट बाहिर जानु मनाही छ। वजू पनि मस्जिदको हातभित्रै गरिने हुकुम छ। हाम्रो नबी स.रम्जानको अन्तिम दश दिनमा सदैव एतकाफ बस्नुहुन्थ्यो।

## शबे कद्र

अल्लाहले आफ्नो तत्वज्ञान एवम् दयाबाट 'शबे कद्र' लाई रम्जानको अन्तिम दश दिनमा निहीत गरिदिएको छ ताकि मुसलमानहरू यसको खोजमा लागि रहून्; उनीहरूको इच्छा एवम् साहस बढोस् र उनीहरूले यी सबै अन्तिम रातहरू त्यसको लोभमा उपासना तथा दुआमा

---

19 मस्जिदमा निश्चित अवधिसम्मको लागि अल्लाहको यादमा मग्न हुनु।



www.abulhasanalinadwi.org

विताऊन् । हजरत आईशा रजि. को कथन छ, "हाम्रो नबी स. जब रम्जानको अन्तिम दश दिन (दहाइ) सुरू हुन्थ्यो तब पूरा रात जागरण गर्नु हुन्थ्यो। आफ्ना घरमा सदस्यहरूलाई पनि जगाउनु हुन्थ्यो र पक्का निश्चय गरिहाल्नु हुन्थ्यो।" (बुखारी, मुस्लिम)

नबी स. बाट हुकुम भएको छ, "शबे कद्रलाई रम्जानको अन्तिम दश दिनका बिजोड (ताक) रातहरूमा खोज्ने गर।" (बुखारी, मुस्लिम)

पवित्र कुरआनको सूर: कद्रमा शबे कद्रको महत्त्व बयान गरिएको छ।

अल्लाहको आदेश छ-

अनुवाद- "निस्सन्देह मैले यसलाई (कुरआनलाई) शबे कद्रमा (एक खास रात जुन ? अति महत्त्वपूर्ण छ) अवतरण गरको छु र तपाईलाई थाहा छ कि शबे कद्र के हो ? शबे कद्र हजार महिना भन्दा उत्तम छ। यस रातमा फरिश्ताहरू र रूहुल्कुद्स (जिब्रईल) ओर्लन्छन् आफ्ना पालनकर्ताको आदेशले । प्रत्येक राम्रो कुराको लागि शान्ति नै शान्ति छ। त्यो रहन्छ सूर्योदयभन्दा पहिलेसम्म।"

## ईदको चन्द्रमामा रम्जानको समाप्ति

समय बितेको थाहै हुँदैन र २९-३० दिनको समय नै के ? अहिले उपासनाका मतवालाहरूको प्यास मेटिएको थिएन कि चन्द्रमाको पहिलो रात आइपुग्यो। रम्जानले विदाको तयारी गऱ्यो। र; फेरि अर्को वर्ष आउने वाचा गरेर मुसलमानहरूबाट विदा लियो । ईदको चन्द्रमा उदायो । अल्लाहको एक अतिथि गयो, अर्को अतिथि आयो। आजसम्म दिउँसो खानु पाप थियो। भोलि दिउँसो नखानु पाप हुनेछ।



www.abulhasanalinadwi.org

## हज: इस्लामको चौथो स्तम्भ

"र, मानिसहमा हजको घोषणा गरिदेऊ, उनीहरू तिमीकहाँ पैदल र दुब्लो पातलो ऊँटहरू[20] मा जो लामो दूरी पार गरी आउनेछन् । यस उद्देश्यले कि आफ्नो लाभको लागि उपस्थित होऊन् र निश्चित दिनहरूमा अल्लाहको नाम लिऊन् ती चौपायाहरूमाथि जुन अल्लाहले उनीहरूलाई दिएको छ, तिमी पनि यसमध्येबाट खाऊ र दु:खी मोहताजहरूलाई पनि खुवाऊ । अनि मानिसको लागि आवश्यक छ कि उसले आफ्नो हजको प्रक्रिया पूरा गरोस् र आफ्नो हजका भाकलहरूलाई पूरा गरोस्। र, जरूरी छ कि त्यस प्राचीन घरको परिक्रमा गरोस् ।" (सूर: हज २७-२९)

हज इस्लामको चौथो स्तम्भ हो। यदि कुनै व्यक्तिले यसका शर्तहरूलाई पूरा गरेर पनि हज गरेन भने उसको लागि कुरआन एवम् हदीसमा यस्ता शब्दहरू आएका छन् जसबाट भय उत्पन्न हुन्छ कि ऊ इस्लामको दायरा र मुस्लिम समुदायबाट खारेज नभइजाओस्। यो अनिवार्यता विशेष समयमा एवम् विशेष स्थानमा अदा हुन्छ अर्थात् जिल्हिज्जह महिनामा जुन चन्द्रमाको हिसाबले वर्षको अन्तिम महिना हो र मक्कामा।

## कुरआनमा इब्राहीम अ. को कथा र शान्तिको नगरी मक्कासित उहाँको सम्बन्ध

हजरत इब्राहीम शहरको एक ठूलो पुरोहितको घरमा जन्मनु भयो। वहाँको पेशा मूर्ति बनाउनु थियो र आफ्नो आस्था एवम् आफ्नो पेशा दुवै त्यस पूजा घरसँगै संबन्धित थिए। यो ठूलो कठिन स्थिति थियो किनकि जब आस्था पेशासँग तथा धार्मिक भावना आर्थिक लाभसँग मिल्न जान्छ र दुइटै

---

20 अरबमा ऊँटलाई बलियो र फूर्तिलो बनाउनका लागि पहिले खूब पौष्टिक आहार खुवाइन्छ जसले गर्दा ऊँट खुबै मोटाउँछ । त्यसपछि केही अवधिसम्मको लागि भोकै राखेर र कडा परिश्रम गराएर ऊँटको मोटोपन घटाइन्छ । यस अवस्थाको ऊँट दुब्लो पातलो देखिएतापनि पहिलेको तुलनामा धेरै बलियो र फुर्तिलो हुन्छ । यसै किसिमको ऊँटको चर्चा यहाँ भएको छ।



www.abulhasanalinadwi.org

सँगै चल्न थाल्दछन् त्यसबेला उल्झन र कठिनाइहरू पहिलाभन्दा अधिक वृद्धि हुन जान्छ। यस कठोर र अन्धकारमय वातावरणमा कुनै यस्तो चीज थिएन जसले ईमान एवम् प्रेमलाई उभार्न सकोस् र यस 'मुशिरकाना, (अल्लाहका साथ अरूलाई पनि साझा बनाउने काम) र मूर्तिपूजनको अज्ञानता र मूर्खतापूर्ण रवैयाको विरूद्ध विद्रोहका लागि तयार गर्ने सकोस्। तर यस 'कल्बे सलीम' (पवित्र आत्मा) को कुरा नै बेग्लै थियो जसलाई नबूव्वत (पैगम्बरी) र नवयुगको निमार्णका लागि तयार गरिसकिएको थियो। उनीहरूले आफ्नो विद्रोह त्यस सोपानबाट सुरू गर्दछन् जहाँ आम रूपमा संसारका ठूलाभन्दा ठूला क्रान्तिको पहुँच हुँदैन। यो घरेलु जीवनको खुड्किलो जहाँ मनुष्य पैदा हुन्छ, हुर्कन्छ बढ्छ र जवान हुन्छ, हरेकको यही माग हुन्छ कि उसले यहीं जीवन व्यतीत गरोस्। अब ती सम्पूर्ण कुराहरू सामुन्ने आउँदछन् जसको कुरआनले आफ्नो स्वच्छ, स्पष्ट, व्यापक र चकित गर्ने शैलीमा उल्लेख गरेको छ। यिनीहरूमा हजरत इब्राहीमले मूर्तिहरू भाँच्नु, पुजारीहरूको उहाँमाथि कडा रिस र आपत्ति, आश्चर्य, विवशता, यस बिद्रोही युवकसँग बदला लिने कोशिश, उहाँको लागि दाउरा वाल्नु र त्यो उहाँको हकमा चिसो तथा शान्तिको कारण बन्नु, अत्याचारी महाराजाको सामु उहाँको सारगर्भित वादविवाद र उत्तर; यी सबै चीजहरू सम्मिलित छन्।

यस अस्वीकार र विद्रोहले यस परिणामसम्म पुऱ्याउँदछ कि सम्पूर्ण शहर उहाँको शत्रु भइहाल्दछ। सारा समाज उहाँसँग रिसाएको देखा पर्दछ। सरकार पनि उहाँको पछाडि पर्दछ र यातना दिन्छ। तर उहाँ यी कुनै कुराहरूको परवाह गर्नु हुन्न र यसलाई कुनै महत्त्व दिनुहुन्न। यस्तो प्रतीत हुन्छ जस्तो कि उहाँ यस कुराको प्रतीक्षामा हुनुहुन्थ्यो र यी परिणामहरूको पहिलेदेखि नै आशान्वित हुनुहुन्थ्यो। उहाँ आफ्नो शहरबाट धेरै प्रसन्न र सन्तुष्ट भएर हिजरत (migrate) गर्नु हुन्छ यसकारणले कि उहाँको वास्तविक पूँजी अर्थात् आस्थाको धन उहाँको हातमा हुन्छ। उहाँ एक्लै बिनासंरक्षक एवम् सहयोगी यात्रा गर्नुहुन्छ।

उहाँसँग एक जना पनि हुँदैन। यस यात्रामा उहाँलाई मानिसहरूको एउटै नमूना देखा पर्दछ। त्यही मूर्तिपूजा, शिर्क एवम्



www.abulhasanalinadwi.org

अज्ञानता र स्वेच्छाको संसार जसलाई छोडेर हिंड्नु भएको थियो हरेक ठाउँमा उहाँलाई प्राप्त हुन्छ। उहाँ मिश्र (इजिप्ट) पुग्नुहुन्छ र आफ्नी पत्नी जसमाथि त्यहाँका बादशाहको खराब दृष्टि थियो, लाई लिएर सफलताका साथ त्यहाँबाट निस्कनु हुन्छ। यसपछि शाम (सिरिया) पुग्नु हुन्छ। सिरियाको जलवायु उहाँको लागि उचित सावित हुन्छ र त्यहीं बसोबास गर्न थाल्नुहुन्छ। अद्वैतवादको प्रचार-प्रसार र मूर्तिपूजाको विरोधको कार्य पुन: आरम्भ गर्नुहुन्छ। सिरियामा जहाँ हरियाली र खाद्यान्नको साधन प्रशस्त मात्रामा थियो र जहाँ प्राकृतिक सुन्दरता पनि थियो त्यहाँ उहाँलाई रमाइलो लाग्दथ्यो। तर शीघ्र नै उहाँलाई एउटा यस्तो भूखण्डतिर जाने आदेश प्राप्त हुन्छ जुन हरियाली र सुन्दरताको हिसाबले सिरियाको विलकुल विपरीत छ। इब्राहीम (अ.) ले आफ्नो कुनै हक-अधिकार सम्झनु भएन र कुनै क्षेत्र तथा देशसँग उहाँका कुनै लगाव छैन। उहाँ त हुकुमको गुलाम हुनुहून्थ्यो। उहाँले सारा संसारलाई आफ्नो मुलुक ठान्नु हुन्थ्यो र पूरा मानवतालाई आफ्नो परिवार ठान्नु हुन्थ्यो। उहाँलाई यस कुराको हुकुम हुन्छ कि आफ्नी पत्नी हजरा र दूध पिउने बच्चालाई लिएर यहाँबाट पलायन होऊन्।

एउटा यस्तो उपत्यकामा पुगेपछि जसको चारैतिर सुख्खा पहाडहरू बाहेक केही थिएन। जहाँको जलवायु र मौसम धेरै गरम थियो। पानीको अभाव र हरेकतिर सन्नाटा थियो। कुनै मित्र वा सहानुभूति राख्ने मानिस पनि थिएन जसबाट आत्मालाई सन्तोष प्राप्त होस्। उहाँलाई यो आदेश प्राप्त हुन्छ कि आफ्नी कमजोर पत्नी र आफ्नो सानो बच्चालाई अल्लाहको भरोसामा छोडेर मात्र उसको आदेशको पालनामा गइहालोस् र खुशी भएर जाओस्। न डर, न घबराहट, न बेदिली न दिक्दारी, न साहसमा कमी, न अल्लाहको वचनमा शंका बरू यसको सट्टा मानवीय अनुभवहरूको विरूद्ध विद्रोह, प्राकृतिक संसाधनहरूको विरोध, साधनहरूबाट निश्चिन्त र अलगथलग तथा अल्लाहमाथि त्यस बेला भरोसा र विश्वास हुन्छ जब पाइला चिप्लन थाल्छ र खराब धारणा उत्पन्न हुन थाल्छ।

उहाँ जानुभइसकेपछि प्राकृतिक रूपमा ती सबै कुराहरू घटित हुन्छन् जसको शंका थियो। बालक तिर्खाले तड्पन थाल्छ: आमा पनि



www.abulhasanalinadwi.org

तिर्खाले व्याकुल हुन्छिन् । तर त्यस मरूभूमिमा पानी कहाँ हुनु र, त्यहाँ त सानो सानो खाडल पनि थिएन जसमा कसैगरी बाँकी रहेको पानी प्राप्त हुन सकोस् । यसपछि आमाको ममता जोशमा आउँछ । उनलाई खतराको आभास हुन थाल्छ र उनी पानीको खोजीमा वा कुनै यस्तो काफ्ल (मानिसहरूको झुण्ड) को खोजीमा व्याकुल एवम् थकित भई ममताको समुद्रमा डुबेर दुई पहाडहरूको बीचमा दगुर्न थाल्छिन् जसबाट पानी प्राप्त होस् । अर्को पहाडतिर पुगेपछि तुरून्तै बच्चाको सम्झना आउँछ कि त्यो कुन अवस्थामा छ ? यसैले नबिसाईकन पुनः फिर्ता आई बच्चालाई हेर्दछिन् । उनी आफ्नो हृदयको टुक्रालाई जीवित पाउँछिन् । यसपछि फेरि मनले मान्दैन र पुनः त्यही पहाडतिर दगुर्छिन कि सम्भवतः कहीँ कुनै मानिस देखा पर्ने हुन् कि वा कुनै ठाउँमा पानीको संकेत देखा पर्ने हो कि । एकातिर उनी व्याकुल र थकित हुन्छिन्, यस स्थितिमा यो स्वभाविक पनि हो, भने अर्कोतिर आत्मविश्वास र आशा जुन अल्लाहप्रतिको आस्थाबाट प्राप्त हुन्छ, त्यो उनको आत्माबाट हराएन । यद्यपि उनी नबीकी पत्नी र नबीकी आमा हुन् । वाह्य साधनहरू र प्रयासलाई ईमान एवम् अल्लाहको भरोसाको विपरीत सम्झँदिनन् । उनी व्याकुल अवश्य हुन्छिन् तर पनि निराश हुँदिनन् । यस्तो दृश्य सम्भवतः संसारले कहिल्यै देखेको थिएन । अब अल्लाहको कृपादृष्टि जोशमा आयो र चमत्कारिक रूपमा एउटा श्रोत त्यहाँ फुट्यो । यो त्यो जमजमको पवित्र र अमिट श्रोत थियो जुन कहिल्यै सुकेन, सुक्दैन न त यसमा कुनै कमी आउँछ । त्यो सम्पूर्ण संसार तथा सबै वंशहरूका लागि प्रर्याप्त छ र आजसम्म सारा संसार त्यसबाट लाभान्वित भइरहेको छ ।

अल्लाहले यसको पानीलाई स्वास्थ्यबर्द्धक पनि बनाएको छ र यसमा पौष्टिकता पनि छः पुण्य र बरकत (अभिबुद्धि) पनि छ ।

अल्लाहले हाजराको यस व्याकुलतालाई यस्तो दर्जा दियो कि संसारका ठूलाभन्दा ठूला बुद्धिमान्, विचारक र ठूलाभन्दा ठूला बादशाहहरूलाई यसको दायारामा घेरिदियो । त्यसैले यी दुई पहाडीको बीच दौड (सई) नगरेसम्म उनीहरूका हज पूरा हुन सक्दैन । यी दुबै पहाडीहरू वास्तवमा हरेक अल्लाहसँग प्रेम गर्ने र ऊसँग आशा राख्ने व्यक्तिहरूको गन्तव्य हो, मंजिल हो । यो 'सई' यस संसारमा मोमिन (सत्यवान्) को



www.abulhasanalinadwi.org

दृष्टिकोणले सबभन्दा राम्रो उदाहरण हो । किनकि त्यो पनि बुद्धि एवम् अनुभूति र उमंग एवम् आस्था दुवैको संगम हो । उसले बुद्धिबाट पनि पूर्ण रूपमा काम लिन्छ । तर कहिलेकाही आफ्ना ती आत्मिक भावनाहरूको सामुन्ने पनि शिर झुकाइदिन्छ जसको जरो बुद्धिभन्दा पनि अधिक गहिरो र मजबूत हुन्छ । त्यो एउटा यस्तो संसारमा बस्दछ जुन प्रेरणा, कामवासना, श्रृंगार एवम् सजावटले भरिपूर्ण तर 'सफा' एवम् 'मरवा' पहाडहरूको बीच 'सई' गर्नेहरूको जस्तै उसले कसैतिर दृष्टि लगाउनु र कुनै अन्य वस्तुमा नअड्की र कुनै अन्य ठाउँमा नबसीकन फुर्तिका साथ त्यहाँबाट गुज्रन्छ । उसलाई सबभन्दा अधिक चिन्ता आफ्नो लक्ष्य र आफ्नो भविष्यको हुन्छ । उसले आफ्नो जविनलाई गन्तीको एकाध परिक्रमा जस्तै सम्झन्छ । यहाँ उसको सम्पूर्ण क्रियाकलापको निचोड दुई शब्दमा 'प्रेम' र 'आज्ञाकारिता' हो ।

अब त्यो बालक केही बुद्धिमान हुन्छ र त्यस उमेरमा पुग्दछ जुन उमेरमा पितालाई अर्को बच्चाबाट स्वभाविक रूपमा अधिक झुकाव हुन्छ । ऊ आफ्नो पितासँगै बाहिर जान्छ । ऊसँगै दगुर्छ, भाग्छ र ऊसँगै रहन्छ । उसको पिताले जसमा मानवीय सहानुभूति र प्रेम परिपूर्ण रूपमा भरिएको थियो, आफ्नो हृदयको टुक्रासँग ज्यादै लगावका साथ प्रेम गर्दछ । यो नै सबभन्दा ठूलो कठिनाइ हो । प्रेमलाई सबै थोक मञ्जूर छ तर 'साझेदारी' मञ्जूर छैन । त्यसले प्रतिद्वन्दीलाई कहिल्यै सहन गर्न सक्दैन । जब साधारण मानवीय प्रेमको यो हालत छ भने यहाँ अल्लाहको प्रेमको के हालत होला ? इब्राहीम अलै. को हृदय त्यो हृदय थियो जुन अल्लाहको लागि विशेष थियो । त्यो कुनै आम मानिसको हृदय थिएन । यो त्यो अवस हो जब हजरत इब्राहिम अलै. लाई आफ्नो प्यारो छोराको कुर्बानी (बलिदान) को संकेत प्राप्त हुन्छ । यसबाट उहाँले यो सम्झनु हुन्छ कि अल्लाहको यही इच्छा छ र उहाँलाई यो काम गर्नुछ । उहाँ आफ्नो पुत्रको परीक्षा लिनुहुन्छ किनकि यो काम उनको स्वीकृति विना गर्नु कठिन छ । पुत्रले भरपूर धैर्यताको आश्वासन दिन्छ । कुरआनमा छ–

**छोरा मैले सपनामा देखेको छु कि म तिमीलाई जबह गरिरहेको छु; तसर्थ तिमीले पनि सोचिहाल, तिम्रो के राय छ ? छोराले जवाफ दियो–हे मेरा पिता ! तपाई गरिहाल्नुहोस् जेजति तपाईलाई आदेश प्राप्त भएको छ । तपाईले इन्शाअल्लाह (अल्लाहले चाहेमा) मलाई धैर्य गर्नेहरूमा पाउनु हुनेछ ।**



www.abulhasanalinadwi.org

(कुरआन, अस्साफात -१०२)

अब त्यो कुरा सामुन्ने आउँछ जसको सामुन्ने बुद्धि हैरान छ। पिता आफ्नो प्यारो सच्चरित्र पुत्रलाई लिएर बाहिर निस्कनु हुन्छ र अल्लाहको इशारामा आफ्नो पुत्रको कुर्बानी गर्न गइरहनु भएको छ। र, ऊ पनि आफ्नो पालनकर्ता अल्लाहको र आफ्नो पिताको आज्ञापालनमा उहाँको साथ हिंडिरहेको छ। दुबैको उद्देश्य एउटै छ- आफ्नो मालिक (अल्लाह) को आदेशको पालन गर्नु तथा बिनाबहाना ऊ समक्ष आफूलाई पनि सुपुर्द गरिदिनु। बाटोमा उहाँहरूसँग शैतानको भेट हुन्छ जसले मनुष्यलाई सधैं बहकाउने प्रयत्न गरेको छ, गर्दछ। त्यसले उहाँहरूलाई पनि बहकाउने प्रयत्न गर्दछ। उहाँहरू समक्ष अल्लाहको अवज्ञालाई धेरै सहानुभूति पूर्वक र राम्रो तरीकाले पेश गर्दछ। कुर्बानीबाट रोकी जीवित रहने आकांक्षामा जोड दिन्छ। तर उहाँहरूले उसको केही पनि चल्न दिनुहुन्न र अल्लाहको आदेशको पालनाको लागि कम्मर कस्नुहुन्छ। अब त्यो क्षण आइपुग्छ जसलाई देखेर फरिश्ताहरू पनि आश्चर्य चकित हुन जानेछन् र जिन्न तथा मानिसहरू पनि। उहाँले पुत्रलाई भुईंमा सुताइदिनु हुन्छ, घाँटीमाथि छुरा अड्याउनु हुन्छ र जबह गर्ने पूर्ण कोशिश गर्नुहुन्छ। यसै बीचमा अल्लाहको आदेश हुन्छ। उद्देश्य इस्माईल (अलै.) लाई जवह गर्नु थिएन। बरू त्यस प्रेमलाई जबह गर्नु थियो जुन अल्लाहको प्रेममा समावेश हुन जान्छ। र, यो पुत्र-प्रेम घाँटीमा छुरा राख्ने वित्तिकै 'जबह' भइ सकेको थियो। हजरत इस्माईल अलै. त यसकारणले पैदा हुनुभएको थियो कि उहाँ जीवित रहून्, फलून, फूलून। उहाँबाट वंश अगाडि बढोस् र अतिम पैगम्बर मुहम्मद (स.) पनि उहाँकै सन्तानमा होऊन्। यसकारण उहाँ अल्लाहको इच्छा पूरा हुनुभन्दा अघि नै कसरी जबह हुन सक्नुहुन्थ्यो र ? अल्लाहले इस्माईल ( अलै.) को फिद्या (बदला) को रूपमा स्वर्गबाट एक मेढा (भेडा जस्तै एक जनावर) पठायो कि त्यसलाई उहाँको सट्टा जबह गरियोस्। यस तरीकालाई इब्राहीम अलै. का सम्पूर्ण अनुयायी र उहाँपछिका सबै पिँढीका लागि 'सुन्नत' बनाइयो। कुर्बानीका दिनहरूमा सबैले यसै "महान् बलिदान" को सम्झना ताजा गर्दछन् र अल्लाहको मार्गमा आफ्ना सम्पत्ति खर्च गरेर बलिदान दिन्छन्।



www.abulhasanalinadwi.org

"अनि जब दुवैजनाले आदेश स्वीकार भर्नुभयो र (पिताले पुत्रलाई) अनुहार घोप्टो पारी सुताइ दिनुभयो तथा मैले तिमीलाई आवाज दिएँ- हे इब्राहीम ! तिमीले सपनालाई सत्य सावित गरी देखायौ । म सत्यवादीहरूलाई यस्तै प्रतिफल दिने गर्दछु । निश्चय नै यो थियो खुल्ला परीक्षा । र, मैले एउटा ठूलो जबीहा (जसलाई जबह गरिन्छ) त्यसको सट्टामा दिएँ तथा मैले पछिल्ला पिँढीहरूमा यो कुरा रहन दिएँ कि इब्राहीममाथि शान्ति होस् ।"

(कुरआन, अस्साफात:-१०३-१०९)

हजरत इब्राहीम र शैतानको यस कथालाई पनि अल्लाहले अमर बनाइदियो । र, ती ठाउँहरूमा जहाँ शैतान उहाँहरूको बाटो रोकी खडा भएको थियो तथा उहाँहरूलाई बहकाइरहेको थियो त्यसलाई कंकरी (ढुंगाका मसिना टुक्राहरूले हिर्काउने आदेश दियो र यसलाई एक यस्तो कार्य बनाइदियो जो हरेक वर्ष हजका उत्तम दिनहरूमा गरिन्छ । यसको उद्देश्य यो हो कि शैतानसित घृणा पैदा होस् । उसको अवज्ञा र ऊसँग विद्रोहको अभिव्यक्ति होस् । यो त्यो कार्य हो जसले एक मोमिनलाई धेरै स्वाद र संतुष्टिको आभास हुनु पर्दछ । कथाको यस भूमिकालाई व्यवहारमा ल्याउने बेलामा उसलाई यो आभास हुन्छ कि ऊ खराब शक्तिहरू र शैतान एवम् त्यसका लश्करहरूसँग भिडन्तमा छ ।

यस घटनाको एक युग बितिसक्छ । यी बालक अब युवक भइसक्नुभएको छ । अल्लाहले उहाँलाई पैगम्बरी दिएको छ । हजरत इब्राहीम (अलै.) को यस धर्मका लागि अब एउटा यस्तो केन्द्रको जरूरत भइसकेको छ जसमाथि पूरा भरोसा गर्न सकियोस् र जसबाट ईमानलाई बल एवम् शक्ति प्राप्त होस् । यस संसारमा बादशाहहरूका महल र मूर्तिहरूका घर त धेरै थिए जहाँ आत्मिक भावना र शैतानको पूजाआजा हुन्थे तर अल्लाहको जमीनमा अल्लाहकै उपासनाका लागि यति बेलासम्म कुनै घर थिएन जसमा केवल उसको नै उपासना होस् । उसको उपासना गर्नेहरू र दर्शन (जियारत) गर्नेहरूका लागि हरेक प्रकारको प्रदूषण र अपवित्रताबाट चोखो एवम् सफा राखिन्छ । अत: जबकि धर्म आफ्नो आधारमा खडा भैसकेको छ र मुस्लिम समुदायको शिलान्यास भइसकेको छ हजरत इब्राहीम अलै. लाई कावाको निमार्णको निर्देशन दिइन्छ; एउटा यस्तो घर जुन सम्पूर्ण मानवताको लागि



www.abulhasanalinadwi.org

शान्तिको केन्द्र होस् र जहाँ केवल अल्लाहको उपासना गरियोस्। पिता-पुत्र दुवै मिलेर यस पवित्र घरको निमार्ण गर्दछन्। हेर्दा यो एकदमै सादा, सरल र साधारण छ। तर आफ्नो श्रेष्ठताको हिसाबले धेरै महान् छ। पिता-पुत्र दुवै ढुंगा बोकेर ल्याउँदछन् र त्यहाँका पर्खालहरू खडा गर्दछन्। यो घर ईमान एवम् निष्ठाका ती आधारहरूमा निमार्ण गरिएको छ जसको नजीर संसारमा कहीँ पनि छैन। अल्लाहले त्यसलाई धेरै धेरै चाह्यो, अमर बनायो, खूब सौन्दर्यता दियो र संसारको लागि आकर्षणको केन्द्र बनाइदियो। मुसलमानहरू यसमा आई शरीर र आत्मा समर्पण गर्दछन्। यो घर हरेक प्रकारले देखावटी र सजावटबाट मुक्त छ। एक यस्तो नगरीमा स्थित छ जुन सभ्यता र संस्कृतिको भीडभाडबाट धेरै टाढा छ। तैपनि यसमा त्यो आकर्षण छ कि मानिसहरू त्यसतर्फ आकर्षित हुन्छन् र त्यसको एक झलक हेर्नका लागि आतुर हुन्छन्। जब यो घर बनेर तयार भइहाल्यो तब यो आकाशवाणी आयो, "र मानिसहरूमा हजको घोषणा गरिदेऊ। मानिसहरू तिमी कहाँ पैदल आउनेछन् र दुब्ला पातला ऊँटहरूमा पनि। जुन टाढा टाढाबाट आएका होलान् यस उसले कि आफ्नो लाभको लागि त्यहाँ उपस्थित होऊन् र यस उसले कि निर्धारित दिनहरूमा अल्लाहको नाम लिऊन्। ती चौपायाहरूमा जुन अल्लाहले उनीहरूलाई दिएको छ। तिमी पनि त्यस मध्येबाट खाऊ र दुःखीहरूलाई पनि खुवाऊ। अनि मानिसहरूका लागि आवश्यक छ कि हजको प्रक्रिया पूरा गरोस् र आफ्ना भाकलहरू पूरा गरोस् तथा आवश्यक छ कि (यस) प्राचीन घरको परिक्रमा गरोस्।" (कुरआन, सूरः हज :- २७-२९)

इब्राहीम (अलै.) को जमानामा यो संसार मानवीय साधनहरूको गुलाम थियो र मानिसहरू यिनमा आवश्यकभन्दा अधिक भरोसा गर्न लागेका थिए। यो ठान्न थालेका थिए कि यी साधनहरू प्रत्यक्ष रूपमा आफ्नो अस्तित्वमा कायम छन् र प्रभावकारी छन्। यसको नतीजा यो भयो कि यी साधन-श्रोतहरूले पालनकर्ताको दर्जा प्राप्त गरिहाल्यो। यसले मूर्तिपूजा जस्तो एक नयाँ चीज पैदा गरिदियो। हजरत इब्राहीमको जीवन वास्तवमा यिनै मूर्ति निर्माणकर्ता र मूर्तिपूजकहरूको विरूद्ध विद्रोह थियो। त्यो विशुद्ध अद्वैतवाद (तौहीद) र अल्लाहको पूरा सृष्टिको एक एक चीज अल्लाहको



www.abulhasanalinadwi.org

प्रकृतिको दायरामा छ, कुनै चीज उसको तत्वज्ञानभन्दा बाहिर छैन भन्ने कुरामाथि विश्वासको निमन्त्रणा थियो, आह्वान थियो र यस कुराको घोषणा थियो कि उसैले सबै चीजहरूलाई अस्तित्व प्रदान गर्दछ, उसैले साधन पैदा गर्दछ र ऊ नै यिनीहरूको मालिक हो। उसले जब चाहन्छ साधनहरूलाई त्यसको प्रयोग र उपयोगिताहरूबाट अलग गरिदिन्छ र चीजहरूबाट उनीहरूको गुणलाई समाप्त गरिदिन्छ र उसले तिनीहरूमा ती चीजहरू प्रकट गरिदिन्छ जुन तिनीहरूको विपरीत हुन्छन्। तिनीहरूलाई जब चाहन्छ र जुन चीजको लागि चाहन्छ, प्रयोग गर्दछ र जुन काममा चाहन्छ लगाइदिन्छ। मानिसहरूले हजरत इब्राहिम (अलै.) को लागि आगोको भट्टी तयार गरेर भने, "यसलाई जलाइदेऊ र आफ्ना भगवानको बदला लिइहाल, यदि तिमीलाई केही गर्नु छ।" (कुरआन-सूरः अंबिया -६८)

तर हजरत इब्राहीमलाई थाहा थियो कि आगो अल्लाहको इच्छाका अधीनमा छ। जलाउनु त्यसको स्थायी गुण होइन जुन कहिले पनि त्यसबाट अलग हुन नसकोस्। यो एउटा अतिरिक्त गुण हो जसलाई अल्लाहले त्यसमा अमानत (नासो) को रूपमा राखेको छ। त्यसको लगाम उसैको हातमा छ: जब चाहोस् खुकुलो गरोस्, जब चाहोस् खिचोस् र त्यस आगोलाई हेर्दा फूलवारी बनाइदेओस्। यसै ईमान एवम् आस्थाका साथ ऊ त्यसमा धैर्यतासाथ प्रवेश गऱ्यो र त्यही भयो जुन उसले साचेको थियो।

"मैले आदेश दिएँ कि ए आगो तिमी चिसो र आरामदेह बनिहाल इब्राहीमको हकमा। र, मानिसहरूले उनी (इब्राहीम) सँग षडयन्त्र गर्न चाहेका थिए। तसर्थ मैले तिनीहरू लाई नै असफल गरिदिएँ।"

(सूरः अंविया - ६९/७०)

सामान्यत: यो सम्झिन्छ कि जीवन पानी, उब्जाउ माटो र खेत एवम् बगैंचाहरूमा निर्भर छ। अतएव मानिसहरू आफ्ना मूर्तिहरू र खानदानहरूका लागि यस्ता शहर र देशहरूको खोजमा रहन्थे जहाँ यी चीजहरू उपलब्ध होस् र जहाँ निवास गर्न सकियोस्। हजरत इब्राहीमले यस अवधारणाको विपरीत काम गर्नुभयो। उहाँले आफ्नो सानो परिवारको लागि जसमा आमा र छोरा सम्मिलित थिए, एउटा यस्तो आवाद नभएको



www.abulhasanalinadwi.org

उपत्यका चयन गर्नुभयो जहाँ पानी थिएन न त केही फल्दथ्यो, न व्यापारको अवसर नै थियो। त्यो संसारबाट अलग-थलग थियो। व्यापारिक केन्द्रहरू, राजमार्गहरू र खुशी सम्पन्न इलाकाहरूबाट धेरै टाढा थियो। त्यहाँ पुगेर उहाँहरूले अल्लाहसँग दुआ गर्नुभयो कि उनीहरूको रोजी रोटीमा अभिवृद्धि गरोस्। मानिसहरूको दिल उनीहरूतिर आकर्षित गरिदेओस्। उहाँले दुआ गर्नुभयो- "हे हाम्रा पालनकर्ता! मैले आफ्ना केही सन्तानहरूलाई एउटा खेतबारी नहुने मैदानमा आवाद गरिदिएको छु, तिम्रो सम्मानित घरको नजिक, (यसकारणले कि) हे हाम्रा पालनकर्ता! मानिसहरूले नमाज कायम गरून्। त्यसकारण तिमीले केही मानिसहरूको दिल यिनीहरूतिर उन्मुख गरिदेऊ। र, यिनीहरूलाई खानलाई फलहरू देऊ जसबाट यिनीहरू कृतज्ञ रहून्।" (सूर: इब्राहीम -३७

अल्लाहले उहाँको दुआ कबूल गऱ्यो र उहाँहरूको वस्तीलाई हरेक प्रकारका फलफूलहरू र आफ्ना विभिन्न वरदानहरूले भरिदियो।

"के मैले उनीहरूलाई अमन चैनवाला 'हरम' मा ठाउँ दिइन जहाँ हरेक प्रकारका फलहरू पुगिरहन्छन् मेरो तर्फबाट खानाको रूपमा ? तर यिनीहरूमध्ये अधिकांश मानिसहरू (यति कुरा पनि) जान्दैनन्।"

(सूर: कसस् -५७)

हजरत इब्राहीमले आफ्नो घर परिवारका मानिसहरूलाई एउटा यस्तो जमीनमा ल्याएर छोडिदिनुभयो जहाँ पिउनका लागि पानी पनि थिएन। तर यस्तो मरूभूमि र पथरिली (ढुंगाभएको) भूमिबाट अल्लाहले एउटा पानीको मूल फुटाईदियो। बालुबाट पानी आफसेआफ निस्कन थाल्यो र अविरल रूपमा आजसम्म त्यसैप्रकारले जारी छ। मानिसहरू त्यो पानी धित् मारीमारी पिउँछन् र बाल्टिन भरिभरी आफूसँगै लैजान्छन्।

उहाँले आफ्नो परिवारलाई एउटा यस्तो सुनसान र आवादी नभएको ठाउँमा छोडि दिनुहुन्छ जहाँ मानिसको छायाँ पनि देखिदैन। तर हेर्दा त्यो ठाउँ यसरी आवाद हुन जान्छ कि संसारका हरेक इलाकाका मानिसहरूलाई त्यहाँ देख्न सकिन्छ। हजरत इब्राहीमको जीवन उहाँको युगमा उहाँको समाजको सीमाभन्दा बढेको भौतिकवादिता र साधनको विरूद्ध एउटा चुनौति थियो र ईश्वरीय शक्तिमा भरपूर भरोसाको



www.abulhasanalinadwi.org

अभिव्यक्ति। अल्लाहले सधैं साधन श्रोतलाई ईमानको अधीनमा पारिदिन्छ र यी साधनहरूमा ती चीजहरू पैदा गर्दछ जसलाई बुझ्दा भौतिकवादमाथि विश्वास राख्नेहरू हैरान छन्।

## हज इब्राहीम अ. का कर्म र विशेषताहरूको स्मृति हो

हज र त्यससँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप जुन त्यस कर्महरूका साथ सम्बन्धित छ; देखावटी चीजहरूसँग सम्बन्ध राखेर स्वार्थीपनबाट अलग, पवित्रताको त्यो पहिरन जो हाजीहरूले लगाउँदछन्। एहराम, तवाफ र यसरी नै हजका सारा गतिविधिहरू वास्तविक रूपमा तौहीद (अद्वैतवाद), साधनको इन्कार, अल्लाहमाथि भरोसा, उसको मार्गमा कुर्बानी, अल्लाहको आज्ञापालन एवम् प्रसन्नतालाई आफ्नो जीवनमा प्रभावकारी र सक्रिय बनाउने कोशिश एवम् तरीका हो। त्यो वानी, रीतिरिवाज र बनावटी मूल्यहरूको विरूद्ध एउटा उच्च नि:स्वार्थ भावनाको नवीकरण हो। हजरत इब्राहीमको मार्गमा हिंड्ने र उनको शिक्षा एवम् निमंत्रणाको झण्डालाई उच्च राख्ने कार्य हो।

हजको वातावरणमा हृदय ज्योतिले यसरी सुसज्जित हुन्छ कि कठोर हृदय पनि मैन जस्तो र ढुंगा जस्तो मुटु पनि पानी जस्तो भइहाल्दछ। ती आँखाहरू जेबाट कहिल्यै भय वा प्रेमको दुई थोपा आँसु पनि झर्दैनथ्यो, त्यहाँ पुगेर रून थाल्छन्, आँसुको धारा बगाउन थाल्छन्। चिसो मुटुहरूमा एकचोटि फेरि न्यानोपन उत्पन्न हुन्छ। अल्लाहको कृपादृष्टि पनि बर्सन्छ। शैतानलाई अनुहार लुकाउने पनि ठाउँ प्राप्त हुँदैन।

हजका दिनहरूमा वातावरण यस्तो प्रतीत हुन्छ कि मानौ कुनै करेन्टले त्यसलाई छोएको होस्। टाढा टाढाबाट आउने मुसलमानहरूको सुनसान र रिक्त हृदयलाई पुन: सिंचित गर्दछ। उनीहरूले स्वयम् पनि ईमान, प्रेम उल्लास र उमंगको खजाना प्राप्त गर्दछन्। आफ्नो देश फिर्ता आएर आफ्ना अरू दाजुभाइलाई पनि तिनबाट लाभान्वित गराउँदछन्। हजले अज्ञानीहरूमा ज्ञानको रूचि उत्पन गराउँदछ। कमजोरहरूलाई उत्साहित गर्दछ। निराश मानिसहरूलाई आशावान् बनाउँदछ।



www.abulhasanalinadwi.org

## इस्लामी तथा मानवीय भ्रातृत्वभावको विश्वव्यापी अभिव्यक्ति

हजले इस्लामीभ्रातृत्वको अभिव्यक्तिको अवसर प्रदान गर्दछ । यो मुलुक, जाति, भाषा र क्षेत्रिय एकाइको विरूद्ध इस्लामी राष्ट्रवादको जीत हो। मक्का पुगेर सम्पूर्ण हाजीहरूको कपडा उस्तै हुन्छन् जसलाई 'एहराम' भनिन्छ । यो केवल सिलाइ नगरिएको दुई चादर हुन्छन् । हजका दिनहरूमा हाजीहरूको एउटै नारा हुन्छ -

"हे मेरो अल्लाह ! म उपस्थित छु, उपस्थित छु ! तिम्रो कुनै साभ्रेदार छैन, म उपस्थित छु । सम्पूर्ण प्रशंसा र देनहरू तिम्रैलागि शोभनीय छन् र शासन पनि । तिम्रो कोही (वा कुनै चीज) साभ्रेदार छैन ।"

यसमा शासक एवम् शासित, मालिक एवम् नौकर, धनी एवम् गरीब र सानो - ठूलोको कुनै भेदभाव छैन । यही अवस्था हजका अन्य कर्म उपासना, कृयाकलाप, पहिचान र ठाउँको छ । "सफा" र "मरवा" का दुई पहाडीको बीच सबैजना सँग दगुर्दछन् । 'मेना' सबैजनासँग जान्छन् । 'अरफात' सँगै जान्छन् । सबै जना सँगै फिर्ता आउँछन्, सँगै हिंड्छन्, सँगै बस्छन् ।

## हजको अवधि र स्थान निश्चित छ

हज त्यस मुसलमानको लागि अनिवार्य छ जससँग हजको यात्राको पूरा खर्च र बालबच्चाहरूका लागि यति खर्च होस् कि उनीहरू उसको अनुपस्थितिमा सहज रूपमा समय गुजार्न सकून् । बाटोमा अमन चैन, काबासम्म पुग्ने साधन र यस्तो स्वास्थ्य पनि जरूरी छ कि ऊ यो यात्रा गर्न सकोस् ।

हजको सम्बन्ध मक्का र त्यसनिर स्थित मेना र अराफातजस्ता ठाउँहरूसित छ । हजका कृयाकलापहरू त्यहीं अदा हुन्छन् र यी क्रियाकलापहरू जिल्हिज्जको आठ तारेखदेखि बाह्र तारेखको अवधिमा



www.abulhasanalinadwi.org

मात्र अदा गरिन्छ। यस बाहेक कुनै अवधि वा स्थानमा हज अदा हुन सक्दैन। हज अल्लाहका दुई प्रिय, पैगम्बर इब्राहीम र इस्माईलका तौहीद (अद्वैतवाद) को भावना, गहिरो प्रेम, उनीहरूको त्याग एवम् बलिदानको सम्झना र उनीहरूको अल्लाहसित प्रेम जस्ता कर्महरूको नक्कल हो जो उनीहरूबाट यिनै स्थानहरूमा र यिनै अवधिमा भएको थियो।

(नोट: इस्लामका यी स्तम्भहरूको विस्तृत वर्णनको लागि लेखकको पुस्तक 'अरकाने अरबा' हेर्नुस्।)



www.abulhasanalinadwi.org

# अध्याय - दुई

## मुसलमानका केही धार्मिक विशेषताहरू

### एक निश्चित विश्वास र स्थायी इस्लामी कानून: पहिलो विशेषता

संसारमा सम्पूर्ण मुसलमानहरूको पहिलो विशेषता यो हो कि उनीहरूको धार्मिक अस्तित्वको अधार एक निश्चित आस्था र एक स्थायी इस्लामी कानूनमाथि छ जसलाई संक्षेपमा मजहब (धर्म) भनिन्छ। यसैले उनीहरूको साम्प्रदायिक र विश्वव्यापी नाम कुनै पिँढी, बंश, खानदान, धार्मिक गुरू, धर्मको संस्थापक र देशको सट्टा एउटा यस्तो शब्दबाट बनेको छ जसले एउटा निश्चित आस्था र रबैयालाई व्यक्त गर्दछ। संसारका सबै धार्मिक सम्प्रदायहरू आ-आफ्नो धार्मिक गुरू, धार्मिक संस्थापकहरू, पैगम्बरहरू, मुलुकहरू र पिँढीहरूसित जोडिएका छन्। यी धर्महरूका नाम यिनै व्यक्तिहरू वा यिनै पिँढीहरू र देशहरूको नामबाट बनेका छन्। यस्तै यहूदी यहूद र बनी इस्राईल कहलाउँछ। यहूदा पैगम्बर याकूबका छोराहरूमध्ये एउटा छोरोको नाम इस्राईल स्वयम् याकूबको नाम हो। ईसाई (Christian) पैगम्बर ईसा (Christ) को नामसित सम्बन्धित छ। कुरआनमा यिनीहरूलाई 'नसारा' को नामबाट चिन्ने गरिएको छ। नासर: (Nasareth) सन्देष्टा मसीहको शहरको नाम हो। मजूसीहरू (अग्नि पूजारीहरू) जसलाई सामान्यत: भारतमा पारसी भनिन्छ, को सही नाम जरतस्ती (Zaroastrias) हो जुन यस धर्मका संस्थापक जरशत (Zarathust) बाट लिइएको छ। बौद्ध धर्म आफ्ना संस्थापक गौतम बुद्धको नामसँग सम्बन्धित छ। यही अवस्था अन्य धर्महरूको पनि छ।



www.abulhasanalinadwi.org

## मुस्लिम समुदायको उपनाम

मुसलमानहरूलाई कुरआन र धार्मिक एवम् साहित्यका पुस्तकहरूमा "मुस्लिमून" र "उन्नते सुलेमा" को नामबाट याद गरिएको छ र अझै पनि संसारको हरेक कुनामा तिनीहरू "मुस्लिम" को नामबाट चिनिन्छन् । मुस्लिम शब्दको इस्लामसँग सम्बन्ध छ । इस्लामको अर्थ हो अल्लाहको शासनको सामुन्ने आफूलाई सुम्पनु, आत्मसमपर्ण गरिदिनु । यो एक स्थायी फैसला, एक निर्धारित सिद्धान्त, जीवनशैली र जीवन पथ हो । उनीहरू आफ्ना पैगम्बर हजरत मुहम्मदसित घनिष्ट सम्बन्ध र गहिरो लगाव राख्नुका बाबजूद जातिगत रूपमा मोहम्मदन् कहलाउँदैनन् । भारतमा प्रथम पटक अंग्रेजहरूले उनीहरूलाई 'मोहम्मडन्स' र उनीहरूको कानुनलाई 'मोहम्मडन ल' को नाम दिए । तर ती मानिसहरू जो इस्लामको वास्तविकताबाट परिचित थिए, यसमाथि आपत्ति जनाए र आफ्नो लागि त्यही पुरानो उपनाम "मुस्लिम" लाई प्राथमिकता दिए । र, ती संस्थाहरूलाई जसको नाम अंग्रेजहरूको प्रारम्भिक शासनकालमा "मोहम्मडन कालेज" वा "मोहम्मडन कन्फ्रेन्स" राखिएको थियो, लाई 'मुस्लिम' मा बदली दिए ।[21]

## आस्था र इस्लामी कानूनलाई आधारभूत महत्त्व प्राप्त छ

अकीदा (आस्था) र इस्लामी कानूनले मुसलमानहरूको पूरा जीवन व्यवस्था, सभ्यता एवम् समाजमा आधारभूत महत्त्व राख्दछन् । यिनीहरू प्राकृतिक रूपमा यस मामिलामा असाधारण रूपबाट संवेदनशील हुन्छन् । यिनीहरूको व्यक्तिगत र साम्प्रदायिक समस्याहरूमाथि विचार गर्ने तथा ऐन

---

21 उदाहरणार्थ स्व. सैय्यद अहमद खाँद्वारा स्थापित मद्रसतुल उलूम अलीगढको नाम पहिले "एंग्लो मोहम्मडन कालेज" थियो । जब यूनिभर्सिटी स्थापना भयो तब त्यसको नाम मुस्लिम यूनिभर्सिटी राखियो । यसैप्रकार अलीगढको विख्यात शैक्षिक सम्मेलनको नाम प्रारम्भमा "मोहम्मडन एजुकेशनल कान्फ्रेन्स" लेखियो ।



www.abulhasanalinadwi.org

कानून बनाउने यहाँसम्म कि समाजिक र नैतिक मामिलाहरूमा यस आधारभूत वास्तविकतालाई सामुन्ने राख्ने आवश्यकता छ। यो कुरा पनि ध्यानमा राख्नु पर्दछ कि उनीहरूको पर्सनल ल' (व्यक्तिगत वा साम्प्रदायिक कानून) कुरआनबाट लिइएको छ र त्यसको विवेचना एवम् विश्लेषण 'हदीस' वा 'फिका' का पुस्तकहरूमा गरिएको छ।

मुस्लिम साम्प्रदायिक कानून मुसलमानहरूको इस्लामी कानून वा धर्मको भाग हो र यो कुरआन एवम् हदीसबाट सावित छ। कुनै सामाजिक अनुभव अथवा सामाजिक विज्ञानको अध्ययन अथवा बुद्धिजीवी वर्ग, कानून निर्माताहरू र समाज सुधारकहरूको देन होइन। यसैले कुनै मुस्लिम सरकारले पनि यसमा संशोधन गर्न सक्दैन। यो यसकारणले धर्मको भाग हो र यसलाई व्यवहारमा ल्याउनु प्रत्येक मुसलमानका लागि जरूरी छ कि इस्लाममा धर्मको क्षेत्र आस्था एवम् उपासनासम्म मात्र सीमित छैन। यो पारस्परिक सम्बन्ध, कर्तव्य एवम् अधिकार, सभ्यता एवम् संस्कृतिमाथि छाएको छ र यसकारणले पनि कि यदि धर्मलाई सभ्यता एवम् संस्कृतिबाट र सभ्यता एवम् संस्कृतिलाई धर्मबाट अलग गरिदियो भने धर्म प्रभावहीन, सीमित, कमजोर र सभ्यता एवम् संस्कृतिको बेलगाम घोडा बन्न जानेछ र स्वार्थ तथा मनोमानीपन तिनीहरूमाथि छाइहाल्ने छन्।

## इस्लामी कानूनमा परिवर्तनको हक कसैलाई छैन

यिनीहरूमध्ये केही अंश कुरआनमा यति स्पष्टतासाथ आएको छ वा त्यसलाई निरन्तर यसप्रकार व्यवहारमा ल्याउँदै गरिएको छ र त्यसमाथि मुस्लिम विद्वान्हरूको यस्तो मतभिन्नता रहेको छ कि त्यसलाई अस्वीकृत गर्ने व्यक्ति कानून अनुहार इस्लामी परिधिबाट खारेज सम्भिइने छ। चाहे त्यसको विश्लेषण र व्यवहारिकतामा जतिसुकै जमानाको मतलब राखियोस् यसमा संशोधन एवम् परिवर्तनको प्रश्न नै उठ्दैन। यस मामिलामा कुनै मुस्लिम बाहुल्य देशमा निर्वाचित सरकार र कानूनका निर्माताहरूलाई पनि कुनै परिवर्तनको अधिकार छैन। र, मानिलिऔं यस्तो गरियो वा गरिने विचार



www.abulhasanalinadwi.org

छ भने यो धर्ममा विगाड र हस्तक्षेपको कार्य हो। जुन समस्या इज्तेहादी छ[22] र जसमा जमानाको परिवर्तनका साथ नियमित रूपमा संशोधन वा लचकता पैदा गरिदै आएको छ ती धार्मिक मुस्लिम विद्वान्हरू र इस्लामी विधिशास्त्र (फिक्ह) का विशेषज्ञहरू जो यसका लागि सक्षम छन्; आफ्नो अधिकार र आवश्यक विचार विमर्शपछि चिन्तन मनन गर्दै, वर्तमान परिस्थितिहरूलाई ध्यानमा राख्दै यी समस्याहरूलाई समय र व्यवहारिक जीवनमा लागू गराउन सक्दछन्। यो प्रक्रिया इस्लामी इतिहासमा प्रत्येक युगमा जारी रहेको छ र मुसलमानहरूको अन्तिम पिँढीसम्म यो जरूरी छ।

## पवित्रता (तहारत) को विशिष्ट परिकल्पना : दोस्रो विशेषता

स्वच्छता (Cleanliness) र पवित्रता (Purification) मा अन्तर छ। स्वच्छताको अर्थ हो शरीरमा फोहर मैला नहुनु, लुगा आदि सफा हुनु। पवित्रताको अर्थ हो शरीर वा लुगाहरूमा दिसा, पिसाब वा यस्ता खराब चीजहरू जस्तै रक्सीको थोपा, रगत, वीर्य, कुकुरको र्‍याल आदि, पशुहरूको गोबर अथवा चराहरूको गुह्य आदि लागेको नहोस्। अब यदि शरीर अथवा लुगाहरूमा पिसाबको एक छिटा पनि पर्‍यो भने वा रगतको थोपा वा गोवर आदि लागेको छ भने शरीर कत्ति नै सफा र लुगा कत्ति नै सेता किन नहोस् मुसलमान पवित्र हुन सक्दैन। यस फोहर शरीर र लुगामा नमाज पढ्नु वर्जित छ। यसैप्रकार यदि उसले दिसापिसाव पछि इस्तिन्जा (पानी अथवा सुख्खा माटोले मलमुत्रको अंगको सफाइ) गरेको छैन भने वा उसलाई सहवास (Intercourse) वा स्वप्नदोष पश्चात् स्नानको जरूरत छ भने ऊ अपवित्र हो। यस अवस्थामा ऊ नमाज पढ्न सक्दैन। यही आदेश भाँडाकुँडा, ओछ्यान र जमीन आदिको बारेमा पनि छ। यो जरूरी छैन कि यदि तयो सफा सुग्घर छ भने ऊ पवित्र (ताहिर) पनि छ। ती चीजहरू जसको उल्लेख माथि गरिएको छ, कुनै वस्तु वा शरीरमा लागेपछि सफा नगरीकन पवित्र हुने छैन।

---

22 अर्थात यस्तो जसको प्रत्यक्ष आदेश कुरआन वा हदीसमा वा इस्लामी विधिशास्त्र (फिक्ह) आदिमा साधारण रूपमा पाउन सकिदैन)



www.abulhasanalinadwi.org

## आहारको व्यवस्था : तेस्रो विशेषता

मुसलमानहरू खानु, पिउनु र पशुपंक्षीहरूको मासुको सेवनमा स्वतन्त्र छैनन् कि उनीहरूले जे चाहून् खाऊन् पिऊन्। उनीहरूका लागि कुरआन र इस्लामी कानूनमा वैधता र अवैधताको बीचमा एक सीमारेखा खिचिएको छ। उनीहरूले यसलाई उल्लंघन गर्न सक्दैनन्। पशुपंक्षीहरूको बारेमा उनीहरूलाई यो आदेश दिइएको छ कि ती पशुपंक्षीहरूलाई बिनाइस्लामी तरीकाले जबह गरी तिनीहरूको मासु नखाऊन्। यदि कुनै जनावर इस्लामी तरीकाले जबह गरिएन वा शिकार गर्दा कुनै चरालाई जबह गर्न सकिएन भने त्यो उनीहरूका लागि मूर्दाको बारेमा हुकुम भए सरहको हुनेछ। यसैप्रकार यदि जनावरलाई जबह गरिन्छ तर अल्लाहको अलावा कोही अन्यको नाममा गरिन्छ चाहे त्यो कुनै देवी देवता वा मुर्तिको नाममा गरिएको होस् अथवा कुनै पैगम्बर वली र शहीदको नाममा गरिएको होस्; त्यो मूर्दाको हैसियत राख्दछ र त्यसलाई खानु जायज छैन। जनावरहरूमा सुंगुर र कुकुरको मासु सधैंको लागि हराम र अपवित्र छ। केही जनावरहरूको मासु खानु मनाही र हराम छ। जबकि तिनीहरू आफ्नो अस्तित्वको हिसाबले अपवित्र छैनन्। जस्तै - सिंह, चीता आदि। यसैप्रकार केही पंक्षीहरू उनीहरूका लागि हलाल छन् र केही हराम। जस्तै शिकार गर्ने र पंजाबाट खाने पंक्षी (जस्तै- बाज) उनीहका लागि हराम छ र गैर शिकारी, चुच्चोले खाने पंक्षीहरू हलाल छन्। वास्तवमा यो इब्राहीमी सभ्यताको पहिचान हो र उहाँकै पसन्दलाई हलाल हरामको मापदण्ड घोषित गरेर मुसलमानहरूलाई चाहे त्यो संसारको कुनै देश र इतिहासको कुनै जमानाको होस्, यस आदेशको दायरामा राखिदिनु भयो।

## हजरत मुहम्मद स. संग हार्दिक सम्बन्ध : चौथो विशेषता

मुसलमानहरूको चौथो विशेषता उनीहरूको आफ्नो पैगम्बरसितको गहिरो लगाव हो। उनीहरूनिर पैगम्बर मुहम्मद स. को हैसियत मात्र एउटा महामानव, सम्माननीय व्यक्तित्व र धार्मिक गुरूको



www.abulhasanalinadwi.org

होइन, उनीहरूको सम्बन्ध आफ्नो नबीसँग यसभन्दा केही अधिक तथा यसभन्दा भिन्न छ। जहाँसम्म नबी स. को महान्ताको सम्बन्ध छ त्यसलाई यस विख्यात पंक्तिभन्दा उत्तम तरीकाले व्यक्त गर्न सकिँदैन-

**"बाद अज खुदा बुजुर्ग तुई किस्सा-ए-मुख्तसर"**

(कथा संक्षेपमा यो छ कि अल्लाहपछि तपाईंकै स्थान छ।) मुसलमानहरूलाई आफ्नो नबीको बारेमा सम्पूर्ण मुश्रिरकाना (अल्लाहका साथ अरूलाई पनि साझेदार ठहऱ्याउने) विचारहरू र त्यस बढाइचढाइबाट पनि रोकिएको छ जुन केही सन्देष्टाका अनुयायीहरूले आफ्ना सन्देष्टाका बारेमा लागू गरिराखेका छन्। एक 'सहीह् हदीस' मा स्पष्ट तरीकाले भनिएको छ, "मलाई मेरो हृदयबाट नबढाउनू र मेरो बारेमा त्यस बढाइचढाइबाट काम नलिनू जुन ईसाईहरूले आफ्ना सन्देष्टाहरूका बारेमा लागू गरिराखेका छन्। भन्नु छ भने यसरी भन्नू- "अल्लाहको दास अल्लाहको रसूल।"

## पैगम्बर मुहम्मद स. सँग अद्वितीय प्रेम

तर यस आस्था र सम्मानका साथ मुसलमानहरूलाई आफ्ना पैगम्बरका साथ त्यो भावनात्मक लगाव छ, त्यो हार्दिक सम्बन्ध छ जुन हाम्रो सीमित ज्ञान एवम् अध्ययनमा कुनै कौम (सम्प्रदाय) एवम् मिल्लत (धार्मिक समुदाय) मा आफ्ना सन्देष्टाका साथ पाइँदैन। यो भन्नु सही हुनेछ कि यिनीहरूमध्ये हजारौं-लाखौं व्यक्तिहरूले मुहम्मद स. लाई आफ्ना मातापिता, सन्तान तथा प्राणभन्दा अधिक प्रिय सम्झछन् र उहाँको मर्यादामा आँच आउनुसम्मलाई सहन गर्न सक्दैनन्। मुसलमानहरू यस मामिलामा यति संवेदनशील र भावुक हुन्छन् कि यस्तो नाजुक स्थितिमा उनीहरू अनियन्त्रित हुन जान्छन् तथा आफ्नो जीवन बलिदान गर्न पनि हिचकिचाउँदैनन्। हरेक युगमा यस व्याख्यानको पुष्टिको लागि प्रमाण र तर्क प्राप्त हुने छन्। आज पनि उहाँको मर्यादा, उहाँको नगरी, उहाँको बाणी, उहाँसँग सम्बन्ध राख्ने वस्तुहरू मुसलमानहरूका लागि प्रियतम चीजहरू हुन्।

यी चीजहरूले उनीहरूको रगत एवम् स्नायुतन्त्रमा चाल वा ताप



www.abulhasanalinadwi.org

उत्पन्न गरिरहन्छन् । यसको अभिव्यक्ति "जमिन्दार" नामक एक पत्रिकाका सम्पादक मौलाना जफर अली खाँले आफ्ना यी पंक्तिहरूमा बडो प्रभावी ढंगले गर्नु भएको छ। उहाँ लेख्नु हुन्छ-

नमाज अच्छी जकात अच्छी हज अच्छा रोजा भी अच्छा
मगर मै बावजूद इसके मुसलमाँ हो नही सकता ॥
न जब तक कट मरूँ मै ख्वाजा यसरब की इज्जत पर
खुदा शाहिद है कामिल मेरा ईमाँ हो नही सकता ॥

अर्थ: नमाज राम्रो, जकात राम्रो, हज राम्रो, रोजा पनि राम्रो
तर म हुन सक्दिन मुसलमान बावजूद यसको ॥
न जबसम्म कटी मरूँ म "ख्वाजा-ए-यसरब"[23]को
सम्मानमा हुन सक्दैन पूरा मेरो साक्षी छ खुदा ॥

जुन संख्यामा नबी स. माथि 'दरूद' पठाइन्छन् र मुसलमानहरूकहाँ यसको जुन महत्त्व छ; जति अधिक संख्यामा मुहम्मद स. को पवित्र जीवनीमाथि संसारका विभिन्न भाषाहरूमा पुस्तकहरू लेखिएका छन्; आत्माको जुन तडप, प्रेमको जुन भावनाबाट प्रेरित भएर र काव्यशैलीको जुन उत्कृष्ट नमूनाहरूबाट परिपूर्ण भाषाको जुन मिठास र गहिराइको अभिव्यक्ति 'नातिया शायरी'[24] मा गरिएको छ र गरिंदैछ त्यसको नजीर संसारको कुनै साहित्यमा पाइँदैन।

## ईशदूतत्व (पैगम्बरी) सिलसिलाको समाप्ति

मुसलमानहरूको के कुरामा पनि आस्था छ भने मुहम्मद स. अल्लाहको अन्तिम रसूल हुनुहुन्छ । उहाँमाथि 'वही' (अल्लाहको तर्फबाट रसुलहरूमाथि आदेश अवतरण हुने काम) एवम् दूतत्वको क्रम सधैंको लागि

---

23 ख्वाजाको अर्थ मालिक हो । यसरब मदीना शहरलाई भनिन्छ । अर्थात मदीनाको हाकिम, मालिक।

24 मोहम्मद स. को प्रशंसा वा यादमा जुन कविताहरू रचिन्छन् त्यसलाई 'नात' वा "नातिया शायरी" भनिन्छ।



www.abulhasanalinadwi.org

समाप्त भयो। अब उहाँपछि जसले दूतत्वको दावा गर्नेछ त्यो झुठो हो। यस आस्थाको आधार कुरआन, हदीस र 'तवातुर'[25] माथि छ र यसले मुस्लिम समाजको लागि सधैं एउटा सीमा रेखा (Line of Demarcation) को काम दिएको छ। यसले सधैं मुसलमानहरूलाई होशियार र चलाख मानिसहरूको षड्यन्त्रको शिकार हुनबाट बचाएको छ।

## सहाबा तथा मुहम्मद स. का परिवारका सदस्यहरुसँग प्रेम

ज-जसले मुहम्मद स. को जमाना पाए र जसलाई उहाँको जीवनकालमा उहाँलाई देख्ने वा भेट्ने सुअवसर प्राप्त भयो यस हालतमा कि उनीहरूको आस्था उहाँमाथि थियो, भने तिनीहरूलाई सामान्यतः 'सहाबा' भनिन्छ। मुसलमानहरू ती सबै सहाबा (व्यक्ति) हरूको बारेमा सद्विचार र उनीहरूको सेवालाई स्वीकार गर्नु आवश्यक सम्झन्छन्। उनीहरूलाई उदाहरणीय मुसलमान, आफ्नो उपकार गर्नेवाला तथा बुजुर्ग सम्झन्छन् र जहिले पनि जब उनीहरूले ती विभूतिहरूमध्ये कसैको नाम लिन्छन् तब "रजिअल्लाहु अन्हु" भन्दछन्। अर्थात् अल्लाह उनीहरूबाट राजीखुशी छ। यिनीहरूमध्ये चार उच्च कोटिका सहाबीहरूलाई जो क्रमशः मोहम्मद सल्ल. का उत्तराधिकारी एवम् खलीफा भए - हजरत अबू बक्र: (रजि.), हजरत उमर (रजि.), हजरत उस्मान (रजि.) र हजरत अली (रजि.), लाई यी सहाबाहरूमा पनि सर्वोच्च स्थान दिन्छन्। र, शुक्रबार (जुमा) वा ईद-बक्रईदको खुत्वा (अभिभाषण) मा मुहम्मद स. पछि उहाँहरूको नाम लिन्छन्। यिनीहरू बाहेक ६ अन्य सहाबा पनि छन् जसलाई मुहम्मद सल्ल. ले उनीहरूको जीवन कालमा नै स्वर्गको सुसमाचार दिनुभएको थियो। यी दश सम्माननित व्यक्तिहरू "अशर-ए-मुबश्शरा:" कहलाउँदछन्।

मुहम्मद स. को परिवारका सदस्यहरूलाई 'अहले बैत भनिन्छ

25 कुनै भनाइ वा गराई (कथनी-करणी) लाई सुन्ने वा देख्नेहरू अनि त्यसलाई नक्कल गर्नेहरू हरेक युगमा यति अधिक संख्यामा रहे कि मानव बुद्धिले यी सबैलाई अविश्वसनीय नभनोस्।



www.abulhasanalinadwi.org

जसमा उहाँका पत्नीहरू, छोरीहरू र उहाँका नातिहरू (हसन रजि. र हुसैन रजि.) सम्मिलित छन् । मुसलमानहरूले यिनीहरूसँग प्रेम गर्नुलाई पनि अनिवार्य सम्झन्छन् र यिनीहरूलाई सदैव प्रेम एवम् सम्मान तथा इज्जत र शिष्टताका साथ याद गर्दछन् । यस कामलाई आफ्नो सन्देष्टासँग प्रेमको पहिलो जरूरी पहिचान र जरूरी चीज सम्झन्छन् ।

## पवित्र कुरआनको श्रेष्ठता र त्यसको स्थान

यही मामिला मुसलमानहरूको कुरआन शरीफसँग छ । उनीहरूले कुरआनलाई मात्र विद्वत्ता, नैतिक उपदेशहरू र सामाजिक कानूनको कुनै संकलन ठान्दैनन् जुन कुनै खास रूपमा मात्र सम्मानित होस् । र, जब सरलतासँग सम्भव छ भने व्यवहारमा त्यसलाई कार्यान्वयन गरियोस् । बरू उनीहरूले यसलाई सुरूदेखि अन्तसम्म शाब्दिक तथा अर्थको हिसाबले अल्लाहको अवतरण गरेको वाणी सम्झन्छन् । यसको एक एक अक्षर र एक एक बिन्दु (नोक्ता) सुरक्षित छन् । यसमा कुनै मात्राको पनि संशोधन वा परिवर्तन हुन सक्दैन । मुसलमानहरू कुरआन सधैं वजूका साथ पढ्छन् र उच्च स्थानमा राख्दछन् ।

## मुसलमानहरूमा कुरआनको हिफ़ज (कण्ठस्थ) गर्ने चलन

सारा संसारमा कुरआन शरीफ कण्ठस्थ (हिफ्ज) गर्ने चलन छ । यसा लागि धेरै स्कूल-मद्रसाहरू स्थापित छन् जहाँ कुरआन शरीफ शुद्ध उच्चारणसाथ पढ्ने शिक्षा दिइन्छ र 'हिफ्ज' गराइन्छ । केवल भारतमा हाफिजहरूको संख्या हजारबाट बढेर लाखौंसम्म पुगिसकेको छ । यसमा यस्ता राम्रा हाफिजहरू पनि छन् जसले एक रातमा पूरा कूरआन सुनाइदिन्छन् र यस्ता हस्तीहरू पनि छन् जसको रम्जान महिनामा प्रतिदिन पूरा कुरआन पढ्नु वर्षौंदेखि आदतको रूपमा चलिआएको छ । यी हाफिजहरूमा १०-१२ वर्षका बच्चाहरू पनि अधिक संख्यामा छन् । जसलाई यो मोटो र ठूलो किताब[26] कण्ठस्थ छ । यसलाई उनीहरूले धारा-प्रवाहका



www.abulhasanalinadwi.org

साथ पढ्न सक्छन् । नारीहरूमा पनि हरेक युगमा ठूलो संख्यामा हाफिजहरू रहेका छन् ।[27]

## विश्वबन्धुत्वका साथ सम्बन्ध र रूरूचि : पाचौं विशेषता

मुसलमानहरूको पाँचौं विशेषता यो हो कि उनीहरूले आफूलाई एक विश्वव्यापी मिल्लत (समुदाय) र आफ्नो धर्मलाई विश्वव्यापी धर्म सम्झन्छन् । उनीहरूले यस सामाजिक विशेषतालाई सम्झनु र आदर गर्नु वास्तविकताको माग हो । मुसलमानहरू आफ्नो देशसँग (जहाँका उनीहरू नागरिक हुन्) लगाव (सम्बन्ध) एवम् प्रेम तथा वफादारी वा निष्ठाको पूर्ण भावना र त्यसको निर्माण वा विकासमा सक्रिय सहभागिताका साथै आफूलाई त्यस अन्तर्राष्ट्रिय परिवार अथवा समुदायको एक सदस्य मान्दछन् । उनीहरू सामान्य इस्लामी समस्याहरूमा रूचि लिन्छन् । अन्य इस्लामी देशहरूका समस्याहरूबाट प्रभावित हुन्छन् । यथासम्भव कानूनको सीमाभित्र रहेर उनीहरूका साथ सहानूभूति र नैतिक सहायतालाई देशभक्ति तथा देशप्रति वफादारीको प्रतिकूल मान्दैनन् । बरू यसलाई धर्म, मानवता, प्रकृति तथा न्यायको माग सम्झन्छन् र यसलाई आफ्नो देशको लाभ र स्थायित्वको कारण मान्दछन् । यी मुसलमानहरूका सामाजिक सद्भाव र उनीहरूका शिक्षा एवम् इतिहासका स्वभाविक माग हुन् र उनीहरूका बारेमा कुनै राय कायम गर्नु अथवा कुनै कार्यशैली निर्धारण गर्नुभन्दा पहिला उनीहरूको स्वभाविक विशेषतालाई बुझ्नु धेरै जरूरी छ ।

---

26 भारतमा साधारणतया औसत आकारको कुरआन शरीफ ६०० देखि लिएर ८०० पृष्ठका हुन्छन् ।

27 केवल मेरो सानो परिवारमा मेरो बाल्यकालमा लगभग एक दर्जन हाफिज महिलाहरू थिए जसमा केवल मेरो घरमा मेरी आमा, सानी आमा, एउटी फुफु, एउटी माइजू र सानी आमाकी छोरी थिइन् । उनीहरूले रम्जानमा कुरआन सुनाउँदथे र महिलाहरूको एक ठूलो संख्या उनीहरूका पछाडि हुन्थे । (लेखक)



www.abulhasanalinadwi.org

# अध्याय - तीन

# मुसलमानहरूका-चाड

## मुसलमानहरूका दुई ठूला चाड

मुसलमानहरूको दुई सबभन्दा ठूला पर्व ईदुल फित्र तथा ईदुल अज्हा हुन् जसलाई ईद र ब्रकईदको नामबाट पनि सम्झिने गरिन्छ। ईद रम्जान महिनाको समाप्ति र शौब्वाल (इस्लामी क्यालेण्डर अनुसार दशौं महीना) को चन्द्रमा उदाउँदा अर्थात शौब्वालको पहिलो तारीखमा हुन्छ। किनकि रम्जानको महीना रोजा (उपवास) को महीना हो। यो महीना धैर्य एवम् उपासना तथा स्वेच्छाको नियन्त्रण एवम् आत्मिक व्यस्ततामा बित्दछ। यसैले स्वभाविक रूपमा ईदको चन्द्रोदयको ठूलो प्रतीक्षा हुन्छ। ईदको चन्द्रमा र सूर्यास्तको बेला मुसलमानहरूका आँखा आकाशतिर हुन्छन्। सबै उमेर र सबै वर्गका मानिसहरू चन्द्रमाको खोजमा व्यस्त रहन्छन्। जसै चन्द्रमामा दृष्टि पर्दछ हरेकतिर बधाइको आदन-प्रदान सुरू हुन्छ। सानाले ठूला-बडालाई सलाम गर्दछन्। बच्चाहरूले परिवारका ठूला-बडाहरू र आइमाईहरूलाई ईदको बधाइ सुनाउँदछन् र उनीहरूबाट आशिर्वाद लिन्छन्। जो व्यक्तिहरू शिक्षित हुन्छन् र सन्देष्टाले भनेका कुराहरू उपर आफूलाई चलाउने प्रयत्न गर्दछन् उनीहरूले चन्द्रमा हेरेर 'दुआ' पढ्दछन् जसको अर्थ यस प्रकार छ–

"(ए चन्द्रमा!) मेरो र तेरो पालनकर्ता अल्लाह हो। तिमी सही मार्ग देखाउने र भलाइको चन्द्रमा हौ। हे अल्लाह। यस महिनालाई हामीमाथि शान्ति र आस्था, सुरक्षा र आज्ञापालन तथा आफ्नो शक्तिको प्रेरणासाथ आरम्भ गर।"

## ईदको स्वागत र त्यस दिनको कार्य

कैयौं दिन अगाडि देखि नै ईदको तयारी सुरू भइहाल्छ। ईदका रातमा बजार र घरहरूमा ठूला चहलपहल हुन्छन्। बिहानदेखि नै ईदको



www.abulhasanalinadwi.org

तयारी प्रारम्भ हुन्छ । यस वास्तविकताको अभिव्यक्तिको लागि कि आज "रोजा" छैन र अल्लाहले २९ वा ३० दिनको विपरीत आज खानपिनको आज्ञा दिएको छ । विहान आफ्नो हैसियत अनुसार सेबई-दूध र खजूरको सेवन गरिन्छ । अनि स्नान गरिन्छ । अल्लाहले जसलाई सामर्थ्य प्रदान गरेको छ तिनीहरूले त्यस दिन नयाँ लुगा जरूरी सम्भन्छन् । नुहाइधुवाइ गरी, लुगा लगाएर, वासना लगाएर सबैजना मस्जिद, ईदगाह वा खुल्ला मैदानतिर प्रस्थान गर्दछन् । मस्जिद वा ईदगाह जानुभन्दा अघि गरीबहरूका लागि केही अनाज (खाद्य सामग्री) वा नगद भिक्दछन् । यसलाई 'सद्क-ए-फित्र' भनिन्छ । यो यदि गहुँबाट चुक्ता गरिन्छ भने यसको तौल करीब पौने दुई किलो (एक किलो ६३३ग्राम) हुन्छ र यदि जौ छ भने यसको दोब्बर वा यसको मूल्य पनि चुक्ता गर्न सकिन्छ जुन अनाजको दरभाउ अनुसार घटबढ हुने गर्दछ । यो 'सद्क' बालिगका अतिरिक्त बच्चाहरूको तर्फबाट पनि तिर्ने गरिन्छ । ईदको नमाज सूर्य उदाएपछि पढ्नु 'सुन्नत' छ । यसमा जति छिटो हुन्छ त्यति नै राम्रो हुन्छ । ईदको सबभन्दा ठूलो जमाअत शहरको ठूलो मस्जिद अथवा ईदगाहमा हुन्छ ।

## ईदको नमाज

मुसलमानहरूले ईदको नमाज पढ्न जाने बेलामा र त्यहाँबाट आउने बेलामा अल्लाहको प्रशंस तथा देनको गुण गाउने मन्त्रको विस्तारै उच्चारण गर्दै जान्छन् । पैगम्बरको तरीका अनुसार यिनीहरू एउटा बाटोबाट मस्जिद (वा ईदगाह) जाने र अर्को बाटोबाट आउने गर्दछन् ताकि दुवैतिर अल्लाहको श्रेष्ठता र मुसलमानहरूको उपसनाको रूचिको अभिव्यक्ति होओस् । यसबाट भीडमा कमी हुने लाभ पनि छ ।

दिनमा पाँच पटकका नमाज र जुमाको विपरीत ईद र बक्रईदको नमाजभन्दा पहिला न त 'अजान' हुन्छ न त 'इकामत' न त कुनै 'सुन्नत' वा 'नपल' नमाज नै हुन्छ । जसै मुसलमानहरू भेला हुन्छन् वा नमाजको समय हुन जान्छ 'इमाम' अगाडि बढ्नुहुन्छ र नमाज सुरू गर्नु हुन्छ । आम नमाजहरूजस्तै हरेक रकअतमा दुई तक्बीर हुन्छन् । पहिलो 'तक्बीर तहरीमा' जसबाट नमाज



www.abulhasanalinadwi.org

सुरू गरिन्छ र अर्को 'रूकुअ' को 'तक्बीर' । तर ईद-बक्रईदको नमाजमा 'हन्फी' तरीका अनुसार प्रत्येक रकअतमा चार तक्बीर छन् । सलाम फेरेपछि तुरून्तै इमाम 'मिम्बर' मा जानुहुन्छ र ईदको खुत्बा (अभिभाषण) दिनुहुन्छ जुन शुक्रबार (जुमा) को नमाज जस्तै दुई भागमा बाँडिएको छ । पहिलो भागको खुत्बा दिएर केही सेकेण्डको लागि इमाम बस्नुहुन्छ अनि फेरि उभिनुहुन्छ र अर्को भागको खुत्बा दिनुहुन्छ । जुमाको नमाजमा पहिले "खुत्वा" हुन्छ अनि नमाज । तर ईदमा पहिला नमाज अनि खुत्बा हुन्छ । खुत्बामा ईद र त्यसको सन्देश, आदेश, आवश्यकता र समयको मागमाथि प्रकाश पारिन्छ ।

## बक्र-ईदमा कुर्बानीको तयारी

बक्र-ईदमा केवल कुर्बानी थपिएको छ । यसमा 'सद्क-ए-फित्र' दिइँदैन । यस बाहेक एउटा अन्तर यो पनि छ कि ईद शौव्वालको पहिलो तारीखको दिन मनाइन्छ भने ईदुल अज्हा जिलहिज्ज महिनाको दशौं तारीखका दिन मनाइन्छ । यो त्यो दिन हो जब मक्कामा हाजीहरूको हजको प्रक्रियाको समाप्ति हुन्छ र 'मेना' मा जुन मक्काबाट चार मील टाढा शहरबाट बाहिर छ अल्लाहको जप (याद.), उपासना, कुर्बानी र अल्लाहका देनहरूको प्रयोग र खानपिनमा व्यस्त भइन्छ र अर्को अन्तर यो छ कि ईद एक दिनको हुन्छ भने बक्र-ईद तीन दिनको । ईदको नमाज दशौं तारीखमा नै पढिन्छ । तर कुर्बानी बाह्रौं तारीखको सूर्यास्तसम्म हुन सक्छ । बक्र-ईदको अवसरमा एउटा एउटा अर्को कुरा पनि जोडिएको छ त्यो हो नौ तारिखको फज्र नमाजको समयदेखि लिएर तेह्र तारिखको अस्र नमाजसम्म प्रत्येक 'फर्ज' नमाजपछि केही विशेष शब्दलाई ठूलो स्वरमा उच्चारण गरिन्छ जसमा अल्लाहको श्रेष्ठताको घोषणा र त्यसको प्रशंसाको बयान गरिएको छ । यसलाई "तक्बिराते तश्रीक" भन्दछन् । यसको अर्थ यसप्रकार छ–

"अल्लाह सबभन्दा ठूलो छ, अल्लाह सबभन्दा ठूलो छ । अल्लाह बाहेक कोही पूजनीय छैन । र, अल्लाह सबभन्दा ठूलो छ, अल्लाह सबभन्दा ठूलो छ । र, अल्लाहकै लागि सारा प्रशंसाहरू छन् ।"



www.abulhasanalinadwi.org

## दुवै चाड मुसलमानहरूका अन्तर्राष्ट्रिय चाड हुन्

ईदुल-फित्र र ईदुल-अज्हा मुसलमानहरूका अन्तर्राष्ट्रिय चाड हुन् । यी कुनै मुलुक, जाति, सम्प्रदाय र वर्गका लागि खास छैनन् । यी ती दुई चाड हुन् जसको बारेमा कानूनी र धार्मिक रूपले कसैको विरोधाभास छैन । कुनै युगमा पनि यसमा वादविवाद खडा भएन । करीब सारा मुलुकहरूमा चाहे बहुसंख्यक मुसलमानहरूको मुलुक होस् वा अल्पसंख्यकको, उनीहरूका यी चाडहरू मनाउने तरीका र उनीहरूको व्यवहार तथा अनिवार्य प्रक्रियामा कुनै ठूलो अन्तर छैन । यो ती तमाम धार्मिक र व्यवहारिक कर्म र उपासनाको विशेषता हो जुन कुरआन एवम् हदीसबाट सावित छ र मुसलमानहरूमा निरन्तर रूपमा चलिआएको छ ।



www.abulhasanalinadwi.org

# अध्याय - चार

## मुसलमानहरूको रहन-सहन

### जन्मदेखि प्रौढावस्थासम्म

इस्लामी कानूनले मुसलमानको लागि जन्मदेखि मृत्युसम्म यस्तो व्यवस्था बनाएको छ र यस्तो वातावरण बनाउने प्रयास गरको छ जसमा उसले यस वास्तविकतालाई भुलाउन नसकोस् । उसलाई हरेक समयमा र जीवनको हरेक मंजिलमा याद रहोस् कि ऊ इब्राहीमी एवम् मुहम्मदी मिल्लत (समुदाय) को एक व्यक्ति हो, एउट विशिष्ट कानूनको अनुयायी हो। उसले एक अल्लाहलाई मान्दछ र ऊ त्यसको आज्ञाकारी भक्त हो।

### बच्चाको जन्म र तिनका कानहरूमा 'अजान' एवम् 'इकामत'

कुनै मुसलमानको घरमा जब कुनै बच्चा पैदा हुन्छ तब सबभन्दा पहिला परिवार वा टोलका असल मानिस वा ठूला-बडाकहाँ ल्याउँदछन् । उसले बच्चाको दायाँ कानमा 'अजान' र बायाँ कानमा 'इकामत' भन्दछ। यो 'अजान' एवम् 'इकामत' नमाजको लागि खास हो । बच्चाले नमाजको त अलग कुरा अजान तथा इकामतको पनि मतलव एवम् उद्देश्य बुझ्दैन । यो अजान र इकामतको अर्थ र उद्देश्य यो हुन्छ कि सबभन्दा पहिला उसको कानमा अल्लाहको नाम र उसको उपासनाको पुकार परोस् । यस्तो अवसरमा कुनै ठूला-बडाले चबाएको खजूर वा छोहोराको केही भाग बरकत (अभिवृद्धि) को लागि बच्चाको मुखमा दिने पनि चलन छ। यो कुरा पैगम्बर मोहम्मद स. को व्यवहारबाट पनि प्रमाणित छ र यो सुन्नत त्यहींबाट चलिआएको छ।



www.abulhasanalinadwi.org

## बच्चाको अकीका र त्यसको तरीका

सातौं दिन बच्चाको अकीका गर्नु 'मुस्तहब'[28] छ । कुनै कारणवश यदि सातौं दिनमा भएन भने चौधौं दिन र यसै हिसावबाट पछि हुन्छ । यदि छोरा हो भने दुई खसी र छोरी हो भने एउटा खसी जबह गरिन्छ । त्यसको मासु गरीब र प्रियजनहरूमा बाँडिन्छ तथा घरमा पनि खाने खुवाउने गरिन्छ । तर, अकीका र यी जनावरहरूलाई जबह गर्नु इस्लामी कानून अनुसार न त 'फर्ज' छ न त 'वाजिव' (जरूरी) छ । यदि कसैसँग यसको सामर्थ्य छैन भने यसको आवश्यकता पनि छैन ।

## बच्चाको नामकरण र त्यसमा इस्लामी गुणको अभिव्यक्ति

साधारणतया अकीकाको समयमा नै बच्चाको नामाकरण गरिन्छ । प्राय: परिवारको कुनै ठूला-बडा, टोल वा मस्जिदका कुनै विद्वान् र असल मानिसबाट नामकरण गराइन्छ अथवा आफैले वा उनीहरूको बुजुक व्यक्तिले आफ्नो इच्छाबाट कुनै नाम चयन गर्दछ । नाम राख्दा प्राय: अरबी शैलीको नामलाई प्राथमिकता दिइन्छ ताकि बच्चाको नामबाट नै बुझियोस् कि त्यो मुसलमान हो । मुसलमान बुद्धिजीवीहरू यसमा धेरै मनोवैज्ञानिक लाभहरू बताउँदछन् र केही यस्ता देशहरू (जस्तो कि चीन) को उदाहरण दिएर यस आवश्यक कामको महत्त्वमाथि जोड दिन्छन् जहाँ नामबाट यो अड्कल गर्न सकिदैन कि त्यो मानिस मुस्लिम हो वा गैर-मुस्लिम । जहाँसम्म इस्लामी कानूनको सम्बन्ध छ, यसका बारेमा कानूनी रूपमा मुसलमानहरूलाई खास नामहरूका लागि बाध्य पारिएको छैन । केवल यति मार्गदर्शन गरिएको छ कि सबभन्दा असल नामहरू ती हुन् जसबाट अल्लाहको भक्ति अर्थात् तौहीद (एकेश्वरवाद) को अभिव्यक्ति होस् । यसैले संसारका सम्पूर्ण इस्लामी

---

28 भारतमा जुन काम गर्दा पुण्य प्राप्त हुन्छ र नपर्दा पाप पनि हुँदैन भने त्यसलाई 'मुस्तहब' भनिन्छ ।



www.abulhasanalinadwi.org

देशहरूका मुसलमानहरूका नाममा अधिकांश ती नामहरू छन् जुन “अब्द (दास)” को शब्दबाट प्रारम्भ हुन्छ। जस्तै अब्दुल्लाह, अब्दुर्रहमान, अब्दुल वाहिद, अब्दुल अहद, अब्दुल समद, अब्दुल अजीज, अब्दुल माजिद, अब्दुल मजीद[29] आदि।

यो पनि आवश्यक छ कि नामबाट शिर्क, घमण्ड वा अवज्ञाको अभिव्यक्ति नहोस्। यसैकारणले ‘मलिकुल मुलुक’ र ‘शहंशाह’[30] जस्ता शब्दहरूलाई अप्रिय मानिएका छन्।

## नामकरणमा नबी तथा सहाबीहरूको नामलाई महत्त्व

मुसलमानहरू सौभाग्यको उत्तम यशको लागि नबीहरू र सहाबीहरूको नामलाई प्राथमिकता दिन्छन्। यस क्रममा स्वभाविक रूपमा मुसलमानहरूको ध्यान सबभन्दा पहिला आफ्नो पैगम्बर, उनका साथीहरू र उनका परिवारका आदरणीय व्यक्तिहरूतिर जान्छ।

नामको सिलसिलामा यो तथ्य उल्लेखनीय छ कि हजरत मोहम्मद स. को गोत्र-सम्बन्ध र मुसलमानहरूको ज्यादा लगाव इस्माईली वंशसँगै हुन्छ। बनी इस्माईल र बनी इस्राईल (अरबी तथा यहुदीहरू) बीच दुराग्रह र विरोध प्रारम्भदेखि नै चल्दै आइरहेको छ। तर, मुसलमानहरूको आस्थामा अल्लाहका सम्पूर्ण पैगम्बरहरू श्रद्धेय र आदरनीय छन्। उनीहरूमाथि आस्था राख्नु आवश्यक छ; चाहे उनीहरू इस्माईली शाखाका हुन् अथवा इस्राईली शाखाका। यसैले मुसलमानहरू नामको बारेमा कुनै वंश वा पुस्ताको पक्षपाती छैन। यसैको परिणाम हो कि केवल भारतमा लाखौंको संख्यामा यस्ता मुसलमानहरू छन् जसको नाम इस्हाक र उनका सन्तानहरूका नाममा राखिएका छन्। उनीहरू इस्हाक, याकूब, युसुफ, दाऊद, सुलेमान, मूसा, हारून, इमरान, जकरिया र यह्या कहलाउँछन्। यी

---

29 यी नामहरूको अर्को अंश रहमान, वाहिद आदि अल्लाहको गुणवाचक नामहरू हुन्। रहमानको अर्थ हुन्छ-अति दयालु, वाहिदको अर्थ हुन्छ एक्लै, अहमदको अर्थ हुन्छ एक, समदको अर्थ हुन्छ कसैको मोहताज नभएको जसको सबैलाई जरूरत होस्।

30 शहंशाहको अर्थ बादशाहको पनि बादशाह हुन्छ। मलिकुल मुलुकको अर्थ



www.abulhasanalinadwi.org

सबै इस्माईली शाखासँग सम्बन्ध राख्दछन् । यसैप्रकार आइमाईहरूमा मरियम, सफूरा, आसिया नाम पाइन्छन् जुन इस्राईली शाखाका बुज्रुक महिलाहरूका नाम हुन्।

## पवित्रताको शिक्षा

बच्चा जब केही ठूलो हुन जान्छ र केही सम्झन बुझ्न थाल्दछ तब उसलाई पवित्रताको शिक्षा दिइन्छ अर्थात् दिसा-पिसाबपछि पानीले पवित्रता हासिल गर्ने तथा अपवित्र वस्तुहरूबाट बच्ने र शरीर एवम् लुगाहरूलाई अपवित्रताबाट बचाउने निर्देशन दिइन्छ । स्पष्ट छ बच्चा यसको बारेमा पूर्ण रूपले सावधान रहन सक्दैन । यसमा वातावरण, शिक्षा-दीक्षा, पारिवारिक परिवेश र पेशाको पनि धेरै प्रभाव पर्दछ । तैपनि धार्मिक प्रवृत्ति भएका मातापिताहरूले यस कुरामा ध्यान दिन्छन् र दिनु अपरिहार्य पनि छ ।

## नमाज पढ्ने निर्देशन तथा त्यसको शिक्षा र तालीम

यस उमेरमा बच्चाहरूलाई 'वजू' गर्ने तरीका पनि सिकाइन्छ र नमाजको पनि रूचि दिलाइन्छ । पिता वा खानदानको बुज्रुक व्यक्तिले बच्चालाई प्राय: आफूसँगै मस्जिद लैजान्छन् र बच्चाहरू आफ्ना ठूला-बडाहरू तथा टोलवालाहरूका साथ खडा भएर नमाजको नक्कल गर्न थाल्दछन्। 'हदीस' मा आएको छ कि बच्चा जब सात वर्षको हुन्छ तब त्यसलाई नमाज पढ्ने निर्देशन दिइयोस् । जब १० वर्षको हुन्छ तब नमाजको लागि दबाब दिइयोस्। नमाज पढेन भने कडाइ गरियोस्।

## इस्लामी शिष्टाचार र सामाजिक शिक्षा

यसै उमेरमा धार्मिक मातापिता र शिक्षित आमाहरूले बच्चाहरूलाई इस्लामी शिष्टाचारको शिक्षा दिन्छन् । जस्तै सबै असल कामहरू (खानु, पिउनु, हात मिलाउनु आदि) दायाँ हातबाट गरियोस् र



www.abulhasanalinadwi.org

दिसा-पिसाब आदि बायाँ हातबाट। पानी बसेर र यथासम्भव तीन श्वासमा पिइयोस्। ठूला-बडाहरूलाई सलाम गरियोस्। हाच्छ्यूँ आयो भने "अल्हम्दूलिल्लाह" भनियोस्। खाना खाँदा 'बिस्मिल्लाह' भनेर आरम्भ गरियोस् र अल्लाहको प्रशंसा तथा धन्यवाद ज्ञापनबाट समापन गरियोस्। यसै उमेरमा उसलाई कुरआनका साना-साना सूर:हरू र दैनिक काममा आउने दुआहरू कण्ठस्थ गराइन्छ। अल्लाहको संदेष्टा र भक्तहरूको यस्तो घटनाक्रम बयान गर्ने र सुनाउने गरिन्छ जसबाट उसको आस्था परिपक्क तथा सही र विचार राम्रो बनोस्; बच्चाले त्यसलाई अनुकरणीय ठान्न थालोस्।

## युवावस्थादेखि मृत्युसम्म

बालिग हुनासाथ (जसको लागि १५ वर्षको आयु पर्याप्त सम्भिइन्छ) बच्चाहरूमा नमाज, रोजा र खास शर्तहरूका साथ जकात तथा हज अनिवार्य हुन जान्छ। यी कर्महरूलाई छोडेमा उनीहरू पापी ठहर्दछन्। अब आयज, नाजायज, पुण्य एवम् पाप (वा सजाय) को कानून उनीहरूमाथि लागू हुन जान्छ।

## निकाह (विवाह)

इस्लाममा निकाह वा विवाहको आयोजन एकदमै सादा र संक्षिप्त छ। यसलाई जीवनको एक अनिवार्य प्राकृतिक माग र एक उपासनाको हैसियतले पूरा गरिन्छ। केवल कबुलियतको दुई शब्द र दुई साक्षी यसका लागि आवश्यक छ। यसको उद्देश्य यो हो कि यो सम्बन्ध दुई समभ्फदार बालिग व्यक्ति बीच भइरहेको छ- अपराधिक र गोपनीय ढंगबाट लुकी-छिपी होइन। यसैले कुनै प्रकारले घोषणा तथा प्रचारका साथ यो हुनु जरूरी छ र यसको लागि साक्षी हुनु जरूरी छ। पुरूषहरूले 'महर' लाई जरूरी सम्भोस् र महिलाको सुरक्षा एवम् इज्जत र खानपिनको खर्चको जिम्मेवारी लेओस्। यस बाहेक अरू कुनै चीज आवश्यक छैन।



www.abulhasanalinadwi.org

इस्लामी इतिहासमा यसको पनि उदाहरण पाइन्छ कि बावजूद यसको हजरत मुहम्मद स. को जमानामा मदीनामा मुसलमानहरूको जनसंख्या धेरै कम र सीमित थियो, केही यस्ता सहाबीहरू जो मक्काबाट हिजरत (अल्लाहको लागि पलायन) गरेर आएका थिए र जसको मुहम्मद स. सँग गहिरो एवम् पारिवारिक सम्बन्ध थिएन, उनीहरूले मदीनामा विवाह गरे र स्वयम् पैगम्बर मोहम्मद स. लाई विवाहोत्सवमा आमन्त्रित गर्ने जरूरी सम्झेनन् । हजरत मोहम्मद स. लाई ती सहाबीहरूको विवाहको खबर विवाह भइसकेपछि र त्यो पनि संयोगवश हुन्थ्यो।

## निकाह पढ्ने चलन र त्यसको तरीका

निकाहको बढी सही तरीका यो हो कि केटी (वधू) को पिता वा कुनै अर्को 'वली'[31] ले निकाह पढाओस् । यसकारण कि हजरत फात्मा रजि. को निकाह हजरत अली रजि. सँग स्वयम् नबी स. ले पढाउनु भयो । निकाहको बेला दुई जना साक्षी वधूनिर गएर उसलाई भन्दछन् कि उसको निकाह "फलानो" पुरूषसँग "यति" महर[32] मा हुन गइरहेको छ । यसको उत्तर साधारणतया मूक तथा चूपचाप तरीकाले दिइन्छ । यसलाई वधूको स्वीकारोक्ति सम्झिने गरिन्छ । यो साक्षी र 'वकील'[33] प्राय: जसो आफ्नो नजिकका नातादार हुन्छन् । यसपछि निकाह पढाउने व्यक्तिले उच्च स्वरमा कुरआन शरीफका 'आयत' हरू, 'हदीस' हरू र 'दुआ' का केही वाक्यहरू अरबीमा भन्दछन् जसलाई 'खुत्ब-ए-निकाह' भनिन्छ ।

---

31 वली केटीको त्यस पुरूष नातेदारलाई भन्दछन् जो बुद्धिमान र बालिग होस्; वारिसको लायक होस् र इस्लामी कानूनले उसलाई त्यस किसिमको काम गर्ने अधिकार दिएको होस् ।

32 महर त्यो रकम वा अन्य सम्पत्ति हो जुन निकाहको अवसरमा बरले बधूलाई दिन्छ वा दिने प्रतीज्ञा गर्दछ ।

33 निकाहमा वर र वधू दुवैको तर्फबाट प्रतिनिधित्व गर्ने व्यक्तिहरू ।



www.abulhasanalinadwi.org

यसपछि निकाह कबूल गराइन्छ जसमा साधारण रूपमा यो वाक्य हुन्छ - "फलानो व्यक्तिको छोरीसँग जसको नाम फलानो हो, लाई उनको तर्फबाट यति महरमा तिम्रो निकाह गरिदैछ, के तिमीले कबूल गऱ्यौ ?" नजिकमा रहेका मानिसहरूले सुन्ने गरी बधुद्वारा जवाफ दिइन्छ -"मैले कबूल गरें ।" अनि काजी (निकाह पढाउने व्यक्ति) र सबै उपस्थित व्यक्तिहरू दुआको लागि हात उठाउँदछन् र दुआ गर्दछन् कि बर-बधूमा दया-प्रेम होस् र यिनीहरूको वैवाहिक सम्बन्ध एवम् जीवन सुमखय होस्।

## निकाहको बेलामा संक्षिप्त अभिभाषण र पति-पत्नीको अधिकारको बयान

निकाहको बेला निकाह पढाउने व्यक्तिले अरबीमा 'खुत्बा' पढ्छ । खुत्बाको अरबी भाग पढेपछि उर्दूमा संक्षिप्त सम्बोधन गर्दछ जसमा निकाह एवम् त्यसको जिम्मेवारीहरूमाथि प्रकाश पारिन्छ र के प्रयास गरिन्छ भने निकाह एक रीति-रिवाज तथा आनन्दको चीज मात्र भएर नबसोस् बरू यसमा वर (दुलहा) र उपस्थित व्यक्तिहरूलाई धार्मिक र नैतिक सन्देश प्राप्त होस्। र, उनीहरूमा जिम्मेवारीको भावना जागृत होस्।

## एक अभिभाषण (खुत्बा) को नमूना

सज्जनवृन्द ! यो निकाह मात्र रीति-रिवाज र मानसिक मागको परिपूर्ति गुर्न होइन । निकाह केवल एक उपासना होइन, बरू कैयौं उपासनाहरूको संगम हो। यो इस्लामी कानूनको एउटा आदेश होइन दर्जनौ र बीसौं आदेशसँग यो सम्बद्ध छ। यसको महत्त्व कुरआन र हदीस दुबैमा छ। फिक्ह (विधिशास्त्र) का किताबहरूमा यसको स्थायी अध्याय छ। तर यस 'सुन्नत'बाट लापरवाही जति प्रचलित छ त्यति अन्य सुन्नतको सम्बन्धमा छैन । बरू यसलाई अल्लाहको अवज्ञा, कामवासनाको दासता र शैतानको आज्ञापालन तथा रीति-रिवाजलाई अंगाल्ने मैदान बनाइएको छ। निकाहमा हाम्रो जीवनका लागि परिपूर्ण सन्देश छ । निकाहको प्रवचन (खुत्बा) मा



www.abulhasanalinadwi.org

कुरआनका जुन आयतहरू प्रारम्भमा पढियो त्यसमा भनिएको छ कि आदम र उनकी पत्नी एक एक्लो हस्ती थिए । यिनीहरूबाट अल्लाहले मानव वंशजलाई बढायो।

धरतीलाई मनुष्यहरूबाट भरिदियो । अल्लाहको यस हस्तीमा यस्तो प्रेम जागृत गरिदियो र उनीहरूको संयोगमा यस्तो बरकत (अभिवृद्धि) दियो कि आज संसार यसको गवाही दिइरहेको छ । अल्लाहको लागि के मुश्किल छ भने यस जोडाबाट जसको निकाह अहिले पढिएको छ, एउटा परिवारको निमार्ण गरिदेओस् । अगाडि भनिएको छ- आफ्नो त्यस पालनकर्तासँग लाज राख जसको नाममा तिमीले एक अर्कासँग प्रश्न गर्छौ ?

सज्जन वृन्द ! सम्पूर्ण जीवन प्रश्न नै प्रश्नको हो । व्यापार, शासन, शिक्षा सबै एक प्रकारले प्रश्नहरू नै हुन् । यिनमा एक पक्ष प्रश्नकर्ता छ, अर्को जोसँग प्रश्न गरिन्छ । यही सभ्य समाजको विशेषता हो । यो निकाह के हो ? यो पनि एक सभ्य र शुभ प्रश्न हो । एक सज्जन परिवारले अर्को सज्जन परिवासँग प्रश्न गर्‍यो-हाम्रो पुत्रलाई एक जीवन साथीको आवश्यकता छ; उसको जीवन अधुरो छ; यसलाई पूरा गरिदिनुहोस् । अर्को सज्जन परिवारले यस प्रश्नलाई सहर्ष स्वीकार गर्‍यो । अनि, फेरि ती दुवै अल्लाहको नाम बीचमा ल्याएर एकअर्कासँग मिले । दुई हस्ती जो हिजोसम्म सबभन्दा अपरिचित, सबभन्दा टाढा थिए, उनीहरू यस्तो नजिक र परायाबाट आफन्त हुन गए कि यिनीहरूभन्दा बढी निकटताको परिकल्पना पनि गर्न सकिँदैन । एकको भाग्य अर्कोसित सम्बद्ध भयो र एकको सुख-दु:ख अर्कोको सुख-दु:ख बन्यो । यो सबै अल्लाहको नामको चमत्कार हो जसले हरामलाई हलाल र नाजायजलाई जायज बनाइदियो । अल्लाह तआलाको हुकुम छ कि अब यस नामको इज्जत राख्ने कुरा ठूलो स्वार्थको हुनेछ कि तिमीले यस नामलाई बीचमा राखेर आफ्नो स्वार्थलाई पूरा गरिहाल र काम निकाल । र, फेरि अल्लाहको नामलाई स्पष्ट रूपमा भुलिहाल र जीवनमा यसको मागलाई पूरा नगर । आइन्दा पनि यस नामलाई सम्झनू, यसको इज्जत राख्नू । र, फेरि हुकुम भयो कि नाता-सम्बन्धको पनि ध्यान राख्नू । अल्लाहको नाम बीचमा राखेर जुन तिमीले आफ्नो आवश्यकता पूरा गर्नका लागि उसलाई माध्यम बनाउँछौ, त्यससँग डर । आज एउटा नयाँ नाता कायम भइरहेको छ ; यसैले



www.abulhasanalinadwi.org

आवश्क छ कि पुरानो सम्बन्धको पनि बयान गरियोस्। मतलब यो कि यस नयाँ नाताबाट पुरानो नाताको अधिकार समाप्त हुँदैन । यस्तो नहोस् कि पत्नीको सम्बन्धलाई याद राख र आमाको सम्बन्धलाई बिर्सिहाल। ससुराको सेवालाई जरूरी सम्झ र आफ्नो वास्तविक पिताबाट विमुख होऊ । यदि कसले यो सोच्दछ कि यस्ता कुराहरूको कसले मतलब राख्न जाओस् र सकले यसलाई देखिरहेछ, भने याद राख अल्लाह सबै थोक देख्दछ। ऊ त्यो साक्षी हो जो हरेक समय साथ रहने छ। अगाडि एक कटुसत्य एवम् जरूरी कुराको सम्झना गराइएको छ । यो अल्लाहको नबीको नै महिमा हो कि यस्तो प्रसन्नता एवम् खुशीको मौकाका यस्तो कटुसत्यको उल्लेख गर्नुहुन्छ जसले व्यक्ति आफ्नो लक्ष्यबाट निश्चेत हुन नपाओस् र त्यस सम्पत्तिमाथि दृष्टि राखोस, जुन सँगै जानेछ तथा सधै रहने छ अर्थात आस्थाको धन। हुकुम भयो - यो जीवन कति नै सुखमय र आनन्दमय होस् र कति नै लामो होस् यसको चिन्ता गरिरहनू कि यसको समाप्ति अल्लाहको आदेशहरूको अनुपालन र (उसमाथि) आस्थाको हालतमा होस्। यही त्यो सत्य हो जसलाई संसारको एउटा अत्यन्त सफल मानव जसलाई अल्लाहले सबैथोक दिएको थियो र हरेक प्रकारबाट सुसज्जित गरेको थियो ; चरम सीमामा पुगेपछि बिर्सन सकेन।

अन्तिमम हुकुम भयो, "हे आस्था राख्नेहरू हो ।अल्लाहसँग डर र सत्य एवम् पक्का कुरा मुखबाट निकाल।" मानौं बरलाई निर्देशन दिइरहेको छ कि उसले आफ्नो मुखबाट निस्कने शब्दहरूको उत्तरदायित्व र त्यसको दूरगामी परिणाामहरूलाई महसूस गरोस् । उसले जब भन्नेछ कि "मैले कबूल गरें" तब सम्झ कि उसले कति ठूलो स्वीकारोक्ति गरेको छ र यसबाट उसमाथि कति ठूलो जिम्मेवारी आउँदछ। फेरि हुकुम भयो, "यदि कसैले यस्तै जाँच-तौल गरेर कुनै कुरा भन्ने बानी बसाल्दछ भने, उसभित्र स्थायी रूपमा उत्तरदायित्वको यो भावना उत्पन्न भयो भने उसको सम्पूर्ण जीवन सत्यताको साँचामा ढल्न जानेछ। ऊ एउटा अनुकरणीय पात्र बन्न जानेछ र अल्लाहको प्रसन्नता प्राप्त (प्रिय) पात्र बन्न जानेछ।" र, अन्तमा हुकुम भयो कि वास्तविक सफलता अल्लाह र उसको रसूलको आदेशहरूको अनुपालनमा छ न मनमौजी जीवनमा र रीतिरिवाजको पालनमा। निकाहको खुत्वापछि छोहोरा वितरण गरिन्छ र यो प्राचीन सुन्नत हो।



www.abulhasanalinadwi.org

## वैवाहिक जीवन एक उपासना

इस्लाममा वैवाहिक जीवनलाई उपासनको दर्जा दिइएको छ र हाम्रो नबी मुहम्मद सल्ल. ले आफ्नो जीवनमा यसभन्दा ठूलो नमूना प्रस्तुत गर्नु भएको छ। उहाँबाट हुकुम भयो, "तिमीहरूमध्ये सबभन्दा असल त्यो हो जो आफ्नो घरका सदस्यहरूको लागि सबभन्दा असल छ। र, म आफ्नो घरका सदस्यहरूका लागि तिमीहरूभन्दा असल छु।"

तपाई मुहम्मद स. को जीवनको अध्ययन गर्नुहुन्छ भने तपाईले पाउनु हुनेछ कि उहाँमा नारीप्रति जुन सम्मान एवम् उत्प्रेरणा र कोमल भावनाहरूको जुन अनुभूति थियो त्यो माहिलाका हक अधिकारका पक्षधर ठूला-ठूला वकील र नारीको प्रतिष्ठा बहालीको कुरा गर्ने ठूला-ठूला दाबेदार कहाँ पाईदैन। उहाँले आफ्ना पत्नीहरूलाई भावनाको सान्त्वना, उनीहरूको उचित आनन्दमा सहभागिता, उनीहरूको भावनाको कदर र उनीहरू बीच न्यायको जुन उदाहरण छोड्नु भएको छ त्यसको नजीर कहीँ पाईदैन। उनीहरूसित मात्रै होइन बच्चाहरूसित पनि उहाँ यसप्रकारको व्यवहार गर्नु हुन्थ्यो कि नमाज जस्तो चीजलाई पनि उहाँले यसकारणले संक्षिप्त गरिदिनु हुन्थ्यो कि कुनै आमालाई दु:ख नपुगोस्। यो धेरै ठूलो त्याग हो। नबी स. को लागि नमाजभन्दा ठूलो चीज थिएन। यसभन्दा ठूलो त्याग हुन सक्दैन थियो। उहाँबाट आदेश भयो, "कहिलेकाही म लामो नमाज पढ्न चाहन्छु। तर जब कुनै बच्चाको रूने स्वर सुन्दछु तब मलाई सम्झना आउँछ कि कहीँ उसको आमाको मन बच्चातर्फ आकर्षित भइहालेको नहोस्; उसको आमाले चिन्ता गरेका नहोस्, यसकारणले नमाज संक्षित गरिदिन्छु।"

## आइपर्ने अन्य स्वभाविक कुराहरू र मुसलमानहरूमा खास कर्म

सुख-दु:ख मनुष्यसँग लागि नै रहन्छ। एउटा मुसलमानको लागि बिरामीको हालतमा पनि नमाज माफ छैन। यद्यपि इस्लामी कानूनले यस बारेमा बिरामीलाई धेरै सुविधाहरू दिएको छ। जस्तो कि यदि ऊ मस्जिद



www.abulhasanalinadwi.org

गएर जमातसाथ नमाज पढ्न सक्दैन भने घरमा नमाज पढ्ने आज्ञा छ। यदि उभिएर नमाज पढ्न सक्दैन भने बसेर र यदि बसेर पनि उसको लागि पढ्नमा कठिनाइ छ भने पल्टेर र यदि पल्टेर पनि नमाजको प्रक्रिया पूरा गर्न सक्दैन भने इशाराबाट पढ्न सक्छ। यदि पानीको प्रयोग उसको लागि हानिकारक छ भने वजूको सट्टा तयम्मुमको आज्ञा छ। यथासम्भव पवित्रताको ध्यान राख्नु पनि जरूरी छ।

बिरामीलाई हेर्नु जानु (अयादत) को इस्लाममा ठूलो महत्त्व छ। यो धेरै पुण्यको काम हो। तर बिरामीनिर धेरै बेरसम्म बस्नु हुँदैन र हालखबर सोधपुछ गरेर चाँडै फिर्ता जानु पर्दछ। किनकि अबेरसम्म बस्दा र लामो समयसम्म कुराकानी गर्दा बिरामीलाई तथा उसको रेखदेख गर्ने व्यक्तिलाई असुविधा पुग्दछ। त्यस्तो परिस्थितिको कुरा बेग्लै हो जसमा बिरामी स्वयम् नै अबेरसम्म बस्न मन पराउँछ र जब उसको मन बहलाउने जरूरत पर्दछ।

## मृत्युको विकल्प छैन

मानव जीवनको अन्तिममा त्यो अवस्था वा समय पनि आउँछ जसबाट कुनै पनि व्यक्ति मुक्त छैन र जसमा कुनै धर्म, सम्प्रदाय एवम् जाति तथा वंशलाई विशिष्टता प्राप्त छैन अर्थात् मृत्युको अनिवार्य खुड्किलो। यस्तो मौकामा मुसलमानहरूको घरमा के हुनु पर्दछ र यसको के खास तरीका र विधिहरू छन् त्यसको एक संक्षिप्त चित्रण गरिदैछ।

## मृत्युको चिन्ता र त्यसको तयारी

एक मुस्लिमको मनोकामना हुन्छ कि ऊ संसारबाट ईमानका साथ विदा हुन सकोस् र उसको अन्त 'कल्मा-ए-शहादत', तौहीद (एकेश्वरवाद) र रिसालत (ईशदूतत्व) को आस्थामा होस्। मुस्लिम समाजमा विशेष रूपमा जहाँ धेरथोर धार्मिक शिक्षाको पनि प्रभाव छ, यो परम्परा चल्दै आइरहेको छ कि जब कुनै मुसलमान अरू कुनै मुसलमानसँग 'दुआ' को लागि भन्दछ अथवा जब कुनै असल बन्दा (भक्त) को सम्पर्कमा आउँदछ र ऊसँग भेटघाट गर्दछ तब ऊसँग अनुरोध गर्दछ कि दुआ गरिदिनुस् ताकि



www.abulhasanalinadwi.org

पक्का ईमानका साथ मेरो मृत्यु होस् । आम मुसलमान यस कुरामा ठूलो अहोभाग्य सम्झन्छ कि ऊ 'कल्मा'[34] पढ्दै र अल्लाहको नाम लिंदै संसारबाट बिदा हुन सकियास् ।

जीवनको अन्तिम क्षणको आभास भएमा घरमा सदस्यहरू, प्रियजन, मित्र र अन्य व्यक्तिहरू जो नजिक हुन्छन् त्यसलाई कल्मा पढ्नलाई भनिन्छ अथवा अल्लाहको नाम लिनलाई भनिन्छ । यदि कमजोरीको कारणले उसले बोल्न सक्दैन भने त्यहाँ उपस्थित व्यक्तिहरू आफैं कल्मा पढ्न थाल्दछन् । यदि यो महसूस गरिन्छ कि उसको घाँटी सुकेको छ भने जमजम (छ भने) वा अनारको शरबत आदि रोगीको मुखमा टप्काउँदछन् । यस अवसरमा सूरः यासीन पढ्न सुरू गर्दछन् र जब बिलकुल अन्तिम क्षणको आभास हुन थाल्दछ तब उसको मुहार किब्ला (काबा) तिर फर्काइदिन्छन् ।

## मृत्यु र कफन - दफन

मृत्युपछि मृतकलाई स्नान गराउने तयारी र कफन (कात्रो) को व्यवस्था गरिन्छ । कफनमा नयाँ, पवित्र र सेतो कपडाको व्यवस्था गरिन्छ । पुरूषको कफनमा एउटा सिलाई नगरिएको कुर्ता, एउटा लुंगी र एउटा माथिको चादर (खास्टो) हुन्छ । महिलाहरूको कफनमा यसका अतिरिक्त एक एक ओटा टाउको र छाती छोप्ने लुगाहरू हुन्छन् । स्नानको पनि विशेष तरीका छ । स्नान हरेक मुसलमानले गराउन सक्दछ ।[35] सच्चरित्र मानिसबाट स्नान गराउनु धेरै राम्रो ठानिन्छ ।

---

34 अल्लाहको अद्वैतवाद र सर्वगुण सम्पन्न हुने कुराको साक्षी बक्ने इस्लामी "वचन वा वाणी" जस्तो कि पहिलो कल्मा तैयि्यब "लाइलाह इल्लाह, मुहम्मदुर्रसुल्लाह", दोश्रो कल्मा शहादत "अशहदु अल्लाइलाह इल्लल्लाहु व अशहदु अन्न मुहम्मदन् व रसूलुहू" आदि ।

35 पुरूषको स्नान पुरूष र महिलाको स्नान महिलाले मात्र गराउन सक्दछ ।



www.abulhasanalinadwi.org

## नमाज जनाजह

जब जनाजा तयार भइहाल्दछ तब जनाजाको नमाज सुरू हुन्छ जसमा सहभागी हुनु ठूलो पुण्यको काम हो। जनाजाको नमाज जमातका साथ अदा हुन्छ। तर यसमा "रूकुअ" र "सज्दा" हुँदैन। सबै जना पंक्ति बनाएर उभिन्छन्। एक, तीन, पाँच, सात अथवा कुनै बिजोड संख्यामा पंक्तिहरू बन्दछन्। कुनै विद्वान वा सच्चरित्र मानिस वा वस्तीको मस्जिदको इमाम अलिकति अगाडि बढेर जनाजा (मृतक)लाई सामुन्ने राखेर त्यसको छातीको सामुन्ने उभिन्छ र नमाज सुरू हुन्छ। यस नमाजमा चार 'तक्बीर' छन्। सबै थोक चुपचाप अर्थात् मनमनै पढिन्छ। पहिलो तक्बीरपछि त्यो दुआ पढिन्छ जुन हरेक नमाजमा पढिन्छ। अर्थात् "सुब्हानकल्लाहुम्म.....।" दोस्रो तक्बीरपछि दरूद शरीफ पढिन्छ। अर्थात् "अल्लाहहुम सल्लिअला ......।" तेस्रो तकबीरपछि एउटा दुआ पढिन्छ जसको भावार्थ यस प्रकार छ-

"हे अल्लाह ! हाम्रो जीवित एवम् मृत, हाजीर एवम् गायव (अदृश्य), सानाठूला र पुरूष एवम् महिलालाई क्षमा गर। हे अल्लाह ! तिमीले हामीहरूमध्येबाट जसलाई जीवित राख्ने छौ र जसलाई तिमीले संसारबाट उठाउनेछौ त्यसलाई ईमानको हालतमा उठाऊ।"

जनाजा यदि कुनै नाबालक बच्चा-बच्चीको हो भने अर्को दुआ पढिन्छ जसको भावार्थ यसकार छ - "हे अल्लाह ! यस बच्चालाई हामीभन्दा पहिला जानेवाला, हाम्रोलागि पुण्य (बदला) एवम् पुण्यको भण्डार तथा कयामतको दिन सिफारिश गर्नेवाला बनाऊ र यसको सिफारिश कबूल गर।"

## शवयात्रा र यसको तरीका

चौथो तक्बीरपछि सलाम फेरिन्छ र मानिसहरूले जनाजालाई काँधमा बोक्दै कब्रिस्तान (चिहान) लैजान्छन्। काँधमा बोक्ने काम तथा मृतकलाई कब्रसम्म पुऱ्याउनु र 'तद्फीन' (गाड्ने काम हुनु) सम्म त्यहाँ बस्ने कामलाई धेरै महत्त्व प्राप्त छ। यस कामको पुण्य धेरै छ भनेर बयान गरिएको छ। यसैले साधारणतया मानिसहरू 'काँध दिन' प्रयत्न गर्दछन् र कब्रिस्थान कत्ति नै टाढा होस्, मौसम कति नै खराब होस, जनाजा



www.abulhasanalinadwi.org

मुसलमानहरूको काँधहरूबाट चाँडै नै कब्रिस्तान पुग्दछ। आजभोलि ठूला शहरहरूमा मोटरमा जनाजा लिएर जाने चलन पनि चलेको छ। यस्तो केवल मजबुरी र कब्रिस्तान टाढा रहेको वेलामा मात्र गरिनु पर्दछ। मस्नून[36] तरीका त्यही हो जुन माथि बयान गरिएको छ।

## कब्रमा राख्ने तरीका र माटोले पुर्ने चलन

कब्र साधारणतया पहिला नै तयार भइसकेको हुन्छ। जनाजा पुगेपछि केही व्यक्तिहरू कब्रभित्र ओर्लन्छन् र मृतकलाई कब्रमा यसप्रकार राख्दछन्। कि उसको मुहार किब्लातिर (नेपालको हिसाबले पश्चिम) होस्। फेरि यसमाथि काठको तख्ता वा बाँस राखेर माथिबाट माटोले पुर्दछन। यसलाई मृतकलाई "माटो दिनु" भनिन्छ। माटो दिने बेलामा कुरआन शरीफका जुन शब्दहरू मुखबाट उच्चारण हुन्छन् त्यसको अर्थ यस प्रकार छ-

"हामीले तिमीलाई यसै माटोबाट पैदा गरेका छौं। र, यसैमा हामी तिमीलाई फर्काउने छौं र फेरि यसैबाट तिमीलाई पुनः बाहिर भिक्ने छौं।"

(सूरः ताहा-५५)

जब कब्र तयार हुन्छ त्यो माटोको एउटा थुम्को (ऊँटको पिठ्यूको उचाइ) जस्तो बन्दछ। त्यसबेला निकट सम्बन्धीका केही व्यक्तिहरू केही बेरसम्म बसेर मृतकको लागि दुआ गर्दछन्।

## शोक सन्तप्त परिवारका लागि नातेदारहरूबाट खाना र शोकमा सहभागी हुने तरीका

दुःखीको घरमा साधारणतया दुःखका दिनहरूमा मित्रहरूबाट र सम्बन्धीहरूका घरबाट शोक सन्तप्त घरका सदस्यहरू र त्यहाँ आउने सम्बन्धीहरूका लागि खाना आउँछ। यस्तो रिवाज यसकारणले छ कि मृतकको घरमा सदस्यहरूलाई स्वयम् खाना पकाउने अवसर हुँदैन र उनीहरू दुःखमा हुन्छन्। यसैकारणले उनीहरूलाई चिन्ताबाट मुक्त र कामबाट छुटकारा दिलाएर राख्नु उचित छ। वास्तवमा यो एउटा 'सुन्नत' हो जुन हालसम्म इस्लामी समाजमा चल्दै आएको छ। मृतकको हैसियत र त्यसको सम्बन्ध र सम्पर्क मुताविक तीन छाक वा तीन दिन नातेदार वा मित्रहरूबाट पकाइएको खाना आउँदछ र सबै मिलेर बसीकन खान्छन्।



www.abulhasanalinadwi.org

## अध्याय - पाँच

## मुसलमानहरूको रहन-सहन

नबीले केवल आस्था र इस्लामी कानून एवम् एक मात्र धर्म (इस्लाम) कै निम्तिो दिनुभएन बरू उहाँ नयाँ जीवनशैलीको पनि संस्थापक हुनुहुन्थ्यो जो ईश्वरीय सभ्यता कहलाउने लायक हुन्छ। यस सभ्यता एवम् संस्कृतिका केही विशेष सिद्धान्त एवम् स्तम्भहरू छन्। जसले गर्दा यो अन्य सभ्यता र अज्ञानतापूर्ण संस्कृतिहरूबाट खुलस्त रूपमा फरक हुन्छ।

मुसलमानहरूको सभ्यताको पहिलो तत्व धार्मिक आस्था एवम् विश्वासमा आधारित इस्लामी जीवनशैली र आचरण हो। यो तत्वले संसारका सम्पूर्ण मुसलमानहरूको सभ्यतामा साझा हैसियत राख्दछ। मुसलमानहरू संसारको कुनै पनि क्षेत्र, कुनै देशमा बसोबास गरिरहेको होस् यो तत्व अखण्ड रूपमा उनीहरूमा अवश्य पाइन्छ र यसकारण उनीहरू एउटा खानदानको व्यक्ति तथा हरेक ठाउँमा एउटै सभ्यता राख्नेहरूको रूपमा देखा पर्दछन्। यस सभ्यताको लागि "इब्राहीमी सभ्यता" भन्दा अधिक उपयुक्त कुनै शब्द छैन।

## इब्राहीमी-मुहम्मदी सभ्यता

हजरत इब्राहीम अलै, यस ईश्वरीय सभ्यताको संस्थापक हुनुहुन्थ्यो। इब्राहीमी सभ्यताको आधारशिला एकेश्वरवाद, त्यसमाथि आस्था, त्यसको स्तुति, सहज प्रवृत्ति, पवित्रात्मा, निश्छल व्यवहार, अल्लाहको डर, मायारूपी संसारका कठिनाइहरूबाट बच्ने, मानव जातिप्रति उदारता एवम् दया र सुरूचिमाथि टिकेको छ। हजरत इब्राहीम अलै. यस सभ्यताको प्रवर्तक हुनुहुन्थ्यो। हजरत मोहम्मद स. उहाँका खानदानी वारिस पनि हुनुहुन्थ्यो। उहाँले इब्राहीमी सभ्यतामा नयाँ तरीका तथा ढंगबाट पुन: नयाँ जीवन प्रदान गर्नु भयो, यसको पूर्ति गर्नुभयो तथा यसलाई स्थायित्व प्रदान गर्नुभयो र यसलाई एक विश्वव्यापी सभ्यताको रूप दिनु भयो।



www.abulhasanalinadwi.org

## इब्राहीमी सभ्यताका तीन विशेषता

इब्राहीमी सभ्यताका तीन विशेषता छन् जसले गर्दा त्यसलाई संसारको सभ्यताहरूमा विशिष्ट स्थान प्राप्त छ।

१) ईश्वरको अस्तित्वमा विश्वास;

२) तौहीद (एकेश्वरवाद) माथि आस्था;

३) सज्जनता र मानवीय समानताको स्थायी परिकल्पना।

यी विशेषताहरूको यति ज्वलन्त र विशिष्ट स्वरूप अन्य देख्न पाईदैन।

## पहिलो विशेषता : अल्लाहको याद

मुसलमानहरूको सभ्यता तथा समाजलाई विभिन्न शैलीको पोशाक भन्न सकिन्छ। यसमा विभिन्न रूचि, स्थानीय परिस्थितिहरू, मौसमी परिवर्तन र वाह्य असरहरू परेका छन्। तर यी सबै पोशाकहरूलाई मानौ एउटै रंगले रंगाइएको छ। अब यसको कुनै भाग (खण्ड) यस्तो छैन जो यस रंगले रंगिएको नहोस्। अल्लाहको नाम, त्यसको याद मुसलमानहरूको सभ्यता र समाजको नशा-नशामा रगत झैं जारी छ। मुसलमान बच्चा जब पैदा हुन्छ तब सबभन्दा पहिले उसको कानमा अजान पुकारिन्छ।

यसप्रकार सबभन्दा पहिला र स्वयम् उसको नामभन्दा पहिला उसलाई जुन नामबाट परिचित गराइन्छ त्यो अल्लाहको नाम हो। उसको शिक्षा-दीक्षाको शुभारम्भ अल्लाहको नामबाट र कुरआनको आयतहरूबाट हुन्छ। निकाहको बेलामा पनि अल्लाहको नाम बीचमा ल्याइन्छ र उसको नामको लाज राख्ने संकल्प गराइन्छ। निकाहको खुत्बामा अल्लाहको यस उपकारको उल्लेख गरिन्छ कि उसले आदमको वंशजमा पुरूष एवम् महिलाको जोडी पैदा गऱ्यो। ईदको दिन पनि ईदगाह जाँदा आउँदाको बेलामा अल्लाहको नाममा सम्मानको नग्मा (गीता) गाइन्छ। बक्रईदमा अल्लाहको नाममा कुर्बानी गर्न भनिएको छ।

प्रत्येक मुसलमानको सबभन्दा ठूलो इच्छा हुन्छ कि जीवनको अन्तिम क्षणहरूमा अन्तिम शब्द र बोली जुन उसको मुखमा आउँछ त्यो



www.abulhasanalinadwi.org

अल्लाहको पवित्र नाम होस्। यसै नामको जपका साथ ऊ संसारबाट बिदा होस् । कसैले मृत्युको समाचार पाउनासाथ हरेक शिक्षित मुसलमानको मुखबाट अनायास जुन शब्द निस्कन्छ त्यो हो “इन्नालिल्लाहि” व इन्ना इलैहि राजिऊन्” अर्थात् हामी अल्लाहका नै हौ र हामीलाई उसैकहाँ जानु छ। जब अन्तिम सेवा र बिदा (नमाज जनाजा) को समय आउँदछ तब त्यसमा सुरूदेखि अन्तसम्म अल्लाहको नै नाम लिइन्छ । जब मृतकलाई कब्रमा ओरालिन्छ तब यो दुआ पढिन्छ- “बिस्मिल्लाहि व अला मिल्लति रसूलिल्लाह” । यसको अर्थ हुन्छ-“अल्लाहको नामले र उसको रसूलको धर्ममाथि” । कब्रमा जब उसलाई राखिन्छ तब उसको मुहार अल्लाहको घर (काबा) तिर हुन्छ । दफन (गाड्ने काम) पछि जब कुनै मुसलमान उसको कब्रको नजिकबाट जान्छ तब सूरः फातिहा पढ्दछ जसको प्रारम्भमा अल्लाहको प्रशंसा र सम्मानको बयान गरिएको छ। यसप्रकार मुसलमानको पूरा जीवनमा र हरेक पाइलामा अल्लाहको नाम हुन्छ।

यो त भयो जीवन चक्रको कुरा। दैनिक जीवनमा पनि अल्लाहको नाम हरेकका साथ रहन्छ । मुसलमान अल्लाहको नाम लिएर खाना खान सुरू गर्दछ । अल्लाहको नाम र कृतज्ञतामा खाना समाप्त गर्दछ । उसको खाने, पिउने, लुगा फेर्ने र शौचालय जाने सबै काम अल्लाहको नाम तथा उसको ध्यानका साथ हुन्छ। हाच्छ्युँ आयो भने त्यसमा पनि अल्लाहको नाम लिने निर्देशन छ र जसले सुन्यो उसलाई पनि दुआ दिने शिक्षा दिइएकोछ। ‘माशाअल्लाह’, ‘लाहौला व लाकुव्वत इल्ला बिल्लाहि’ आदि मुस्लिम समाजको अभिन्न अंग र त्यसको पहिचान एवम् लक्षण हुन्।

## दोस्रो विशेषता : विश्वव्यापी एकेश्वरवादमाथि आस्था

मुसलमानहरूको सभ्यताको दोस्रो अन्तर्राष्ट्रिय विशेषता र पहिचान उनीहरूको एकेश्वरवादको आस्था एवम् विश्वास हो। यो अद्वैतवाद उनीहरूको आस्थादेखि लिएर कर्मसम्म र उपासना देखि आयोजन एवम् व्यवहारसम्म हरेक ठाउँमा स्पष्ट देखिन्छ । उनीहरूको मस्जिदका



www.abulhasanalinadwi.org

मीनारहरूबाट दैनिक ५ पटक यस आस्थाको घोषणा गरिन्छ कि अल्लाहबाहेक कोही उपासना र पूजा योग्य छैन । उनीहरूका घर र सजावटहरू पनि इस्लामी उद्देश्य अनुसार मूर्ति-पूजन र शिर्षकबाट सुरक्षित हुनु पर्दछ । प्राणीका चित्रहरू, प्रतिमाहरू र मूर्तिहरू उनीहरूका लागि नाजायज छन् । यहाँसम्म कि बच्चाहरूको खेलौनाहरूमा पनि यस कुराको ध्यान राख्नु आवश्यक छ । धार्मिक कार्यक्रम होस् वा राष्ट्रिय पर्व, राजनेताहरूको जन्म दिवस होस् अथवा धार्मिक नेताहरू (इमाम) को जन्म जयन्ती वा झण्डोत्तोलन कार्यक्रम तथा चित्रहरू र स्टेच्यूको सामुन्ने निहुरिनु; उनीहरूको सामुन्ने हात जोरेर उभिनु वा उनीहरूलाई फूलहरूको माला वा हार पहिराउनु मुसलमानको लागि मनाही र उसको एकेश्वरवादको विपरीत छ । जहाँकहीं मुसलमान आफ्नो इस्लामी सभ्यतामा कायम रहन्छ र त्यसलाई आफ्नो जीवनमा उतारिरहेको हुन्छ । ऊ यी कार्यहरूबाट बच्ने छ । नामकरणमा, कार्यक्रमहरूमा, किरिया कसम खानुमा, ठूलाबडाहरूलाई श्रद्धा एवम् सम्मान दिनुमा इस्लामी 'तौहीद' को सीमाभन्दा बाहिर निस्केर जानु र यी कुराहरूमा कुनै समुदायको नक्कल गर्नु इस्लामबाट अलग हट्नुको पर्याप्त हो।

## तेस्रो विशेषता : सदाचरण एवम् मानवीय समानताको आस्था

इस्लामी सभ्यताको तेश्रो अन्तर्राष्ट्रिय विशेषता र पहिचान मानवको सज्जनता एवम् उत्कृष्टताको त्यो परिकल्पना र मानव समताको त्यो आस्था हो जुन मुसलमानको नशा-नशामा दौडिरहेको छ र जुन यसको इस्लामी स्वभाव बनेको छ । यस आस्थाको प्राकृतिक परिणाम यो छ कि मुसलमानहरू छुवाछुतको रीति-रिवाजबाट अपरिचित छन् । मुसलमान निःसंकोच अन्य मुसलमान बरू अन्य मनुष्यका साथ खानका लागि तयार हुनेछ र अरूलाई आफ्नो खानामा सम्मिलित हुनलाई भन्ने छ । कैयौं मानिसहरू र कैयौं किसिमका व्यक्तिहरू निःसंकोच एउटै थालमा खान्छन्, एक अर्काले बचाएको खाना खान्छन् र एक अर्काले बचाएको पानी पिउने गर्दछन् । धनी गरीब, नौकर-मालिक सबै एकै पंक्तिमा काँधमा काँध मिलाएर उभी नमाज



www.abulhasanalinadwi.org

पढ्दछन् । कोही कम हैसियतका व्यक्ति तर यदि विद्वान् छ भने इमाम बन्न सक्दछ । ठूला-ठूला उच्च स्तरीय व्यक्तिहरू र उच्च पदाधिकारीहरू उसको पछाडि नमाज पढ्ने छन् ।

## अन्य गौण विशेषताहरु

उक्त प्रमुख विशेषताहरूका अतिरिक्त इस्लामी सभ्यताका केही अन्य गौण विशेषताहरू पनि छन् । जस्तै असल कामहरू दायाँ हातबाट गर्नु, दायाँ हातबाट खानु, दायाँ हातले पिउनु, कसैलाई दायाँ हातबाट केही दिनु र कसैबाट केही दायाँ हातबाट लिनु आदि ।

## इस्लामी समाजमा पेशा न स्थायी छ न तुच्छ

इस्लाममा पेशा र सेवाहरूले यस्तो हैसियत राख्दैन कि तिनीहरूलाई फेर्न नसकियोस्, र न तिनको आधारमा जाति तथा वर्गको गठन हुन्छ । मानिसहरूले विभिन्न समयमा र परिस्थितिमा आवश्यक्ता र सुविधा अनुसार कुनै पेशा अपनाए । कहिलेकाही उनीहरू यसैमा सीमित रहे र कहिलेकाही कैयौं पिंढीसम्म चलिरहे । अहिले पनि केही मुस्लिम जातिहरूमा एकै प्रकारको पेशा अपनाइन्छ । तर, न त यसको कुनै धार्मिक हैसियत छ र न यो मुस्लिम समाजको अटल कानून हो । यी जातिहरूमा कुनै व्यक्ति जब चाहन्छ आफ्नो पेशा-व्यवसाय फेर्दछ र यसमा कसैलाई कुनै आपत्ति हुँदैन । न त इस्लाममा कुनै पेशालाई नीच दृष्टिले देखिन्छ ।

इस्लामको केन्द्र मक्का-मदीना र अरब देशहरूमा केही ठूला एवम् सम्मानित विद्वान्हरू तथा प्रतिष्ठित मुसलमानहरूका साथ त्यस पेशाको नाम जोडिएको छ जुन उनीहरूका पूर्वजहरूले कुनै जमानामा अपनाएका थिए । यसमा न उनीहरूलाई कुनै लज्जा महसूस हुन्छ र न कसैका दृष्टिमा उनीहरू तुच्छ हुन्छन् ।[37]



www.abulhasanalinadwi.org

## विधवाको अर्को विवाह

विधवाको अर्को विवाह इस्लामी कानून अनुसार र मुसलमानहरूकहाँ कहिले पनि दोषपूर्ण र आपत्तिजनक कार्य सम्झिदैन्थ्यो । यो नबी स. को सुन्नत थियो र हरेक युगमा ठूला ठूला विद्वान्, अल्लाहका परम-भक्त र वैभवशाली राजा आदि बिना कुनै संकोच विधवा नारीसँग स्वयम् विवाह गर्दथे । आफ्ना विधवा दिदी-बहिनी र छोरीहरूको अर्को विवाह गराउँदथे । अहिले धेरै जसो मुस्लिम विधवाहरू आफ्नो इच्छा अथवा कुनै मजबुरीको कारण अर्को विवाहविना रहन्छन् । किन्तु विधवाको पुन: विवाहको चलन हुनु पर्दछ । धेरै देशहरूमा यो चलन अहिले पनि पाइन्छ र विधवासँग विवाह कदापि खराब कुरा होइन ।

## सलाम गर्ने चलन

भेटघाट, आवत-जावत आदिमा सलामको प्रचलन छ । सलाम गर्नेले 'अस्सलामुअलैकुम्' भन्दछ जसको अर्थ हो "तिमीमाथि अल्लाहको तर्फबाट शान्ति होस् ।" यसको जवाफ अर्कोले यसरी दिन्छ- "व आलैकुम् अस्सलाम्" अर्थात् "तिमीमाथि पनि शान्ति होस् ।" यो मुसलमानहरूको अभिवादनको अन्तर्राष्ट्रिय तरीका हो ।

## इस्लाममा ज्ञानको स्थान

कुरआनको पहिलो 'वही'[38] लगभग १२ फरवरी सन् ६११ मा हजरत मुहम्मद स. माथि मक्का नजिकै 'हेरा' नामक गुफामा अवतरित भयो । अवतरण भएको प्रथम सूर: 'अलक' को प्रारम्भिक पाँच श्लोक

---

37 इस्लाम उदाहरणको लागि हरम शरीफ अर्थात् मक्काको सबैभन्दा ठूलो मस्जिद जसमा काबा स्थित छ, को इमामको नामको आवश्यक अंश "खैयात" (सूचीकार) हो । यसैप्रकार कैयौं विद्वान्हरूको नामसँगै "हल्लाक" (नाई), जैयात (तेली), "सौवाफ" (कपास वाला), कस्साव (मासु बेच्ने) जस्ता शब्दहरू लागेका छन् र यसमा अपमानको कुनै सोच पाइँदैन ।



www.abulhasanalinadwi.org

(आयत) को अनुवाद यस प्रकार छ-

"ए मोहम्मद स. ! आफ्ना पालनकर्ताको नाम लिएर पढ जसले पैदा गऱ्यो ; जसले मनुष्यलाई रगतको डल्लोबाट बनायो । पढ; र तिम्रो पालनकर्ता अति दयालु छ जसले कलमको माध्यमले शिक्षा दियो । र, मनुष्यलाई ती कुराहरू सिकायो जसको उसलाई ज्ञान थिएन ।"

सृष्टिकर्ताले आफ्नो 'वही' (वाणी) को यस पहिलो भाग र दयावृष्टिको यस पहिलो थोपामा पनि यस वास्तविकताको उद्घोषणलाई पछाडि छोडिदिएन कि ज्ञानको भाग्य कलमसँग जोडिएको छ । हेरा गुफाको यस एकान्तमा जहाँ एक दूत जसले पढे लेखेको थिएन, ले अल्लाहको तर्फबाट संसारको मार्गदर्शनको लागि सन्देश ल्यायो र जसको यो अवस्था थियो कि कलम चलाउन स्वयम् पनि सिकेको थिएन । उहाँमाथि 'वही' अवतरण हुन्छ । यसको शुभारम्भ 'इकरा' शब्दबाट हुन्छ अर्थात् 'पढ' शब्दबाट । के विश्वको इतिहासमा यसको नजीर कहीँ पाइन्छ ? यो संकेत थियो त्यसतर्फ कि उहाँलाई जुन समुदाय प्रदान गरिनेछ त्यो समुदायमा केवल विद्यार्थी (ज्ञानपिपासु) हरू हुने छैनन् । बरू प्रशिक्षक, विद्वान, र ज्ञानीहरू हुनेछन् । यस ज्ञानलाई यस संसारमा फैलाउनेवाला हुनेछन् । जुन युग उहाँको भागमा आएको छ त्यो अज्ञानताको युग हुने छैन; त्यो जंगली युग हुने छैन । त्यो युग ज्ञानको युग हुनेछ ; बुद्धिको युग हुनेछ ; तत्वज्ञानको युग हुनेछ ; निमार्णको युग हुनेछ; मानव-प्रेम र विकासको युग हुनेछ ।

माथि भनिएको छ, "त्यस पालनकर्ताको नामबाट पढ जसले पैदा गऱ्यो ।" त्यस बेला ठूलो गल्ती यो थियो कि ज्ञानको सम्बन्ध पालनकर्ताबाट टुटेको थियो । यसैले ज्ञान सीधा मार्गबाट हटेको थियो । यस टुटेको सम्बन्धलाई यहाँ जोडिएको छ र ज्ञानसँगै पालनकर्ताको नाम आएको छ ।

---

38 इस्लाम अल्लाहको त्यो आदेश जुन पैगमबरहरूमाथि अवतरण हुन्थ्यो । जिब्रईल अलै मार्फत अल्लाहको तर्फबाट वही पैगम्बर मुहम्मद स. माथि अवतरण हुने काम २३ वर्षसम्म भइरह्यो ।



www.abulhasanalinadwi.org

यसकारणले कि ज्ञान यसैले दिएको छ ; यसैले पैदा गरेको छ र यसैको मार्ग-दर्शनमा ज्ञानको संतुलित विकास सम्भव छ । यो संसारको सबभन्दा ठूलो क्रान्तिकारी आवाज थियो जसलाई संसारका मानवीय कानहरूले सुनेका थिए । यसको कसैले पनि कल्पना गर्न सक्दैनथ्यो । यदि संसारका साहित्यकारहरू र बुद्धिजीबीहरूसँग भनिन्थ्यो कि तपाई भन्नुहोस् कि जुन 'वही' अवतरित हुनेछ, जुन ईशवाणी अवतरित हुनेछ त्यसको शुभारम्भ कुन शब्दबाट हुनेछ लेखक के ठान्दछ भने उनीहरूमध्ये एक जना मानिसले पनि यो भन्न सक्दैनथ्यो कि त्यो वही 'इकरा' शब्दबाट प्रारम्भ हुनेछ ।

ज्ञान र शिक्षाको मार्ग धेरै लामो, जोखिमपूर्ण र जटिल छ । यसैले यसको शुभारम्भ अल्लाहको मार्गदर्शनमा गरिनु पर्दछ । यो त्यो यात्रा हो जहाँ दिन दहाडै काफिलाहरू (डफ्फाहरू) लुटिन्छन्, कदम कदममा खतरनाक र गहिरा घाँटीहरू र नदीहरू छन् ; सर्प र बिच्छीहरू छन् । यसैले यस यात्रामा दक्ष पथप्रदर्शनको आवश्यकता छ र यो दक्षता केवल अललाहमा छ, ज्ञान केवल साहित्य होइन । ज्ञानको उद्देश्य त्यो होइन जसको सम्बन्ध केवल चित्र बननाउनुसँग छ । ज्ञान खेलौनाले खेल्नुको नाम होइन । त्यो ज्ञान ज्ञान होइन जुन मात्र मनोरञ्जनको लागि होस् । त्यो ज्ञान होइन जसले राष्ट्रसँग अरू राष्ट्रलाई लडाउने काम गर्दछ । त्यो ज्ञान होइन जुन केवल आफ्नो पेट भर्ने तरीका सिकाउनुको नाम हो । त्यो ज्ञान होइन जसले मुखलाई केवल प्रयोग गर्न सिकाउँछ । यसभन्दा पनि बढेर भनिएको छ, "पढ, तिम्रो पालनकर्ता बडो दयालु छ ।" त्यो तिम्रो आवश्यकता र कमजोरीबाट कसरी अनभिज्ञ हुन सक्छ ? तपाई विचार गर्नुस् कि कलमको महत्व यसभन्दा अधिक कसले बढायो होला कि 'हेरा' गुफामा जुन पहिलो 'वही' (ईश वाणी) अवतरण भयो त्यसमा कलमलाई बिर्सिएको छैन । त्यो कलम जुन ती दिनहरूमा सम्भवत: खोजे पनि मक्कामा कुनै घरमा पाउन सकिन्नथ्यो ।

अन्तमा भनिएको छ कि ज्ञान अपार छ । यसको कुनै सीमा छैन । मासिहरूलाई सिकायो जसको पहिले ज्ञान थिएन । विज्ञान के हो ? प्रविधि के हो ? मनुष्य चन्द्रमामा गइरहेको छ, अन्तरिक्षमा उडान भरिरहेकोछ । यी



www.abulhasanalinadwi.org

सबै यही ईशवाणीले मनुष्यलाई सिकायो जसको उसलाई पहिलादेखि ज्ञान थिएन। यो यसको देन होइन भने के हो ?

## ललितकलाको बारेमा मुसलमानहरूको व्यवहार

इब्राहीमी सभ्यताको एउटा विशेषता त्यसको गम्भीरता यथार्थवादी दृष्टिकोण र ललितकलाहरूको बारेमा धेरै सोच-विचारका साथ मध्यम-मार्ग अपनाउने दृष्टिकोण हो। यसले सफा-सुग्धर, सुन्दरता, सजावट आदिलाई महत्व दिन्छ । किन्तु जुन मनोरञ्जक कलाहरूलाई युरोपले 'फाइन आर्ट्स' को नाम दिएको छ तिनका केही शाखाहरूलाई यस इस्लामी सभ्यताले अवैध गरेको छ । जस्तै नृत्य, चित्रकला (प्राणी वर्गको चित्रकारिता) र मूर्ति बनाउनु । र, केहीमा मध्यमार्गको शिक्षा दिन्छ । जस्तै-लय र गायनलाई विशेष बन्धनहरूका साथ मध्यमार्ग अपनाउँदै यसबाट लाभान्वित हुनु अथवा काम लिनु वैध छ। यी ललितकलाहरूमा संलग्नता हरेक अवस्थामा इस्लामी मनोभाव तथा यसको उद्देश्यको विपरीत तथा अल्लाहसँग भय, परलोकको चिन्ता र त्यसको नैतिक स्तरको लागि हानिकारक छ। एक मुसलमानसँग यो आशा गरिन्छ कि उसले यसको ध्यान राख्नेछ।

## धर्म जीवनको संरक्षक हो

जमानाभित्र स्थायित्व पनि छ र गतिशीलता पनि । यदि यो यी दुई विशेषतामध्ये कुनै एकबाट बञ्चित भयो भने, यसले आफ्नो उपादेयता गुमाउनेछ । यसैप्रकार सृष्टिमा जति पनि चीजहरू छन्, व्यक्तित्व र हस्तीहरू छन् सबैभित्र धनात्मक र ऋणात्मक लहरहरू नियमित रूपमा आफ्नो काम गरिरहेका हुन्छन् । यी दुवै धाराको मिलनबाट कर्म र कर्तव्यको जन्म हुन्छ । धर्मले हरेक परिवर्तनमा साथ दिओस् यो आवश्यक



www.abulhasanalinadwi.org

छैन र न त बांछनीय छ। यो कुनै थर्मामीटरको परिभाषा त हुन सक्छ कि त्यसले तापक्रम इंगित गरोस्। यो त्यस दिशासूचक यन्त्र (Weather cock) को पनि परिभाषा हुन सक्छ जुन कुनै हवाइ अड्डा अथवा उच्च भवनामा लगाइएको होस् केवल यो थाहा पाउनको लागि कि हावा कुन दिशामा चलिरहेको छ, तर धर्मको परिभाषा हुन सक्दैन। लेखक के सम्झन्छ भने तपाईहरूमध्ये कोही पनि यस्तो हुनुहुन्न होला जसले उच्च स्थानबाट ओरालेर थर्मामीटर वा वेदरकाकको स्थान दिन चाहोस् र यो कि यिनीहरूले मात्र समयको परिवर्तनको प्रमाण-पत्र दिइरहेका होस्। सही आकाशीय धर्मको त के कुरा कुनै तथाकथित धर्मका अनुयायी अथवा त्यसको प्रतिनिधिले पनि यस स्थितिलाई स्वीकार गर्नको लागि तयार हुने छैन।

धर्मले परिवर्तनलाई एक यथार्थ चीज मान्दछ। यसको लागि यसले सम्पूर्ण गुञ्जायशहरू राख्दछ जुन एउटा सही एवम् बैध र स्वभाविक परिवर्तनको लागि आवश्यक छ। धर्मले जीवनको साथ दिन्छ। तर साथ दिनका लागि मात्र होइन यसको कर्तव्य यो पनि हो कि त्यस सदाचारी परिर्वतन र सदाचार विहीन परिवर्तनमा अन्तर गरोस् र हेरोस् कि यो झुकाव विध्वंसात्मक छ वा रचनात्मक ? यसको परिणाम मानवको हकमा अथवा कमसेकम त्यस धर्मका अनुयायीहरूको पक्षमा के हुनेछ ? धर्म जहाँ गतिशील जीवनलाई साथ दिनेछ, त्यहाँ यो जीवनको लेखाकार, संरक्षक र अभिभावक पनि हो। अभिभावकको काम यो होइन कि जुन यसको संरक्षकत्वमा छ त्यसको हरेक सही गलत सोचलाई साथ देओस् र त्यसलाई प्रमाणित गरोस्। धर्म यस्तो सिद्धान्त होइन कि जहाँ एकै प्रकारको मोहर (छाप) राखिएको होस, एकै प्रकारको मसी होस् र एकै प्रकारको हात होस्; जुन दस्तावेज तथा अभिलेख आउँछ त्यसमा मोहर लगाइयोस्। यो धर्मको काम होइन। धर्मले पहिले त्यसको जानकारी लिनेछ अनि त्यसको बारेमा आफ्नो निर्णय सुनाउनेछ। र, यदि कुनै गलत दस्तावेज उसको सामुन्ने आएको छ जसबाट ऊ सहमत छैन अथवा जसलाई उसले मानवताको हकमा खतरनाक सम्झन्छ तब केवल त्यसमा मोहर लगाउनबाट अस्वीकार गर्नेछ। बरू यो



www.abulhasanalinadwi.org

त्यसको बाटोमा रोकावट बन्नेछ।

यहाँ नैतिकता र धर्ममा एउटा अन्तर पैदा हुन जान्छ। धर्मले आफ्नो जिम्मेवारी र कर्तव्य सम्झन्छ कि गलत सोचाइलाई रोकोस्। नैतिकता र मनोविज्ञानका विशेषताको कर्तव्य केवल यो हो कि उसले गलत सोचाइलाई इंगित गरिरहोस्। तर धर्मको प्रयास त्यसलाई बाटोमा लगाउने काम हुनेछ।



www.abulhasanalinadwi.org

अध्याय - छ

# सभ्यता, आचरण र आत्माको सफाइ

## मुहम्मद स. को दूतत्वको उद्देश्य

हजरत मुहम्मद स. को अभ्युदयको प्रारम्भिक तथा आभारभूत उद्देश्यहरूको उल्लेख कुरआनमा अल्लाहले यसप्रकार गरेको छ- "जसप्रकार (ती तमाम वरदानहरूमध्ये) हामीले तिमीहरूमध्येबाट नै एउटा रसूल पठाएका छौं जसले तिमीहरूलाई हाम्रा आयतहरू पढीपढीकन सुनाउँदछन् । तथा तिमीहरूलाई पवित्र बनाउँदछन् तथा किताब (अर्थात् कुरआन) एवम् तत्वदर्शन सिकाउँदछन् र यस्ता कुराहरू बताउँदछन् जुन तिमीहरूले पहिला जान्दैन थियौं।" (कुरआन-२: १५१)

नबीको आह्वान र मुहम्मद सल्ल. को अभ्युदयको उद्देश्यहरूको परिधिमा सभ्यता, आचरण र आत्माको सफाइको महत्वपूर्ण स्थान छ । कुरआनको व्याख्याको तरीकाले यो बताउँछ कि तत्वज्ञानको अर्थ उच्च आचरण र इस्लामी सभ्यता नै हो। सूर: इसराअको ३९ औं आयतमा हिक्मत (तत्वज्ञान) शब्द आएको छ। अल्लाहले भनेको छ, "र, तिम्रो आचरण एकदमै उच्च छ।" (अल्कलम्-४)

स्वयम् अल्लाहको नबीले आफ्नो अभ्युदयको उद्देश्यको उल्लेख गर्दै भन्नु भयो, "मेरो अभ्युदय नै यसैले भयो कि म उच्च आचरणलाई परिपूर्णतासम्म पुऱ्याऊँ।" हाम्रो नबी स. सदाचरणको सर्वश्रेष्ठ नमूना र परिपूर्ण आचारणको उदाहरण हुनुहुन्थ्यो। हजरत आयशा रजि. सित उहाँको आचरणको बारेमा सोधियो तब उहाँले भन्नुभयो- "उहाँको आचरण थाहा पाउनु छ भने कुरआनलाई हेर।"

(मोअत्ता इमाम मालिक, मुस्लिम शरीफ)

हाम्रो नबी स. को सानिध्य र निर्देशनमा एउटा यस्तो पिँढीको उदय भयो जुन उच्च आचरण र सद्गुणहरूबाट सुसज्जित तथा खराब स्वभाव,



www.abulhasanalinadwi.org

अवगुणहरू, अज्ञानताको प्रभावहरू र शैतानको बहकावबाट सुरिक्षत थियो । अल्लाहको नबी स. ले आफ्नो यस कथनबाट यसको पृष्टि गर्नु भयो । उहाँले भन्नु भयो -

**"सबभन्दा असल मानिसहरू मेरा जमानाका मानिसहरू हुन् ।"**

(मुस्लिम, बुखारी)

एक वरिष्ट सहाबी अब्दुल्लाह बिन मसऊद रजि. ले ठूलो साहित्यक शैलीमा सहाबाको परिचय गराउनु भएको छ । उहाँ भन्नु हुन्छ- "पवित्रात्मा, ज्ञानको गहिराइ, औपचारिकताहरूबाट स्वतन्त्र ।"

## मानव निमार्णको एक स्थायी कारखाना

हजरत मुहम्मद स. को देहावसानपछि नबीको सानिध्यको यो क्रम जब टुटिहाल्यो तब कुरआन, हदीस र नबीको जीवनबाट यस रिक्तातको पूर्ति भइरह्यो । किन्तु विभिन्न राजनैतिक, नैतिक एवम् आर्थिक तत्वहरूको प्रभाव र समय परिवर्तनको कारण हदीसको शैक्षिक तथा नैतिक पक्षमा समकालीन शैलीको हाराहारीमा परिवर्तन भयो जुन समाजको लागि अधिक आकर्षण बनेको थियो र ओहदाहरूमा आसीन हुन ज्यादा मद्दत दिनेवाला थियो । त्यो 'हदीस' पढाउनु र सम्झाउनु तथा आफ्नो धार्मिक सम्प्रदायलाई मजबूत बनाउनका लागि प्रमाण जुटाउने साधक बन्न गयो र जीवनगाथा, ऐतिहासिक एवम् शैक्षिक क्षेत्रमा सीमित भएर रह्यो । तर यसका बावजूद हदीस एवम् जीवनगाथा (कुरआनपछि) सभ्यता, आचरण, आत्माको सफाइ गर्ने र मानवीय, आत्माको ऐनालाई चम्काउने सबभन्दा प्रभावशाली तथा सजिलो साधन हो ।

हदीसका ग्रन्थहरूमा जुन विषय वस्तु छन् ती दुई प्रकारका छन्- एउटाको सम्बन्ध कर्मसँग र त्यसको वाह्रय स्वरूप, बनावट तथा दृश्य आदेशहरूसँग छ । जस्तै 'कायम', 'रूकुअ', 'सज्दा' 'तिलावत' (कुरआन लयबद्ध रूपमा पढ्ने काम) 'दुआ', 'ध्यान', 'जप', 'धर्म प्रचार', 'जेहाद', 'शान्ति सम्झौता' एवम् युद्धमा, शत्रुका साथ व्यवहार आदि । अर्को प्रकारको सम्बन्ध अन्तस्तलका ती अनूभूतिहरूसँग छ जुन ती कर्महरू गर्दा प्राप्त



www.abulhasanalinadwi.org

हुन्छन्। यस अन्तर्गत वफादारी, निष्ठा एवम् लगन, धैर्य एवम् भरोसा, दान, साधना, त्याग एवम् जप, शिष्टाचार एवम् लज्जा, तन्मयता एवम् तल्लीनता, विनय एवम् बिन्ती, लोकभन्दा परलोकलाई प्राथमिकता, अल्लाहलाई राजी गर्ने तथा उसको दर्शनको अभिलाषा, मध्यमार्गी स्वभाव, रूचि, सहृदयता, सृष्टिका साथ दया, दीन-दु:खीहरूका साथ सहानुभूति, भावनाहरूको पवित्रता, दानशीलता, नरम व्यहार, शौर्य एवम् साहस, अल्लाहको लागि प्रेम र घृणा, उपकार एवम् सत्कर्म, सज्जनता एवम् मानवताको सूक्ष्म तथा नाजुक स्वरूप, अशुभ चाहनेहरूलाई क्षमा, सम्बन्ध विच्छेद गर्नेहरूका साथ उदारता र नदिनेहरूका साथ दिइने बर्ताव आदि पर्दछन्। यस्ता अन्य धेरै मामलाहरू छन् जुन नमूना र उदाहरण विना बुझ्न सकिन्छ।

यहाँ हजरत मोहम्मद स. का व्यापक र सारगर्भित गुणहरूको वर्णन गरिन्छ। यी ती व्यक्तिहरूका कथन हुन् जो नबी सल्ल. सँग सर्वाधिक निकट र उहाँको जीवनबाट हरेक दृष्टिकोणले परिचित थिए जो मानव प्रवृत्ति तथा नैतिक मूल्यहरूको सूक्ष्मतामाथि गहिरो दृष्टि राख्दथे।

## पैगम्बर मोहम्द सल्ल. को आचारण र स्वभाव

हिन्द विन अबी हाला जो खदिजा रजि. का पुत्र तथा हसन र हुसैन रजि. का मामा हुन्, भन्दछन्-

"अल्लाहको रसूल मुहम्मद सल्ल. हरेक बेला परलोकको चिन्तामा रहनु हुन्थ्यो। यो सोच र चिन्ता सदैव भइरहन्थ्यो। प्राय: मौन रहनु हुन्थ्यो। धेरै बेरसम्म मौन बस्नु हुन्थ्यो। अनावश्यक बोल्नु हुन्नथ्यो। बोल्दाखेरि प्रत्येक शब्दको स्पष्ट उच्चारण गर्नु हुन्थ्यो। न अधिक बोल्नु हुन्थ्यो न धेरै कम। उहाँको स्वभाव र कुराकानीमा कोमलता थियो। कठोरपन र निर्दयता थिएन। न कसैको अपमान गर्नु हुन्थ्यो न त आफ्नोलागि अपमान मन पराउनु हुन्थ्यो। दानी र दानको ठूलो सम्मान गर्नु हुन्थ्यो र त्यसलाई धेरै सम्झनु हुन्थ्यो चाहे त्यो कत्ति नै कम किन नहोस् र त्यसको खराबी बयान गर्नु हुन्नथ्यो। खानपिनका वस्तुहरूको



www.abulhasanalinadwi.org

खराबी बयान गर्नु हुन्नथ्यो न प्रशंसा नै गर्नु हुन्थ्यो। संसार र संसारसँग सम्बन्धित जुनसुकै चीजमाथि कहिल्यै क्रोध गर्नुहुन्नथ्यो । तर जब अल्लाहको कुनै अधिकारलाई कुल्चिन्थ्यो तब उहाँको क्रोधको सामुन्ने कुनै चिज टिक्न सक्दैनथ्यो । यहाँसम्म कि उहाँ त्यसको बदला लिनु हुन्थ्यो । उहाँलाई स्वयम्‌को लागि रिस उठ्दैनथ्यो न स्वयम्‌को लागि उहाँले बदला लिनु हुन्थ्यो । जब ईशारा गर्नु हुन्थ्यो तब पूरा हातले ईशारा गर्नु हुन्थ्यो । जब कुनै कुरामा आश्चर्य लाग्थ्यो तब हात पल्टिदिनुहुन्थ्यो । कुराकानी गर्ने बेलामा दायाँ हातको हत्केलालाई बायाँ हातको बूढी औंलासँग मिलाउनु हुन्थ्यो । रीस उठ्दो र असह्य कुरा हुँदा मुहार उताबाट फिराउनु हुन्थ्यो । प्रसन्न हुँदा आँखाहरू झुकाइ हाल्नुहुन्थ्यो । उहाँको हँसाइमा अधिकतम मुस्कान थियो जसबाट केवल उहाँका दाँतहरू वर्षाको असिनाहरू जस्तै स्वच्छ र पवित्र प्रतीत हुन्थे ।

हजरत अली रजि. जो ठूलो ज्ञानी एवम् जानकार थिए र जो पैगम्बर मुहम्मद स. का निकटतम व्यक्तिहरूमध्ये थिए, उनी ज्ञान एवम् साहित्यमा विशष्ट स्थान राख्दथे । उनी नबी सल्ल. का गुणहरूको बयान यस प्रकार गर्दछन् :-

"नबी सल्ल. स्वभावले अपशब्द र निर्लज्जपनबाट टाढा हुनु हुन्थ्यो । बजारमा कहिले पनि उहाँ ठूलो स्वरले बोल्नु हुन्नथ्यो । खराबीको बदला खराबीबाट दिनु हुन्नथियो । उहाँ क्षमा गरिदिनु हुन्थ्यो । उहाँले कसैमाथि कहिल्यै हात उठाउनु भएन, अल्लाहको मार्गमा जेहादको अलावा । कुनै सेवक अथवा महिलामाथि उहाँले कहिले पनि हात उठाउनु भएन । मैले उहाँलाई कहिल्यै कुनै अत्याचारको बदला लिएको पनि देखिन जबसम्म कि अल्लाहका आदेशहरूको उल्लंघन नभएको र त्यसमाथि आँच न आएको होस् । हो, यदि अल्लाहको कुनै आदेशलाई कुल्चिन्थ्यो र उसको गरिमामाथि जाँच आउँदथ्यो तब उहाँ यसको लागि सबभन्दा अधिक हुनुहुन्थ्यो । दुई वटा चीज सामुन्ने हुँदा सदैव सजिलो चीजको उहाँले चयन गर्नु हुन्थ्यो । जब घरमा बस्नु हुन्थ्यो तब उहाँ आम मानिसहरू जस्तै देखिनु हुन्थ्यो । आफ्ना लुगाहरू सफा गुर्न हुन्थ्यो, बाख्रीको दूध दुहुनु हुन्थ्यो र आफ्ना व्यक्तिगत सम्पूर्ण कार्यहरू स्वयम् गर्नु हुन्थ्यो ।



www.abulhasanalinadwi.org

आफ्नो बोलीवचन सुरक्षित राख्नु हुन्थ्यो र केवल त्यही चीजको लागि मुख खोल्नु हुन्थ्यो जससँग उहाँलाई सरोकार हुन्थ्यो । मानिसहरूलाई सान्तवा दिनुहुन्थ्यो र घृणा पैदा गराउनु हुन्नथ्यो। कुनै समुदाय वा वर्गको कुनै प्रतिष्ठित व्यक्ति आउँदा उनलाई सम्मान दिनु हुन्थ्यो । मानिसहरूको बारेमा सावधानीका साथ कुरा गर्नुहुन्थ्यो र आफ्नो प्रसन्नता एवम् आचरणबाट उनीहरूलाई बंचित राख्नु हुन्नथ्यो । आफ्ना साथीहरूको हालखबर नियमित रूपले लिनु हुन्थ्यो। मानिसहरूसँग अन्य मानिसहरूको मामिलाको बारेमा सोधपुछ गर्नु हुन्थ्यो।

सत्कर्महरूको गुण बयान गर्नु हुन्थ्यो र त्यसलाई सशक्त बनाउनु हुन्थ्यो। खराब कुराहरूको खराबी बयान गर्नु हुन्थ्यो र त्यसलाई कमजोर पार्नु हुन्थ्यो । उहाँको मामिला मध्यमार्गी र समानताको थियो । त्यसमा उतारचढाव हुँदैनथ्यो। उहाँ कुनै कुरामा असावधानी गर्नु हुन्नथ्यो । यस डरले कि कहीं अरू मानिसहरू पनि असावधान हुन नलागोस् र दिक्क मान्न नथालोस्। हरेक स्थितिका लागि उहाँसँग अनुकूल सामान थियो। न सत्यको मामिलामा अल्छ्याई गर्नु हुन्थ्यो न सीमाभन्दा अगाडि बढ्नु हुन्थ्यो। उहाँको सानिध्यमा जुन मानिसहरू रहन्थे उनीहरू सर्वोत्कृष्ट थिए । उहाँको दृष्टिकोणमा सबभन्दा राम्रो त्यो थियो जसको व्यवहार र आचरण आम होस्, सबैको लागि होस्। उहाँमा सबभन्दा अधिक प्रतिष्ठा त्यसको थियो जसले दुःख परेको बेलामा सहयोग गरोस्। दुःखी गरीबहरूसँग सहानूभूति राखोस् र परोपकारमा सबभन्दा अगाडि होस्। उहाँ अल्लाहको ध्यान गर्दै उभिनु हुन्थ्यो, अल्लाहको नाम लिंदै बस्नु हुन्थ्यो। जब कही जानु हुन्थ्यो तब जहाँसम्म मानिसहरू बसिरहेका हुन्थे त्यसको अन्तमा आसन ग्रहण गर्नु हुन्थ्यो र यसको लागि उपदेश पनि दिनु हुन्थ्यो। उपस्थित जनहरूमा प्रत्येक व्यक्तिमाथि ध्यान दिनु हुन्थ्यो । उहाँको सभामा बस्ने हरेक व्यक्ति यो सम्झन्थ्यो कि ऊभन्दा ठूलो पैगम्बर मुहम्मद स. को नजरमा यहाँ अरू कोही छैन। कुनै व्यक्तिले उहाँलाई कुनै उद्देश्यले बस्नलाई भन्दाखेरि अथवा कुनै आवश्यकतामा उहाँसँग कुरा गर्दाखेरि बडो धैर्यताका साथ उसका सम्पूर्ण कुराहरू सुन्नुहुन्थ्यो, त्यसबेलामा कि उसले स्वयम् नै आफ्ना कुराहरू पूरा गरेर प्रस्थान नगरिहालोस्। कुनै व्यक्तिले उहाँसँग केही प्रश्न



www.abulhasanalinadwi.org

गर्दा र कुनै मद्दत माग्दा उसको आवश्यकता पूरा नगरीकन उसलाई फिर्ता गर्नुहुन्नथ्यो अथवा कमसेकम नम्रताका साथ उत्तर दिनुहुन्थ्यो । उहाँ उनीहरूका हकमा पिता बन्नु भएको थियो । उहाँका दृष्टिमा न्यायका मामलामा सबै मानिसहरू समान थिए । उहाँको सभा; ज्ञान, सच्चाइको खोज, लज्जा र धैर्य एवम् अमानतदारीको सभा थियो । उहाँको सभामा कोही पनि ठूलो स्वरमा बोल्दैन्थ्यो । न कसैको अवगुण वयान गरिन्थ्यो न कसैको प्रतिष्ठालाई आघात पुर्‍याइन्थ्यो र न कमजोरहरूका बारेमा प्रचार गरिन्थ्यो । सबै समान थिए । केवल अल्लाहको भयका आधारमा उनीहरूलाई एक अर्कामाथि प्राथमिकता प्राप्त हुन्थ्यो । यसमा मानिसहरूले ठूलाको आदर र सानाका साथ दया-प्रेमको मामला गर्दथे । नबी स. दीन-दुःखी र अभावमा पिल्सिएकाहरूलाई आफूमाथि प्राथमिकता दिनु हुन्थ्यो । यात्री तथा नवआगन्तुकहरूको सुरक्षा गर्नु हुन्थ्यो । उनीहरूको सुख-सुविधामा ध्यान राख्नु हुन्थ्यो ।

उहाँ सदैव प्रसन्न मुद्रामा रहनु हुन्थ्यो । उहाँको व्यवहार धेरै कोमल थियो । न कठोर प्रवृत्तिको हुनुहुन्थ्यो न उहाँमा कठोरता भन्ने कुरा थियो, नचिच्याएर कराएर कुरा गर्ने गर्नु हुन्थ्यो न त घमण्डीहरूको जस्तो । जुन कुरा मन पर्दैनथ्यो त्यसलाई बेवास्ता गरिदिनु हुन्थ्यो । खुलस्त रूपमा त्यसबाट निराश पनि हुनु हुन्नथ्यो र त्यसको उत्तर पनि दिनु हुन्नथ्यो । तीन कुराबाट उहाँले आफूलाई बिलकूल बचाएर राख्नु भएको थियो - पहिलो झगडा, दोस्रो घमण्ड र तेस्रो अनावश्यक काम । मानिसहरूलाई पनि तीन कुराबाट उहाँले बचाइराख्नु भएको थियो । न कसैको दोष बयान गर्नुहुन्थ्यो न कसैमाथि दोषारोपन गर्नु हुन्थ्यो न त कसैको कमजोरी तथा गोपनीय कुराहरूको पछाडि पर्नु हुन्थ्यो । केवल तिनै कुराहरू गर्नु हुन्थ्यो जसबाट पुण्यको आशा राख्नु हुन्थ्यो । जब उहाँ कुरा गर्नु हुन्थ्यो तब उपस्थित मानिसहरू सम्मानपूर्वक यसप्रकार शिर निहुराउँदथे । कस्तो देखिन्थ्यो भने उनीहरूको टाउकामाथि चराहरू बसिरहेका छन् । जब उहाँ चुप लाग्नु हुन्थ्यो तब ती मानिसहरू कुरा गर्दथे । उहाँका सामुन्ने कहिले पनि विवाद गर्दैन थिए । उहाँको सभामा जब कुनै व्यक्ति कुरा गर्दथ्यो तब शेष सबै व्यक्तिहरू तबसम्म शान्त भएर सुन्ने गर्दथे, जबसम्म उसले आफ्नो कुरा समाप्त गर्दैनथ्यो । उहाँको सामुन्ने हरेक व्यक्तिलाई पूर्ण भरोसासाथ आफ्नो


www.abulhasanalinadwi.org

कुरा भन्ने अवसर प्राप्त थियो। जुन कुरामा सबै हाँस्दथे त्यसमा उहाँ पनि हाँस्नु हुन्थ्यो र जसमा सबै जना आश्चर्य व्यक्त गर्दथे त्यसमा उहाँ पनि आश्चर्य व्यक्त गर्नुहुन्थ्यो। यात्री र परदेशीको हरेक प्रकारका प्रश्नहरू धैर्यतासाथ सुन्नु हुन्थ्यो। उहाँ भन्नु हुन्थ्यो, "जब तिमी कुनै मोहताज (दीन-दु:खी) लाई भेट्टाऊछौं, उसलाई सहायता गर।" उहाँले प्रशंसा त्यसै व्यक्तिको स्वीकार गर्नुहुन्थ्यो जो प्रशंसाको दायरामा रहन्थ्यो। कसैले केही कुरा भनिरहेको बेलामा उहाँ बोल्नु हुँदैनथ्यो र त्यसको कुरा काट्नु हुँदैनथ्यो। हो, सीमाभन्दा अगाडि बढ्न लाग्दाखेरि भने त्यसलाई मनाही गर्नु हुन्थ्यो अथवा, सभाबाट उठेर उसको कुरा काटिदिनु हुन्थ्यो।

उहाँ सर्वाधिक उदार हृदय, सत्यवादी, नरम स्वभाव र सामाजिक व्यवहारमा अत्यन्त सज्जन हुनुहुन्थ्यो। जसले पहिलो चोटि उहाँलाई देख्दथ्यो त्यो उहाँबाट प्रभावित हुन्थ्यो। जो उहाँको संगतमा रहन्थ्यो त्यो उहाँलाई धेरै चाहने भइहाल्ने गर्थ्यो। उहाँको वर्णन गर्नेहरू भन्दथे, "न उहाँभन्दा पहिला उहाँ जस्तो कुनै व्यक्ति देख्यौं न उहाँपछि।" (शमाएल तिर्मिजी)

## मुहम्मद सल्ल. को उच्च आचरणमाथि एक नजर

हाम्रो नबी स. सम्पूर्ण मनुष्यहरूमा सबभन्दा अधिक उदार, नरम स्वभाव र पारिवारिक सम्मानबाट सबभन्दा बढी आदरणीय हुनुहुन्थ्यो। आफ्ना सहाबीहरूबाट अलग-थलग रहनु हुन्नथ्यो। उनीहरूसँग पूरा मिलजुल राख्नुहुन्थ्यो। उनीहरूसँग कुराकानी गर्नु हुन्थ्यो। उनीहरूका बच्चाहरूसित प्रसन्न स्वभाव र विनोदप्रियताका साथ आचारणव्यवहार गर्नुहुन्थ्यो। उनीहरूका बच्चाहरूलाई आफ्ना काखमा बोक्नु हुन्थ्यो। गुलाम, स्वतन्त्र र दीन-दु:खी सबैको निमन्त्रण स्वीकार गर्नु हुन्थ्यो। बिरामीहरूलाई हेर्न जाने गर्नुहुन्थ्यो चाहे त्यो शहरको अन्तिम छेउमा किन नहोस्। क्षमा प्रार्थीहरूलाई क्षमा गर्नु हुन्थ्यो। उहाँलाई सहाबाको सभामा कहिले खुट्टा फैलाएर बसेको देखिएन, ताकि कसैलाई कठिनाइ नहोस्। सहाबीहरू एक आर्कामा शेर (कविता) सुन्ने र सुनाउने गर्दथे। अज्ञानताका



www.abulhasanalinadwi.org

केही कुराहरू र घटनाको उल्लेख गर्दा चुप रहनु हुन्थ्यो अथवा मुस्काइ दिनु हुन्थ्यो। उहाँ अत्यन्त नरम हृदय, मायालु र कृपालु हुनुहुन्थ्यो। आफ्नी पुत्री फात्मासित भन्ने गर्नुहुन्थ्यो, “मेरा दुई छोरा(हसन र हुसैन) लाई बोलाऊ।” उनीहरू दगुर्दै आउँथे। उहाँ दुबैलाई माया गर्नु हुन्थ्यो र उनीहरूलाई आफ्नो अंगालोमा बाँध्नु हुन्थ्यो। ( तिर्मिजी)

उहाँको एक नातिलाई उहाँको काखमा यस हालतमा देखियो कि उसले श्वास लिन सकिरहेको थिएन। त्यसबेला उहाँको आँखाबाट आँसु टप्कन थाल्यो। साद (रजि.) ले भने, “हे अल्लाहको रसुल (सल्ल.)! यो के हो? उहाँले जवाफ दिनु भयो-यो दया हो जुन अल्लाह आफ्ना भक्तहरूमध्ये जसको मनमा चाहन्छ हालिदिन्छ। र, निस्सन्देह प्रभु आफ्ना दयावान भक्तहरूमध्ये(माथि) नै दया गर्दछ।” (बुखारी)

बद्रको युद्धमा कैद गरिएकाहरूका साथ हजरत अब्बासलाई पनि बन्दी बनाइयो र अल्लाहको रसूल (स.) ले जब उनीहरूको विलाप सुन्नुभयो तब उहाँलाई निद्रा आएन। जब अन्सारलाई[39] यो कुरा थाहा भयो तब उनीहरूले अब्बासको बन्धन खोलिदिए र इच्छा व्यक्त गरे कि उनलाई मुक्त गरियोस्। तर उहाँले यस कुरालाई स्वीकार गर्नु भएन। (हजरत अब्बास उहाँका काका थिए ) हाम्रो नबी स. बडो कृपालु र दयावान् हुनुहुन्थ्यो। मानिसहरूको स्वभावमा जुन थकान र क्षणिक रूपमा हिम्मतमा कमी वा ठहराव पैदा भइरहन्छ त्यसमा उहाँ निरन्तर ध्यान राख्नु हुन्थ्यो। यसैले प्रवचन एवम् उपदेश समयान्तरका साथ गर्नुहुन्थ्यो कि कहीं अल्छ्याई पैदा नहोस्। कुनै बच्चाको रूने स्वर सुन्नु हुँदाखेरि नमाजलाई संक्षिप्त गर्नु हुन्थ्यो र भन्नु हुन्थ्यो, “म नमाजको लागि उभिन्छु र चाहन्छु कि अबेरसम्म नमाज पढूँ। तर जब कुनै बच्चाको रूने स्वर सुन्दछु तब यस विचारबाट नमाज संक्षिप्त गरिदिन्छु उसका आमालाई कठिनाइ नहोस्।”

उहाँ भन्नु हुन्थ्यो कि तिमीहरूमध्ये कुनै व्यक्तिले मसँग अरू कसैको शिकायत नगरोस्। यसकारणले कि म के चाहन्छु भने तिमीहरूको सामुन्ने

39 मद्दत गर्ने, सहयोगी, मदीनामा पै. मुहम्मद स. लाई सहयोग गर्ने एक समुदाय।



www.abulhasanalinadwi.org

यस अवस्थामा उपस्थित होऊँ कि मेरो मन बिलकुल सफा होस्। उहाँ भन्नु हुन्थ्यो - जसले अपुतालीमा धन छोडेको छ त्यो उसका वारिसहरूको हो, केही कर्जा बाँकी छ भने त्यो मेरो जिम्मा। उहाँ मितव्ययी हुनुहुन्थ्यो। उहाँ घरमा साधारण व्यक्तिहरू जस्तै बस्नु हुन्थ्यो। हजरत आइशा रजि. भन्नु हुन्छ कि उहाँ आफ्नो लुगाहरू पनि धोइहाल्नु हुन्थ्यो। आफ्नो काम स्वयम् गर्नु हुन्थ्यो। आफ्ना च्यातिएका लुगाहरू सिउनु हुन्थ्यो। आफ्नो काम स्वयम् गर्नु हुन्थ्यो। हजरत आइशासँग सोधियो कि उहाँ आफ्नो घरमा कसरी बस्नु हुन्थ्यो ? उहाँले उत्तर दिनुभयो, "उहाँ घरको कामकाजमा रहनुहुन्थ्यो। जब नमाजको सयम हुन्थ्यो तब नमाजको लागि बाहिर गइहाल्नु हुन्थ्यो।" र, हजरतले बयान नर्गुभयो उहाँ तमाम मानिसहरूमा सबभन्दा नरम र सबभन्दा दयालु हुनुहुन्थ्यो। उहाँ हाँस्ने, मुस्काउने गर्नु हुन्थ्यो। हजरत अनस रजि. बयान गर्नु हुन्छ कि मैले कुनै व्यक्तिलाई देखेको छैन जो अल्लाहका रसूल स. भन्दा अधिक आफ्नो परिवारजनहरूप्रति दयालु एवम् कृपालु होस्।

हजरत अबू हुरैर (रजि.) बयान गर्नुहुन्छ कि अल्लाहको रसूल स.ले खानामा कहिले पनि कुनै त्रुटि निकाल्नु भएन। इच्छा भयो भने खाइहाल्नु हुन्थ्यो, अनिच्छामा छोडिदिनु हुन्थ्यो। हजरत अनस रजि. भन्नुहुन्छ कि मैले नबी स. को दश वर्ष सेवा गरें। उहाँले कहिले पनि "हुँ"[40] पनि भन्नु भएन र यो पनि भन्नु भएन कि फलानो कार्य तिमीले किन गऱ्यौ र फलानो कार्य किन गरेनौ ? उहाँका साथीहरू उहाँको लागि यो सोचेर खडा हुँदैनथे कि त्यस कुरालाई मन पराउनु हुन्छ। उहाँ भन्नु हुन्थ्यो कि त्यसप्रकारले अगाडि बढेर मेरो प्रशंसा नगर जसरी ईसाईहरूले हजरत ईसा अ. का साथ गरेका थिए। मत त एक बन्दा (दास) हुँ। तिमीहरूले मलाई प्रभुको र उसको रसूल भन। अदी बिन हातिम भन्दछन् कि म जब नबी स.को सेवामा उपस्थित भएँ तब उहाँले मलाई आफ्नो घरमा बोलाउनु भयो। म गएपछि उहाँकी सेबिका (बांदी) ले टेक लगाउनको लागि सिरानी दिइने। उहाँले सिरानीलाई स्वयम् आफ्नो र मेरो बीचमा राख्नु भयो र स्वयम् भुईमा बस्नु भयो। अदी भन्दछ

40 हप्काउने, फट्कार्ने अर्थमा



www.abulhasanalinadwi.org

कि यसबाट उनले बुझे कि उहाँ सम्राट हुनुहुन्न । एक व्यक्तिले उहाँलाई देखेपछि उहाँको व्यक्तित्वबाट काँप्यो । उहाँले उसलाई भन्नु भयो, "नडराऊ म कुनै सम्राट होइन । म कुरैशकै एक महिलाको छोरा हुँ जसले सुखा मासु खन्थिन् ।" (इब्ने माजा)

उहाँ घरमा कुचो लगाउनु हुन्थ्यो, ऊँट बाँध्नु हुन्थ्यो, त्यसलाई चारा दिनुहुन्थ्यो । घरकी सेविकाका साथ खाना खानु हुन्थ्यो र पिठो मुछ्ने काममा मद्दत गर्नु हुन्थ्यो ।

नबी स. लाई जब कुनै व्यक्तिको बारेमा यस्तो कुरा थाहा हुन्थ्यो जुन उहाँलाई मन नपर्ने हुन्थ्यो, यो भन्नु हुन्नथ्यो कि फलानो व्यक्ति यस्तो किन गर्दछ ? बरू यो भन्नु हुन्थ्यो कि मानिसहरूलाई के भएको छ, किन यस्ता कर्म गर्दछन् वा यस्ता कुराहरू मुखबाट निकाल्दछन् ? यसप्रकार नाम नलिईकनै त्यस कर्मबाट रोक्नु हुन्थ्यो । नबी स. कमजोर जनावर र चौपायाइहरू प्रति दया राख्नु हुन्थ्यो र उनीहरूका साथ कोमलताको आदेश दिनु हुन्थ्यो । उहाँ भन्नु हुन्थ्यो - "अल्लाहले हरेक चीजका साथ असल मामिला गर्ने र कोमल स्वभाव राख्ने आदेश दिएको छ । यसैले 'जबह' गर्दा राम्रोसँग गर । तिमीहरूमध्येबाट जसले जबह गर्न चाहन्छ त्यसले आफ्नो छुरी पहिले नै धारिलो पारोस् र जुन जनावरलाई जबह गर्नु छ त्यसलाई पहिले आराम गर्न देओस् ।" अगाडि भन्नुभयो कि यी अबोला जनावरहरूको मामिलामा अल्लाहसित डराऊ । यिनीहरूमाथि चढ्नु छ भने राम्ररी चढ । यिनीहरूलाई खानुछ भने यस हालतमा खाऊ कि यिनीहरू राम्रो अवस्थामा होउन् । उहाँ सेवक, नौकर, मजदुर एवम् गुलामका साथ राम्रो बर्तावको शिक्षा दिनु हुन्थ्यो र भन्नु हुन्थ्यो - तिमीले जे खान्छौ त्यही उनीहरूलाई खुवाऊ । तिमीले जे लाउँछौ त्यही उनीहरूलाई लाउन देऊ र अल्लाहको सृष्टिलाई कष्ट नपुऱ्याऊ । अल्लाहले जसलाई तिम्रो मातहतमा दिएको छ त्यो तिम्रा भाइ, तिम्रा सेवक र सहयोगी हुन् । कोही कसैको मातहतमा छ भने उसका लागि आवश्यक छ कि जुन आफूले खान्छ त्यही नै उसलाई पनि खुवाओस् । जुन स्वयम् लगाउँदछ त्यही नै उसलाई लाउन देओस् । उसलाई यस्तो काम नदेओस् जुन उसको कार्य शक्तिभन्दा बाहिरको होस् । यदि यस्तो गर्नु पर्ने नै रहेछ भने उसँग मिलेर त्यो काम गरियोस् ।



www.abulhasanalinadwi.org

एक दिन गाउँमा बस्ने एक जना व्यक्ति नबी सल्ल कहाँ आयो र सोध्यो म आफ्नो नौकरलाई एक दिनमा कति चोटि क्षमा गरूँ ? उहाँले जवाफ दिनुभयो सत्तरी चोटि र आदेश भयो- "मजदूरलाई उसको मजदूरी पसिना सुक्नुभन्दा पहिले नै देऊ।" (नबी-ए-रहमतबाट)

## हाम्रो नबीको स्वभाव

आदीकालदेखि नै मानवीय प्रवृत्ति के यो रहेको छ भने व्यक्ति आफ्नो प्रिय एवम् सम्माननीय हस्तीका स्वभाव, आचरण एवम् आदतलाई अपनाउने प्रयास गर्दछ। यद्यपि यसमाथि कुनै कानूनी दवाब छैन, यो संसारको चलन रहेको छ। यही कारण हो कि पैगम्बर मोहम्मद स. को आचरण एवम् स्वभावमाथि प्राचीन कालमा महान् ग्रन्थहरू लेखिए र आज पनि यसको श्रृङखला जारी छ। यी पुस्तकहरूमा सबभन्दा बढी ख्याति इमाम तिर्मिजीको किताब "शमायल" लाई प्राप्त भयो। यस पुस्तकबाट पैगम्बर मोहम्मद (सल्ल). को स्वभावको बारेमा उदाहरण यहाँ प्रस्तुत गरिन्छ -

अल्लाहको रसूल सल्ल. जब हिँडनु हुन्थ्यो तब यस्तो प्रतीत हुन्थ्यो कि मानौं ओह्रोलो झरिरहनु भएको छ। जब कुनै व्यक्तितिर ध्यान केन्द्रित गर्नु हुन्थ्यो तब पूरा शरीरलाई फर्काएर ध्यान केन्द्रित गर्नु हुन्थ्यो। उहाँको दृष्टि तल रहन्थ्यो। उहाँको दृष्टि आकाशको तुलनामा बढी जमीनतिर रहन्थ्यो।[41] हिंड्दाखेरि उहाँ सहाबालाई आफूभन्दा अगाडि गरिदिनु हुन्थ्यो। उहाँ पछाडि रहनु हुन्थ्यो। जोसँग पनि भेटघाट हुँदा स्वयमूले सलाम गर्ने पहल गर्नुहुन्थ्यो। उहाँको कपाल आधा कानसम्म थियो र ती पट्टाहरू (टाउकोको दुवैतिरको कपालको भाग) देखि जुन कानको तल्लो अंशसम्म हुने गर्दछन् त्यसभन्दा पनि बढी थियो। र, त्यसभन्दा छोटो थियो जुन काँधसम्म हुने गर्दछन्। अर्थात् न धेरै लामो न धेरै सानो बरू औसत लम्बाइको उहाँले कपाल दुईतिर फट्टाई कोर्नु हुन्थ्यो। जब वजू गर्नु हुन्थ्यो अथवा कपाल कोर्नु हुन्थ्यो वा खुट्टा

41 साधारणतया छड्के रूपमा हेर्ने उहाँको आदत थियो।



www.abulhasanalinadwi.org

पुछ्नु हुन्थ्यो तब दायाँबाट गर्न मन पराउनु हुन्थ्यो । उहाँसँग एउटा "सुरमा"[42] राख्ने बट्टा थियो जसबाट हरेक राति तीन चोटि एउटा आँखामा र तीन चोटि अर्को आँखामा "सुरमा" लगाउनु हुन्थ्यो । लुगामा कुर्ता सर्वाधिक मन पराउनु हुन्थ्यो । जब कुनै नयाँ लुगा लगाउनु हुन्थ्यो तब प्रसन्नताासाथ अल्लाहको नाम लिनु हुन्थ्यो, दुआ पढ्नु हुन्थ्यो र भन्नु हुन्थ्यो कि सेतो लुगा लगाउने गर । सेतो लुगामा नै मुर्दालाई गाड्ने आदेश पनि दिनु भयो । यो अति सुन्दर लुगा हो । एक चोटि नजाशीले उहाँको सेवामा दुई वटा काला सादा मोजा पठाए । उहाँले लगाउनु भयो र वजूपछि तिनमाथि मसह पनि गर्नुभयो र, यस्ता जुत्ताहरू लगाईकनै नमाज पढ्नु भयो जसमा अर्को छालाले सिलाइ गरिएको थियो । उहाँले भन्ने गर्नुहुन्थ्यो कि एउटा जुत्ता लाएर कोही पनि न हिँडोस्, दुवै लाएर हिंडोस् वा दुवै फिकेर हिंडोस् । उहाँले भन्नु भयो- "जुत्ता लगाउँदा पहिला दायाँ खुट्टा हाल र फुकाल्दा पहिला बायाँ खुट्टा फिक ।" उहाँ दायाँ हातमा औंठी लगाउनु हुन्थ्यो । एउटा यस्तो औंठी बनाउन लगाउनु भयो जसमा पहिलो पंक्तिमा "मुहम्मद" दोस्रोमा "रसूल" र तेस्रोमा "अल्लाह" लेखिएको थियो । जब शौचालयमा जानु हुन्थ्यो तब औंठी फुकालिदिनु हुन्थ्यो ।

मक्काको विजयको अवसरमा उहाँ जब मक्कामा प्रवेश गर्नु भयो तब टाउकोमा कालो पगडी थियो । उहाँ टेक लगाएर खानु हुन्नथियो । उहाँलाई कद्दु र लौका मन पर्दथो । उहाँ हलुवा र मह पनि मन पराउनु हुन्थ्यो । मासुको अवसर उहाँलाई कहिलेकाही मात्र प्राप्त हुन्थ्यो । उहाँ भन्नु हुन्थ्यो, "जुन व्यक्ति अल्लाहको नाम नलिई खाना खाने गर्दछ ऊसँग शैतान सामेल हुन्छ ।" भन्नु हुन्थ्यो, "अल्लाह यसबाट प्रसन्न हुन्छ कि बन्दाले केही खाँदा वा पिउँदा अल्लाहलाई कृतज्ञता व्यक्त गरोस् ।" चिसो र मीठो पानी उहाँलाई सर्वाधिक मन पर्दथ्यो । उहाँ भन्नु हुन्थ्यो, "खाना र पानीको विकल्प दूध जस्तो कुनै अन्य चीज छैन ।" उहाँले जमजम पिउनु भयो । पानी तीन श्वासमा र बसेर पिउनु भयो ।

---

42 सुख्खा गाजल, आँखाको परेला मुनी लगाइने खास प्रकारको धूलो ।



www.abulhasanalinadwi.org

नबी स. सँग एउटा खुशबू राख्ने बट्टा थियो जसबाट खुशबू लगाउनु हुन्थ्यो । कसैले खुशबु भेंट गर्दा त्यसलाई स्वीकार गर्नु हुन्थ्यो । उहाँ भन्नु हुन्थ्यो - तीन वटा चीज अस्वीकार गर्नु हुँदैन - सिरानी, बासना र दूध । आदेश भयो मर्दाना सुगन्ध त्यो हो जसको बासना तेज होस् तथा रंग हलुका । र स्त्री सुगन्ध त्यो हो जसको रंग ज्यादा र बासना कम हुन्छ । कहिलेकाही उहाँ बडो सटीक कविता पनि पढ्नु हुन्थ्यो । उहाँले कविता पाठको आज्ञा पनि दिनु भएको छ । यसमा इनाम पनि दिनु भएको छ । यसलाई मन पनि पराउनु भयो । उहाँले काब बिन मलिकको शायरी (कसीदा) सुन्नु भयो र उनलाई चादर पुरस्कार दिनु भयो ।

नबी स. जब आराम गर्नु हुन्थ्यो तब दायाँ हात आफ्नो दायाँ गालामुनि राख्नु हुन्थ्यो । उहाँको ओछ्यान छालाको थियो जुन खजूरको रेशाले भरिएको थियो ।



www.abulhasanalinadwi.org

अध्याय - सात

# इस्लाममा नारीको स्थान

मानव समाजमा नारीको प्रतिष्ठा र त्यसका अधिकारहरूको बहालीको सम्बन्धमा इस्लामको विशष्टि भूमिका छ । इस्लामले नारीको प्रतिष्ठानको बहाली गऱ्यो । समाजमा नारीलाई उचित स्थान दिलायो । समाजमा व्याप्त अत्याचारी कानून, अन्यायपूर्ण प्रथाहरू र पुरूषहरूको स्वार्थपनबाट नारीलाई छुटकारा दिलायो । कुरआन मजिदमा एक सरसरी दृष्टि पनि नारीका बारेमा अज्ञानतापूर्ण दृष्टिकोण र कुरआनी एवम् इस्लामी दृष्टिकोणको खुल्ला अन्तरलाई बुझ्नका लागि पर्याप्त छ।

"र, जो कोही सत्कर्म गर्नेहरू छन्, पुरूष हुन वा स्त्री र तिनीहरू ईमानवाला हुन् भने त्यसता सबै व्यक्तिहरू स्वर्गमा प्रवेश गर्ने छन् । र, तिनीहरूमाथि अलिकति पनि अत्याचार हुने छैन।" (कुरआन- ४:१२४)

"यसकारण उनीहरूको दुआलाई उनीहरूका पालनकर्ताले स्वीकार गऱ्यो। किनकि म तिमीहरूमध्ये कुनै कर्म गर्ने वाला चाहे पुरूष होस् अथवा स्त्री, को कर्मलाई नष्ट हुन दिंदिन । तिमीहरू आपसमा एक अर्काका पूरक हौ।" (कुरआन - ३:१९५)

यसैप्रकार कुरआन पवित्र जीवनको मौका र साधन-श्रोत प्रदान गर्ने अवसरमा पनि पुरूषहरूका साथ स्त्रीहरूलाई सम्झना राख्दछ। बरू यसको लागि जमानत दिन्छ र यसको वाचा गर्छ । "पवित्र जीवन" को अर्थ हो उदाहरणीय र सफल जीवन जसमा सम्मान एवम् सन्तोष होस् । यसको अर्थ एकदमै व्यापक छ। कुरआन भन्दछ -

"सत्कर्म जोकोहीले गर्नेछ पुरूष होस् अथवा स्त्री । शर्त चाहिं यो छ कि ईमानवाला होस्, हामी उसलाई अवश्य एक पवित्र जीवन प्रदान गर्नेछौं। र, हामी उनीहरूलाई उनीहरूको असल कामहरूका बदलामा अवश्य पुण्य दिनेछौं। (कुरआन - १६:९७)



www.abulhasanalinadwi.org

सद्‌गुण, सत्कर्म तथा धर्मका प्रमुख अंशहरूको वर्णन गर्ने बेलामा कुरआनले पुरूषहरूका साथ स्त्रीहरूको मात्र उल्लेख तथा यो संकेत मात्र गर्दैन कि सत्कर्महरू र सद्‌गुणहरूमा पुरूष तथा स्त्रीमा कुनै फरक छैन। बरू यसले एक एक गुणलाई अलग अलग बयान गर्दछ। र, जब पुरूषहरूको त्यस गुणको उल्लेख गर्दछ तब त्यसै गुणले महिलाहरूलाई पनि सुसज्जित गर्दछ चाहे यसकोलागि विस्तृत वर्णन शैली अपनाउन किन नपरोस्।

यसको तत्वदर्शिता यो हो कि गुणहरूमा शक्ति र क्षमता राख्ने पुरूषहरूका समकक्ष स्त्रीहरूलाई बुझ्नमा त्यो मन तयार हुँदैन जसको पोषण गैर-इस्लामी धर्महरू वा दर्शनशास्त्र तथा प्राचीन सभ्यताको छत्रछायाँमा भएको हुन्छ। यस्तो मनोवृत्तिले सदैव पुरूष र स्त्रीहरूमा अन्तर गरेको छ। स्त्रीहरूलाई हरेक असल करारहरूमा पुरूषहरूका साथ सम्मिलित हुनबाट पनि अलग गरिराखेको छ, नारी पुरूषभन्दा अगाडि बढ्न सक्छ भन्ने कुरालाई सहन गर्नु त टाढाको कुरा रह्‍यो। कुरआन भन्दछ-

"निस्सन्देह इस्लाम स्वीकार गर्ने पुरूषहरू र इस्लाम स्वीकार गर्ने स्त्रीहरू, ईमान ल्याउने पुरूषहरू र ईमान ल्याउने स्त्रीहरू, आज्ञाकारी पुरूषहरू र आज्ञाकारी स्त्रीहरू, सच्चा पुरूषहरू र सच्चा स्त्रीहरू, धैर्य गर्ने पुरूषहरू र धैर्य गर्ने स्त्रीहरू, ध्यान गर्ने पुरूषहरू र ध्यान गर्ने स्त्रीहरू, दान दिने पुरूषहरू र दान गर्ने स्त्रीहरू, व्रत राख्ने पुरूषहरू र व्रत राख्ने स्त्रीहरू, आफ्नो लज्जास्पद अंगहरूको सुरक्षा गर्ने पुरूषहरू र सुरक्षा गर्ने स्त्रीहरू, अल्लाहलाई खूब याद गर्ने पुरूषहरू र याद गर्ने स्त्रीहरू, यिनीहरू सबैको लागि अल्लाहले (पापहरूको) क्षमा र ठूलो प्रतिफल (बदला) तयार गरिराखेको छ।" (कुरआन - ३३: ३५)

कुरआनले केवल आज्ञापालन एवम् उपासनाको सिलसिलामा स्त्रीहरूको उल्लेख गर्दैन। बरू सक्षम पुरूषहरू, ओल्मा (विद्वान्‌हरू), साहसी पुरूषहरू, धार्मिक एवम् नैतिक लेखाजोखा र भलाइको आदेश दिने र खराब कुराहरूबाट मनाही गर्नेका मार्गमा यातना झेल्नेहरूका साथ पनि उनीहरूको उल्लेख गर्दछ। कुरआन स्त्री-पुरूषलाई एकजुट भएर भलाइमा सहयोग गर्ने जमातको रूपमा हेर्न चाहन्छ।



www.abulhasanalinadwi.org

"र, आस्था राख्ने पुरूषहरू र आस्था राख्ने स्त्रीहरू आपसमा एक अर्काका सहयोगी हुन्, असल कुराहरूको आपसमा आदेश दिन्छन् । र, खराब कुराहरूबाट रोक्दछन् । र, नमाज नियमित रूपमा पढ्दछन् तथा दान दिइरहन्छन् । र, अल्लाह तथा उसको रसूलको आज्ञापान गर्दछन् । यी ती व्यक्तिहरू हुन् कि अल्लाहले उनीहरूमाथि अवश्य नै दया गर्नेछ । निस्सन्देह अल्लाह अपार अख्तियार र तत्वज्ञानवाला हुन् ।"

(कुरआन- सूर: अत्तौबा -७१)

कुरआन मानवताको सर्वोत्कृष्ट लक्ष्य प्राप्तिको साधन लिंग, रंगभेदबाट अलग भएर केवल तक्वा (अल्लाहको डर) लाई ठहराउँदछ । कुरआन भन्दछ :-

"ए मानिसहरू हो ! हामीले तिमी सबैलाई एक पुरूष र एक स्त्रीबाट पैदा गरेका छौं । र, तिमीहरूलाई विभिन्न जाति एवम् खानदानहरू बनाइदिएका छौं ताकि एकअर्कालाई चिन्न सक । निस्सन्देह तिमीहरूमध्ये सबभन्दा सम्मानित त्यो हो जो सबभन्दा अधिक अल्लाहसँग तर्सन्छ । निस्सन्देह अल्लाह खूब जान्नेवाला र पूरा खबर राख्नेवाला हो ।

(अल्हुजुरात -१३)

यी सबै कुराहरू स्त्रीहरूमा साहस, स्वाभिमान तथा आत्मविश्वास उत्पन्न गर्ने र आधुनिक मनोविज्ञानको शब्दमा नारीको हीनताको भावना (Inferiority Complex) बाट टाढा राख्नको लागि पर्याप्त छन् ।

यिनै शिक्षाहरूको फलस्वरूप अल्लाहको रसूल मोहम्मद स. को जमानादेखि वर्तमान युगसम्म विख्यात मुस्लिम नारीहरूमा शिक्षिकाहरू, प्रशिक्षिकाहरू, जेहाद गर्ने र परिचारिका स्त्रीहरू, साहित्यकार, लेखिका, कुरआनको हाफिज, हदीस बयान गर्ने स्त्रीहरू, उपासक, संयमी तथा समाजका लब्ध प्रतिष्ठित महिलाहरूको ठूलो संख्या पाइन्छ जसबाट शिक्षा प्राप्त गरिएको छ र जो उच्च एवम् आदर्श व्यक्तित्व राख्दथे ।

इस्लामले मुस्लिम महिलाहरूलाई जुन अधिकार दिएको छ तीमध्ये केही यस प्रकार छन् :-



www.abulhasanalinadwi.org

चल अचल सम्पत्तिको मालिक बन्ने अधिकार, क्रय-विक्रयको अधिकार, पतिसँग सम्बन्ध विच्छेद (खुलाअ) को अधिकार, मग्नी समाप्त गर्ने अधिकार, ईद, बक्रईद, जुमा र जमाअत को नमाजहरूमा सम्मिलित हुने अधिकार र यसका अतिरिक्त अधिकारहरूका विस्तृत वर्णन् फिक: (विधि शास्त्र) का किताबहरूमा समावेश छन्।



www.abulhasanalinadwi.org

# अध्याय - आठ

## इस्लाममा मानवको स्थान र प्रतिष्ठा

### मनुष्य अल्लाहको प्रतिनिधि र खलीफा हो

इस्लाम जीवन पद्धतिमा यो भनिएको छ कि मनुष्य संसारमा अल्लाहको प्रतिनिधि हो र संसारको संचालक (Trusty) हो। संसार एक गुठी हो, मुनष्य यसको संरक्षक। उसको जिम्मा संसारको व्यवस्था र मार्गदर्शनको काम छ। संसारमा साना-साना धेरै ट्रष्टहरू छन्। यो संसार, यो सृष्टि एक विशाल ट्रष्ट हो। यो कसैले निजी सम्पत्ति वा कसैको बाउबराजुको सम्पत्ति होइन जसलाई जुन किसिमले चाहून् खाऊन्, पिऊन्, उडाऊन। यस ट्रष्टमा जनावर, पशुपंक्षी, वृक्ष, नदी, पर्वत, सुन-चाँदी, खाद्यान्न र संसारका सम्पूर्ण चीजहरू छन्।

यी सबै मनुष्यलाई सुपुर्द गरिएका छन् किनकि ऊ यिनीहरूको स्वभावबाट पनि परिचित छ। मानव स्वयम् यस ट्रष्टको माटोबाट बनेको छ। कुनै पनि व्यवस्थापकका लागि जानाकारी तथा सहानुभूति र लगाव दुवै शर्त हुन्। मनुष्य संसारको लाभ र हानीबाट पनि परिचित छ। उसभित्र यसको आवश्यकताहरू पनि राखिएका छन्। यसैले ऊ असल ट्रष्टी बन्न सक्दछ।

उदाहरणको लागि पुस्तकालयको व्यवस्था उसैले राम्रो गर्न सक्दछ जसको शिक्षाप्रति रूचि छ र पुस्तकहरूसँग लगाव र चासो छ। पुस्तकालयको व्यवस्थापन कुनै अज्ञानी-अशिक्षित व्यक्तिलाई सुपुर्द गरियो भने चाहे त्यो कत्ति नै शरीफ र असल मानिस किन नहोस् त्यो सकुशल लाइब्रेरियन बन्न सक्दैन। किन्तु जसलाई ज्ञानको शौक छ र किताबहरूसँग लगाव छ, उसले पुस्तकालयमा प्रर्याप्त समय लगाउने छ त्यसको सम्बर्द्धन र विकास गर्नेछ।

यसरी नै मनुष्य यसकारणले कि यसै संसारको हो उसलाई यसमा



www.abulhasanalinadwi.org

रूचि पनि छ र ऊ यसको इच्छुक पनि छ, उसलाई यसको जानकारी पनि छ र ऊ यसप्रति सहानुभूति पनि राख्दछ। यसलाई यसैमा रहनु पनि छ र यसैमा मर्नु पनि छ। अतएवः उसले यसको पूरा रेखदेख गर्नेछ र अल्लाहले दिएका वरदानहरूलाई आत्मसात गर्नेछ। यसका अतिरिक्त अरू कोहीले यस कामलाई राम्ररी पूरा गर्न सक्दैन।

## सांसारिक व्यवस्थापनका लागि मानिस नै उपयुक्त

जब हजरत आदम अ. लाई अल्लाहले पैदा गऱ्यो र धरतीमा आफ्नो नायब बनायो, फरिश्ताहरू जो न पाप गर्दछन् न पापको इच्छा राख्दछन्, ले भने "हे प्रभु! तपाई त्यस्तालाई आफ्नो नायब बनाइरहनु भएको छ जसले संसारमा हत्या - आतंक मच्चाउने छ। हामी तपाईको उपासना गर्छौं र तपाईको बन्दनामा व्यस्त रहन्छौं। यो उद्देश्य हामीलाई प्राप्त हुनु पर्दछ। अल्लाहले जवाफ दियो, "तिमीले यो कुरा जान्दैनौं।"

अल्लाहले आदम र फरिश्ताहरूको परीक्षा लियो। आदम यसै माटोका थिए। उनको प्रकृति यस धरती अनुरूप थियो। उनी यस धरतीका एक एक चीजका जानकार थिए। उनले ठीक ठीक उत्तर दिए। फरिश्ताहरूलाई यी चीजहरूको ज्ञान थिएन। यसैले उत्तर दिन सकेनन्। यसप्रकार अल्लाहले देखाइदियो कि संसारको व्यवस्था र यस ट्रष्टको संचालनका लागि सम्पूर्ण कमजोरीहरूका बावजूद मानव नै उपयुक्त छ। बरू यी कमजोरीहरू र आवश्यकताले नै उसलाई यस उद्देश्यको योग्य सावित गर्दछ। यदि यस संसारमा फरिश्ता भएको भए संसारका अधिकांश वरदानहरू बेकार सिद्ध हुने थिए र उनीहरूको विकास हुँदैन थियो।



www.abulhasanalinadwi.org

## सफल कायम मुकायम

हामीले के पनि सम्झनु पर्दछ भने प्रतिनिधि र कायम मुकायमको कर्तब्य हो बनाउने हस्तीलाई उसले पूर्ण रूपले अनुशरण गरोस्। उसमा त्यसको आचरणको नमूना र प्रतिबिम्ब होस्। यदि म यहाँ कसैको कायम मुकायम छु भने सफल र स्वामीभक्त कायममुकायम त्यतिबेला कहलाउने छु जब आफ्नो क्षमताले भ्याएसम्म उसको अनुशरण गरूँ र आफूभित्र उसको आचरण पैदा गरूँ। प्रभुको प्रतिनिधित्व यो हो कि आफूभित्र उसको आचरण पैदा गरियोस् र उसका गुणहरूलाई समाहित गरियोस्। हामीलाई बताइएको छ कि उसका गुण एवम् आचरणमा ज्ञान, दया, कृतज्ञता, एहसान, पवित्रता, क्षमा, पुरस्कार, उपकार, न्याय, संरक्षण, मार्गदर्शन, प्रेम, श्रेष्ठता, सुन्दरता अपराधीहरूलाई गिरफ्तारी र सजाय, व्यापकता एवम् विशालता आदि ईश्वरीय गुणहरू हुन्।

## ईश्वरीय आचरणको व्यवहारिक प्रदर्शन

अल्लाहको रसूल मोहम्मद स. ले मानिसलाई शिक्षा दियो कि ईश्वरीय गुणहरूलाई अपनाऊ। मानव आफ्नो सीमित मानवीय परिधिमा र आफ्ना सम्पूर्ण मानवीय कमजोरीहरूका साथ त्यस ईश्वरीय आचरणहरूको र ईश्वरीय गुणहरूको छायाँ आफूभित्र पैदा गर्न त सक्छ तर त्यो कहिले पनि अल्लाह बन्न सक्दैन। ऊ संसारमा ईश्वरीय गुणहरूको प्रदर्शन गर्न सक्दछ। यो नै एक सत्य नायबको काम हो। तपाई अनुमान लगाउन सक्नु हुन्छ कि यदि मानिसले साँचो मनले आफूलाई प्रभुको प्रतिनिधि सम्झन थाल्यो र यस मुताविक आफ्नो आचार-व्यवहार गर्न लाग्यो भने स्वयम् उसको उन्नति र उसको शासनको युगमा तथा कायम मुकायमको जमानामा संसारको सुख सम्पन्नताको के हाल हुनेछ ? धर्मले मनुष्यलाई अल्लाहको प्रतिनिधि र यस धरतीको व्यवस्थामा त्यसको कायम मुकायम र यस विशाल ट्रष्टको सञ्चालक करार दिन्छ। यसभन्दा बढी मनुष्यको प्रतिष्ठा र मानवताको उठान हुन सक्दैन।



www.abulhasanalinadwi.org

## दुई विपरीत परिकल्पना

किन्तु मानवले स्वयम् दुई विपरीत परिकल्पना स्थापित गऱ्यो। कहीं त मानवलाई ईश्वर बनाइयो, उसको उपासना हुन थाल्यो र कहीं जनावरभन्दा पनि तुच्छ सम्झन थालियो र त्यसलाई गाई, गोरूको जस्तै डोऱ्याउन थालियो । केही मानिसले स्वयम्लाई ईश्वर बनाए र केहीले आफूलाई जनावरहरूभन्दा पनि तुच्छ सम्झन थाले। उनीहरू सम्झन्छन् कि हामीलाई केवल पेट भर्नुसँग मतलब छ र केवल मानसिक संतुष्टि प्राप्त गर्नु छ। यी दुवै परिकल्पना गलत छन्। बरू यो खुल्लम खुल्ला अत्याचार हो। मनुष्य न त ईश्वर हो न त जनावर। मनुष्य, मनुष्य नै हो। तर, अल्लाहका प्रतिनिधि हो। सम्पूर्ण संसार उसैको लागि पैदा गरिएको छ र ऊ अल्लाहको लागि। सारा संसार उसका सामुन्ने जवाफदेह हुन्छ र ऊ अल्लाहको सामुन्ने । संसार कसैको निजी सम्पत्ति होइन । यो जमीन एउटा गुठी हो र मनुष्य त्यसको सञ्चालक। यस परिकल्पना र विश्वास बिना संसारको व्यवस्था ठीकसँग चल्न सक्दैन। इतिहास साक्षी छ कि जब मनुष्य यस सिधा मार्गबाट हट्यो, सीमाभन्दा बढ्यो, अल्लाह बन्ने प्रयास गऱ्यो, आफूलाई संसारको वास्तविक मालिक ठान्यो वा आफ्नो स्थानबाट खस्यो, आफूलाई जनावर ठान्यो वा संसारको व्यवस्थापन तथा संचालन गर्ने कामलाई छोडिदियो, जीवनको उत्तरदायित्वबाट भाग्यो तब स्वयम् पनि वर्बाद भयो र यो संसार पनि तहसनहस भयो।

## प्रेम र भ्रातृत्वको सन्देश

अल्लाहबाट हुकुम हुन्छ कि आफूमाथि अल्लाहको उपकारलाई याद गर कि जब तिमीहरू एक- अर्काका शत्रु थियौ, एकअर्काका खुनको प्यासा थियौ, एकअर्काको मुख हेर्नलाई तयार थिएनौ, अल्लाहको कृपाले आपसमा भाइभाइ भइहाल्यौ । अल्लाहले दिलसँग दिल मिलाइ दियो । जब मक्कामा अल्लाहका रसूल स. र मुसलमानहरूलाई अल्लाहको भक्ति र उपासना गर्न गाह्रो भयो र त्यहाँका मानिसहरूले आफ्नो नादानीले गर्दा यस कुरालाई



www.abulhasanalinadwi.org

सम्झेनन् कि उहाँ हाम्रो भलाइ चाहनु हुन्छ । उहाँ हामीलाई खाडलबाट निकालेरमाथि उठाउन चाहनुहुन्छ। अमर्यादित र निच जिन्दगीबाट निकालेर यस्तो समुदाय बनाउन चाहनु हुन्छ जसबाट सारा संसारमा प्रकाश फैलियोस्, सारा संसारमा प्रेम र भातृत्व फैलियोस्, आपसको विरोधाभास र झगडा समाप्त होस्। सारा मानिसहरूलाई जीवनको लक्ष्य थाहा हुन सकोस्। अल्लाहले हामीलाई जुन क्षमता दिएको छ जस्तो कि बहादुरी, दानशीलता, प्रेम र सम्पत्ति आदि त्यसको सही सदुपयोग होस्। जुन क्षमता साना साना साधारण कुराहरू नष्ट भइरहेको छ, जात जाति आपसमा लडिरहेका छन्, देश देशको शत्रु बनेका छन्, खानदान खानदान बीच हजारौं झैं-झगडा छन्, आल्लाहको अवज्ञा आम भएको छ, खराब कामहरू प्रशस्त भइरहेका छन्, यस्ता घटनाहरू घटिरहेका छन् जसबाट अल्लाह रिसाउँछ र उसको अभिशाप उभ्रन्छ। जंगलमा जनावर जसरी जनावरको शिकार गर्दछ त्यसरी नै मानिसले शिकार गरिरहेका छन् । इस्लामले मानिसलाई अज्ञानता र खाडलबाट निकालेर माथि उठाउन चाहन्छ। तर मक्काका बासिन्दाहरूले यसलाई सम्झेनन् । उनीहरूभित्र यो भावना काम गरिरहेको थियो कि फलानो वंशज, फलानो परिवारको कुनै व्यक्ति यति बढिहालोस् ? जब पैगम्बर मोहम्मद स. र उनका साथीहरूलाई मक्कामा जीवन बिताउन कठिन भयो तब उनीहरूलाई आफ्नो प्यारो वतन छोड्नु पर्‍यो। वतन हरेक व्यक्तिको लागि प्यारो हुन्छ। तर, जिन्दगीको उद्देश्य यसभन्दा महान् हुन्छ।

## औस र खजरजको युद्ध

पैगम्बर मोहम्मद स. र उनका अनुयायीहरू जब मक्का छोडेर मदीना आए तब यहाँ एक अर्कै कठिनाइ थियो। यहाँ दुई खानदान थिए र दुवै अरबका थिए । तर युगौंदेखि उनमा शत्रुता थियो । हरेक खानदान आफ्नो प्रशंसा र अर्काको खराबी बयान गर्दथे। जब कुनै ठूलो लक्ष्य सामुन्ने हुँदैन तब साना साना कुराहरूम लडाइ हुन्छ, मुद्दा चल्छ, विरोध हुन्छ । म जमिन्दार खानदानको व्यक्ति हुँ, मेरो मावली ठूलो जमिन्दारमा गणना हुन्थ्यो, हाम्रो इलाकामा जमिन्दारीको युगमा सानो सानो कुरामा धेरै लडाइ हुन्थ्यो, मुद्दा चल्थ्यो, विरोध



www.abulhasanalinadwi.org

हुन्थ्यो। कुनै बबूलको वृक्ष, हदबन्दी अथवा दुई खेत बीच आलीमा अथवा यो कि म त्यहाँबाट गइरहेको थिएँ, फलानोले सलाम गरेन, बस् लडाई सुरू भइहाल्थ्यो, बहिष्कार हुन्थ्यो। बच्चाहरूलाई निर्देशन दिइन्थ्यो कि फलानोको घर नजाऊ। बच्चाहरूले यी कुराहरू के सम्झन सक्थे र खेलले उनीहरूलाई मिलाइ दिन्थ्यो।

हुनु त यो पर्थ्यो कि ज्ञानले सबैलाई मिलाओस् तर आजको संसारमा खेलले मिलाइ दिन्छ। एक देशका टिमहरू अर्को देशमा जान्छन्, सबै मिलिजुली खेल्दछन्। बडो दु:खका कुरा हो कि ज्ञानले मिलाउँदैन बरू खेलले मिलाउँछ।

जब कुनै ठूलो लक्ष्य सामुन्ने हुँदैन मानव संसारमा जुन आगो लागेको छ, जुन खराबीहरू व्याप्त छन्, ईश्वरको प्रकोपलाई उभार्ने र मानवताको निर्मूलता तथा बरबादीका जुन घटनाहरू घटिरहेका छन् तिनको पीडा एवम् अनुभव जब रहँदैन तब बच्चाहरूको जस्तै खेलतमाशाहरूमा मन लाग्छ अथवा साना-साना कुराहरूलाई महत्व दिन थाल्दछ जसले दु:ख पनि लाग्छ र हाँसो पनि उठ्छ। मदीनाका बासिन्दाहरूको पनि पैगम्बर मोहम्मद स. को आगमनभन्दा पूर्व यस्तै अवस्था थियो। औस र खजरजका व्यक्तिहरू आपसमा यस्तै गरी लड्दथे। एक अर्काका रगतले तिर्खा मेटाउँदथे। यो भावना उनीहरूमा वर्षौंदेखि थियो। जब अल्लाहका रसूल स. र उनका साथीहरू मदीना पुगे तब उनीहरूका सामुन्ने ठूलो लक्ष्य देखा पर्‍यो। ठूलो रहस्य खुल्यो र उनीहरूका जिन्दगीमा ठूलो क्रान्ति आयो। अब उनीहरू आपसमा घुलमिल भई दुई शरीर एक प्राण भइहाले। उनीहरूले आफ्नो अतीतलाई बिलकुल बिर्से। मदीनाका यहुदीहरूलाई यो मन पर्दैनथ्यो। उनीहरूले आपसमा लडाउन धेरै पयत्न गरे। कैयौं पटक अज्ञानताको युगका ती शेर (कविता) हरू सुनाए जसमा खानदानी भेदभावको बयान भएको थियो। यसरी कटुता उत्पन्न गराउने प्रयास गरियो। तर औस र खजरजले यसको कुनै प्रभाव स्वीकार गरेनन्। अल्लाहका रसूल सल्ल. प्रतिको प्रेमले उनीहरूको शुत्रतालाई धोइ दिएको थियो। उनीहरूलाई आफ्नो बितेका समय यस्तो घृणित लाग्न थाल्यो जसलाई सोचेर उनीहरूको आङ जिरिङ्ग हुन्थ्यो। जब कुनै सामूहिक खतरा वा सामूहिक प्रेम सामुन्ने आउँछ त्यसै हिसाबले काबानिर सबै जम्मा भइहाल्दछन्- एक पोशाकमा,



www.abulhasanalinadwi.org

एक नाराका साथ । त्यसरी नै अल्लाहको सानिध्य प्राप्ति सामुन्ने नजर आउँछ । अर्थात अल्लाहको हस्ती उसको खुशीको प्राप्ति, अल्लाहको बन्दाको उपकार, अल्लाहको बन्दनको दु:ख-दर्द दूर गर्ने प्रेरणा सामुन्ने हुन्छ तब साना साना कुराहरू यस्तो तुच्छ लाग्दछ । एक पटक अन्सार र एक मोहाजिर (शरणार्थी) बीच एक कुवाँनिर लडाइ भयो । एउटाले आफ्नो कबीलालाई आवाज दियो तब अर्कोले आफ्नो समर्थकलाई पुकाऱ्यो । तब हाम्रो नबी स. ले भन्नु भयो, "छोड, यो धेरै नीच कदम हो ।" हाम्रो नबी स. को शिक्षाबाट अन्सार र मुहाजिरहरूमा यस्तो परिवर्तन आयो कि युद्ध क्षेत्रमा घाइते छ, ज्यान जान लागेको छ, तिर्खाले व्याकुल छ, पानी आउँछ तर अर्को घाइतेतिर संकेत गरेर पहिला उसलाई पिलाउन जोड दिन्छ । त्यागको यो भावना इस्लामसँग नाता, लक्ष्यसित मोह, नबी स. प्रति अगाध प्रेम एवम् श्रद्धाले पैदा गरेको थियो । यस सम्बन्धी नशा यसरी छायो कि मदीनामा अन्सारहरूले मक्कामा मोहाजिरहरूलाई आफ्नो फसल, आफ्नो खेत, आफ्नो सम्पत्तिमा बराबरीको साझेदार बनाए ।

## शिर्कपछि सबभन्दा घृणित चीज आपसी वैमनस्यता

पैगम्बर मोहम्मद स. ले शिर्कपछि सबभन्दा बढी जुन चीजको भर्त्सना गर्नुभएको छ त्यो हो आपसी वैमनस्यता । हदीसमा आउँछ कि शेब बरात अर्थात् मुक्ति वा मोक्षको राति जसमा आम माफी हुन्छ, जब दयाको सागर जोशमा आउँछ तब तीन किसिमका मानिसलाई माफी हुने छैन- (१) मातापिताको अवज्ञाकारी, (२) रक्सीको सेवन गर्ने, (३) त्यो व्यक्ति जसको दिलमा कुनै सच्चा अल्लाह-भक्तप्रति वैमनस्य अथवा चिढ होस् । हाम्रो नबी स. ले विशेष गरी नातेदारहरूको ध्यान राख्ने ताकिदा गर्नुभयो । नबी स. बाट आदेश भयो, "मेरो पालनकर्ताले मलाई नौ वटा कुराको आदेश दिनुभएको छ जसमा यो पनि छ कि म त्यससँग सम्बन्ध जोडूँ जसले मेरो नाता गोता काटोस् । त्यसलाई क्षमा गरूँ जसले ममाथि अत्याचार गरोस् । त्यसलाई दिऊँ जसले मलाई बञ्चित गरोस् ।"



www.abulhasanalinadwi.org

जसले मित्रता र प्रेमको व्यवहार गर्दछ ऊसँग राम्रो सम्बन्ध राख्नु कुनै बहादुरीको कुरा होइन। बहादुरीको कुरा त यो हो कि जसले शत्रुता गर्छ, हानी पुऱ्याउँछ उसका साथ सद्व्यवहार गरियोस्।

## ईश्वर मानव जातिबाट निराश छैन

अल्लाहको व्यवहार मानव जातिका साथ र मानव जातिको व्यवहार मानव जातिका साथ बिलकुलै विपरीत छ। अल्लाह मानव जातिसँग निराश छैन। उसको दयाको वर्षा यस संसारमा भइ रहेको छ। तर हाम्रो मामला एक अर्कासँग यस्तो छ कि जुन बच्चा यस संसारमा आउँदछ उसले यस कुराको घोषणा गर्दछ कि अल्लाह मानव जातिसँग निराश छैन। यदि निराश भएको भए यस मानवीय वंशको सिलसिलालाई कायम राख्ने थिएन। तर मानव मानवको घाँटी छिनाउँछ, मानव मानवसित घृणा गर्दछ, मानव मानवको शोषण गर्दछ। जुका जस्तै रगत चुस्दछ, उसलाई ग्राहक सम्झेर लाभ उठाउँदछ र आफ्नो रवैयाले यो घोषाण गर्दछ कि मानवको सामर्थ्य र भविष्यसँग ऊ निराश छ। अल्लाह र मनुष्यको यो प्रदर्शन निरन्तर जारी छ। वर्षाको एक एक थोपाले यो घोषणा गर्दछ कि संसारलाई पैदा गर्ने हस्ती आफ्नैपनको प्यासी र अत्याचारी सृष्टिबाट अहिल्यै निराश छैन। धरतीले उब्जाउने शक्ति राख्दछ। यसको पैदावार के कुराको घोषणा हो भने अल्लाह यस धरतीका निवासीहरूसँग निराश छैन। सूर्य चम्कन्छ र त्यहाँ कुनै हडताल छैन। चन्द्रमा नियमित उदाउँछ र आफ्नो चाँदनीको चादर फैलाउँदछ, आँखालाई ठण्डा प्रदान गर्दछ, मुटुलाई चिसोको अनुभूति गराउँदछ। यो सबै यस कुराको घोषणा हो कि ईश्वर मानवसित कहिल्यै निराश छैन।

तर, तपाई र हाम्रो व्यवहारले यो सिद्ध गर्दछ कि हामी मानवसँग निराश छौं। हामी आफ्नो आचरण र व्यवहारले के कुराको प्रदर्शन गरिरहेका छौं भने हाम्रो सामुन्ने के यो मनुष्य जो अल्लाहको रचनाको सर्वोत्तम नमूना हो, को कुनै महत्व नै छैन।



www.abulhasanalinadwi.org

प्रभुको शक्ति र रचना वा अभिव्यक्ति वा प्रदर्शन हरेक वस्तुमा छ। फूल, कोपिला, थोपा, घाँसको सूक्ष्म पात, माटाका कण, रूखका पातहरू, जुन चीजलाई हेर्नोस्, थाहा हुन्छ कि त्यसमा एउटा संसार छ। यसम सबभन्दा आकर्षक सर्वोत्कृष्ट रचना मानवको रचना हो। सारा सृष्टि त्यसको सेवनका लागि पैदा गरिएका छन्। यसले बस् यस कुराको घोषणा गर्दछ कि मानव अल्लाहको प्यारो छ। यो सर्वोत्कृष्ट प्राणी हो। यस संसारको जन्तीको "बर" हो। तर तपाई र हाम्रो कार्यशैलीले यो सिद्ध गर्दछ कि मानवमा कुनै गुण नै छैन। हामीले आफ्नै कर्मबाट अल्लाहको अदालतमा आफ्नै विरूद्ध मुद्दा दायर गरिरहेका छौं कि हामीलाई संसारबाट उठाइ हालियोस्। मानौ हामी फरिश्ताहरूको यस कुरालाई पुष्टि गर्न चाहन्छौं जसलाई अल्लाहले अस्वीकार गरेको थियो- "म यस धरतीमा आफ्नो प्रतिनिधि (नायब) बनाउन चाहन्छु।" तब फरिश्ताहरूले आशंका व्यक्त गरेको थियो- "के तपाई यस्तोलाई प्रतिनिधि बनाइरहनु भएको छ जसले धरतीमा विगाड पैदा गर्नेछ र रगत बहाउनेछ?"

जब अल्लाहले आदमसँग चीजवस्तुहरूको ज्ञानको बारेमा प्रश्न गर्‍यो तब उहाँले ठीक तरीकाले उत्तर दिनु भयो। फरिश्ताहरूले उत्तर दिन सकेनन्। अल्लाहले मानिसलाई जिताएको थियो, हामीले यसलाई हराइरहेका छौं।



www.abulhasanalinadwi.org

## छिया परेको मुटुको मूल्य धेरै छ

अल्लाहले भन्यो - "तिमीलाई थाहा छैन मनुष्यमा कस्ता कस्ता गुणहरू हुन्छन् ? त्यसबाट ज्ञानको सरिता कसरी फुटेर निस्कन्छ ? समुद्रमा त्यो विशालता र गहिराइ हुन्न जनु मानवीय ज्ञानमा छ । उसका आँखाहरूमा प्रेमको जुन प्रकाश छ त्यो प्रस्तुत गर्न तिमी असमर्थ छौ । उसको मनमा कोमलता छ, ममता छ, प्रेम छ र त्यसमा पीडाको चोट लाग्दछ । फरिश्ताहरूसँग यो सम्पत्ति छैन ।"

मनुष्यसँग जुन सबभन्दा ठूलो सम्पत्ति छ त्यो दयाको पूँजी हो, त्यो प्रेमको पूँजी हो । त्यो एक आँसु हो जुन मनुष्यको आँखाबाट कुनै विधवाको टाउकोलाई नांगो, कुनै गरीबको चुल्होलाई ठण्डा, कुनै रोगीको रोदन सुनेर टप्कन्छ । आँसुको त्यो थोपा जुन समुन्द्रमा खसालिदियो भने त्यसलाई पवित्र गरिदिने छ । पापहरूको जंगलमा खसालिदियो भने सबैलाई जलाएर प्रकाशमा बदलिदिने छ । फरिश्ताहरू सबै थोक प्रस्तुत गर्न सक्छन् तर आँसुको त्यो थोपा प्रस्तुत गर्न सक्दैनन् जुन एक मनुष्यले अर्को मनुष्यको लागि बहाउँदछ ।

मानिससँग रहेको सबभन्दा अनमोल चीज यो छ कि मान्छे अर्काको दुःख-दर्दबाट प्रभावित हुन्छ । त्यसभित्र प्रेमको एक साधन छ । त्यसलाई बाल्ने कुनै चीज प्राप्त भयो भने त्यो प्रज्वलित भएर उठ्नेछ । फेरि त्यो मनुष्य न धर्मलाई देख्दछ न सम्प्रदायलाई, न इलाकालाई देख्दछ न देशलाई, मनुष्यले मनुष्यको हृदयलाई देख्छ । उसको पीडालाई महसुस गर्दछ । जस्तो कि मानौ चुम्बनले मनुष्यको मुटुलाई खिच्दछ ।

## निर्दयी मुटु चट्टान हो

यदि मुनष्यबाट यो सम्पत्ति खोसियो भने ऊ दिबालिया हुनेछ । यदि कुनै देश यसबाट बञ्चित भयो भने,यदि अमेरिकाको सम्पत्ति, रूसको व्यवस्था, अरब देशको पेट्रोलका कुवाहरू हऊन्, सनु-चाँदीको गंगा बगिरहेको होस् तर त्यस देशमा प्रेमको श्रोत सुकी हाल्दछ भने त्यो देश कंगाल हो । त्यस देशमा अल्लाहको दयादृष्टि हुने छैन ।



www.abulhasanalinadwi.org

अहिले मनुष्यको आँखा आँसु बहाउन योग्य छ, अहिले मनुष्यको हृदय तड्पने, जल्ने र चोट खाने योग्य छ । जुन हृदय यस योग्य छैन त्यस्तो हृदयलाई हृदय भनिंदैन, बरू त्यो चट्टान हो । यस्तो मुटु प्रभुको दरबारमा कौडी बराबरको हुँदैन । चाहे त्यो मुसलमानको दिल होस् अथवा हिन्दूको वा सीखको हृदय होस् वा ईसाईको । हृदय त यस कारणले छ कि त्यो तड्पोस्, काँपोस्, रोओस् । यसमा धरतीभन्दा अधिक हरियाली, झरना र बादलहरूभन्दा अधिक प्रवाह, सृष्टिभन्दा अधिक विशालता तथा बादलहरूभन्दा अधिक वर्षने क्षमता होस् ।

जुन हात मानवीय सेवाको लागि बढ्दैन त्यो पंगु हो । जुन हात मनुष्यको घाँटी काट्नको लागि बढ्दछ त्योभन्दा सिंहको हात राम्रो हुन्छ । यदि मनुष्यको कर्तव्य मारकाट गर्नु भएको भए प्रकृतिले त्यसलाई हातहरूका सट्टा तरवार दिने थियो । यदि मनुष्यको जीवनको उद्देश्य केवल सम्पत्ति जम्मा गर्नु थियो भने उसको छातीमा धड्कने मुटुको सट्टा एउटा सन्दुक (Box) राखिदिने थियो ।

यदि मनुष्यको काम केवल बरबादीको योजना बनाउनु थियो भने उसभित्र मनुष्यको हृदय नराखेर त्यसको सट्टा कुनै शैतान, कुनै राक्षसको हृदय राखिदिने थियो होला ।

मानव शरीरको रचनालाई 'आश्चर्य' भनिएको छ । तर तपाईले उसको मुटु हेर्नु भयो भने त्यसको आश्चर्यतानिर शरीरको बनौटको आश्चर्यता पनि फिका पर्नेछ । प्रभुले मनुष्यलाई यस्तो मुटु दिएको छ कि संसारको एक कुनामा कसैलाई आपद् पर्‍यो भने त्यो अर्को कुनामा तड्पने छ । जुन मुटुले कसैको मुटुलाई दुखाउँछ, कसैलाई सताउँछ त्यो मुटु कुनै रूपमा गन्तीको लायक छैन ।

अल्लाहको सम्पूर्ण मामिलाले संसारका सारा सृष्टिलाई बताउँदछ कि त्यो मानव जातिसँग निराश छैन । तपाईको "वाटर वर्क्स" पानी रोक्न सक्छ, तपाईको पावर हाउसले विजुली रोक्न सक्दछ भने के अल्लाहले आफ्नो कृपाले आफ्नो उपकारलाई रोक्न सक्दैन ? अल्लाहले यस संसारलाई पानी पनि दिइरहेको छ, खाना पनि दिइरहेको छ । सबैलाई आदेश



www.abulhasanalinadwi.org

छ कि उनीहरूका मानवको सेवा गरून् । सम्पूर्ण कारखाना मानवको सेवामा लागिरहेका छन् । अल्लाह त्यसबाट निराश छैन । तर, हामी आफ्नो आचरणबाट के प्रमाणित गरिरहेका छौं ? के हामी प्रमाणित गरिरहेका छौं कि हामी मनुष्यलाई कुनै ठूलो चीज ठान्दछौं ? आफ्नो बराबरको सम्झन्छौं ? आफ्नो शरीरको टुक्रा सम्झन्छौं ? हाम्रो आचरण मानव जनसंख्याको लागि सबभन्दा ठूलो खतरा हो - मानव शत्रुता र मानवताको समाप्तिको खतरा, मानवताको सहानुभूतिका आँखाहरू बन्द गरिहाल्नुको खतरा । यस खतराबाट मुलुकलाई र मनुष्य जातिलाई पनि बचाउने आवश्यकता छ ।

## मानवताको प्रतिष्ठा

पैगम्बरहरूले मनुष्यलाई भनेका थिए कि यदि तिमीहरूले आफूलाई संसारको अधीन गरिहाल्यौ र आफ्नो इच्छाहरूलाई आफूभित्र वशीभूत गरिहाल्यौ भने यो सम्पूर्ण जीवन अस्वभाविक र अव्यवस्थित हुन जानेछ । र, यस्तो अव्यवस्था फैलिनेछ कि यो संसार नै तिम्रो लागि नर्क बन्न जानेछ ।

कुरआनमा भनिएको छ कि मनुष्यलाई पैदा गरेर फरिश्ताहरूलाई उसका अगाडि निहुराइयो । यसबाट यो शिक्षा पाइन्छ कि मानवताको यो एउटा अपमान हो कि अल्लाहको अलावा अरू कसैको सामुन्ने झुकोस् जब कि अल्लाहपछि उसको फरिश्ता नै सबभन्दा बढी झुक्न योग्य थियो । किनकि त्यो यस संसारको सेव-कार्यकर्ता हो जसले अल्लाहको आदेशबाट वर्षा गराउँदछ । त्यसैप्रकार अल्लाहले मनुष्यको अगाडि फरिश्ताहरूसित परिचय गरायो कि याद राख मनुष्यको वंश महाप्रलयसम्मको लागि अल्लाह बाहेक अरू कसैको अगाडि झुक्न योग्य छैन । तर मनुष्यले आफ्नो हस्ती र धर्मलाई भुलेर मानवताको अपमान र हत्या गरिरहेको छ । अल्लाहले मनुष्य जातिलाई सद्‌बुद्धि प्रदान गरून् । आमीन ।



www.abulhasanalinadwi.org

# शब्दावली

पुस्तकमा ठाउँ ठाउँमा अरबी तथा उर्दूका धेरै शब्द र वाक्यहरू प्रयोग भएका छन् । केही शब्द तथा वाक्यहरूलाई बाध्यतावश सोही रूपमा राखिएको छ भने केहीलाई स्वेच्छाले । पुस्तक अध्ययन गर्ने बेलामा वर्णानुक्रममा प्रस्तुत गरिएको यस शब्दावलीलाई पल्टाई हेरेमा पर्न आएको समस्या धेरै हदसम्म समाधान होला।

(१) अकीदा : आस्था, विश्वास

(२) अकीदा : बच्चा पैदा भएको सातौ दिन खुशीको लागि जनावरकुर्बानी गरिने र कपाल मुडाउने एक सुन्नत तरीका

(३) अजान : नमाजको लागि एक निश्चित तरीकाले पुकार्ने वा डाक्ने काम।

(४) अन्सार : मद्दत गर्ने, सहयोगी, मदीनामा पै. मुहम्मदलाई सहयोग गर्ने एक समूदाय

(५) अब्द : बन्दा, गुलाम, भक्त

(६) अल्लाह : सम्पूर्ण ज्ञात अज्ञात रचनाका स्रष्टा एक शक्तिलाई 'अल्लाह' भन्दछौं। अल्लाह सारा संसारका मालिक र पालनकर्ता हुन् । अल्लाह तआला पनि भन्ने गरिन्छ। यसबाट महान्‌ता झल्कन्छ।

(७) अल्हम्दु लिल्लाह : तमाम प्रशंसा अल्लाहका लागि हुन्।

(८) अलै.(अलैहिस्सलाम्): उहाँमाथि शान्ति होस्। मुहम्मद स. का अतिरिक्त अन्य पैगम्बरहरू र फरिश्ताहरूको नामको उच्चारण भएमा वा तिनको नाम लेखिएमा यो दुआ उच्चारण वा लेखिने गरिन्छ।

(९) अस्र : सूर्यास्तभन्दा करीब एक-डेढ घण्टा पहिले अदा गरिने नमाज।

(१०) अयादत : विरामीको हेरचाह गर्नु, विरामीलाई हेर्नु जानु विरामीको खबरखावर सोधपुछ गर्नु।

(११) आमीन : तथास्तु, यस्तै होस्।

(१२) आयत : श्लोक, कुरआनी वाक्य र वाक्यांशहरू, Verse

(१३) इकरा : पढ्नु



www.abulhasanalinadwi.org

(१४) इकामत : नमाज सुरू गर्नुभन्दा पहिले नमाजको लागि तयार हुने घोषणा गरिने तरीका

(१५) इफ्तार : रोजा बस्दा सूर्यास्त हुनासाथ खानपिन गर्ने काम।

(१६) इबादत : उपासना, पूजा। इस्लाममा उपासनालाई व्यापक अर्थमा लिइन्छ। अल्लाहको आदेश, आदेश पालना हुने सम्पूर्ण कामहरू उपासनामा गणना हुन्छन्।

(१७) इमाम : नेता अगुवा, प्रमुख, नमाज र अन्य धार्मिक गतिविधि आदिमा अगुवाइ गर्ने व्यक्ति।

(१८) इस्तिन्जा : शौच, दिसा-पिसाब गर्दा पवित्रता हासिल गर्ने काम।

(१९) ईद : मुसलमानहरूको महान् चाड

(२०) ईदगाह : ईदको नमाज अदा गर्ने ठाउँ

(२१) ईमान : आस्था, विश्वास, faith

(२२) उम्मत : समुदाय, कौम, अनुयायी, मुसलमानहरू मुहम्मद स.का उम्मत हुन्।

(२३) एतकाफ : मस्जिदमा निश्चित अवधिसम्मको लागि अल्लाहको यादमा मग्न हुनु।

(२४) एहराम : 'हज' र 'उमर' गर्नका लागि लगाइने पोशाक

(२५) कअदा : नमाजमा दोस्रो वा अन्तिम रकअतमा बस्ने अवस्था।

(२६) कफन : कात्रो, मुर्दालाई लगाईने लुगा।

(२७) कब्र : मूर्दा गाड्ने खाल्टो

(२८) कब्रिस्तान : मुर्दाहरू गाड्ने ठाउँ, चिहानघाट

(२९) कबीला : खानदान, जाति, कौम समुदाय

(३०) कयाम : बस्नु, नमाज पढ्नु, नमाजको लागि खडा हुनु।

(३१) कयामत : महाप्रलय, इस्लामी दृष्टिकोण अनुसार त्यो दिन जब मुर्दाहरू जीवित भई खडा हुनेछन् र हिसाब-किताब हुनेछ।

(३२) कल्मा : अल्लाहको अद्वैतवाद र सर्वगुणसम्पन्न हुने कुराको साक्षी बक्ने इस्लामी 'वचन वा वाणी' जस्तो कि पहिलो कल्मा तयि्यब "लाइलाह इल्लाह, मुहम्मदु र रसूलुल्लाह", दोश्रो कल्मा शहादत "अशह्दु



www.abulhasanalinadwi.org

अल्ला इलाह इल्लल्लाह व अश्हदु अन्न मुहम्मदन् अब्दुहु व रसूलुहु" आदी।

(३३) काबा : अल्लाहको घर जसलाई इब्राहीम अलै. ले बनाउनु भयो। अरबको मक्का शहरमा अवस्थित इस्लाम धर्मावलम्बीहरूको पवित्र स्थल जहाँ प्रत्येक वर्ष हज हुन्छ।

(३४) किब्ला : काबा, त्यो दिशा जता फर्केर मुसलमानहरू नमाज पढ्छन्, काबाको दिशा, नेपालको भूगोल अनुसार किब्ला पश्चिमतर्फ पर्छ।

(३५) कुफ्र : अल्लाहको इन्कार, अल्लाहको इन्कार झल्किने काम

(३६) कुरआन : इस्लाम धर्मको धार्मिक ग्रन्थ, कुरआन शरीफ, कुरआन मजीद

(३७) कुर्बानी : अल्लाहको आदेशानुसारको बलिदान

(३८) केरअत : लयका साथ कुरआन पढ्ने काम

(३९) खत्ना : पैगम्बर मुहम्मद स. को तरीका अनुसार बालकको लिंगको अगाडिको 'छाला' भएको भागलाई काट्ने काम।

(४०) खयानत : बेईमानी, गलत प्रयोग

(४१) खलीफा : प्रतिनिधि, नायब, मुहम्मद स. को कायम-मुकायम

(४२) ख्वाजा-ए-यसरब : यसरब (मदीना शहर) को मालिक

(४३) खुदा : अल्लाहको सट्टा प्रयोग गरिने शब्द, God

(४४) खुलाअ : पत्नीको तर्फबाट पति-पत्नी बीचको वैवाहिक बन्धनलाई वैध रूपमा तोड्ने एक इस्लामी तरीका, पत्नीका तर्फबाट पारपाचुके

(४५) गीबत : पिठ्यू पछाडि गरिने निन्दा, निन्दाचर्चो

(४६) जकात : सम्पतिवान् मानिसले दीन दु:खीहरूका लागि अल्लाहको आदेशानुसार आफ्नो सम्पत्तिमध्येबाट केही भाग निश्चित वार्षिक दरमा प्रतिवर्ष अनिवार्य रूपमा निकाल्नु पर्दछ यसलाई जकात भनिन्छ।

(४७) जनाजह् : लाश, शव, गाड्नको लागि मुर्दालाई नुहाउने र कात्रो आदि पहिऱ्याउने कामलाई जनाजह तयार



www.abulhasanalinadwi.org

गर्नु भनिन्छ । गाड्नुभन्दा पहिले मूर्दाको लागि जनाजहको नमाज पढिन्छ, जनाजा

(४८) जबह् : घाँटीमा अगाडिपट्टिबाट रेटेर काट्ने काम, मुसलमानहरूले इस्लामी तरीकाले जनावरलाई रेटेर काट्ने काम

(४९) जमजम : मक्कामा काबाको छेउमा रहेको एक विश्वप्रसिद्ध कुवा।

(५०) जमाअत्(जमात) : समूह, समूहमा पढिने नमाजलाई जमातका साथ पढिने नमाज भनिन्छ।

(५१) जहरी नमाज : आवाजका साथ पढिने फर्ज नमाज जुन दिनहुँ पढिन्छ, जोहर र अस्रमा पढिने फर्ज नमाज।

(५२) जिक : जप, ध्यान, अल्लाहको याद।

(५३) जिन्न : अल्लाहले पैदा गरेको मनुष्य जस्तै एक अर्को जीव जुन आगोले बनेको छ र मानिस जस्तै यसको पनि समाज र स्वर्ग-नर्क छन्।

(५४) जुमा : शुक्रवार, शुक्रवारको दिन जुमाको नमाज अदा गरिन्छ।

(५५) जेहाद : संघर्ष, कोशिश, इस्लामी व्यवस्था कायम गर्नका लागि विपक्षीसँग युद्ध गर्नु।

(५६) तक्बीर : अल्लाहको श्रेष्ठता बयान गर्नु, अल्लाहुअक्बर भन्नु।

(५७) तक्बीर तह्रीमा : नमाजको सुरूमा नीयत गरेर हात बाँध्न "अल्लाहुअक्बर" भन्नु।

(५८) तक्बीराते तश्रीक: दस जिल्हिज्जदेखि तेह्र जिल्हिज्जको अस्रको नमाजसम्मको हरेक नमाजपछि अल्लाहको प्रशंसा गरिने एक खास दुआको उच्चारण गरिन्छ। यस दुआलाई "तक्बीराते तश्रीक" भनिन्छ।

(५९) तक्वा : अल्लाहको डर।

(६०) तद्फीन : मूर्दालाई कब्रमा गाड्ने काम, दफन

(६१) तयम्मुम : वजूको सट्टा हत्केलाका औंलाहरू समेत फैलाई सफा र पवित्र माटो वा अन्य कुनै पवित्र चीज जसमा माटो लागेको होस्, मा छुवाएर हात,



www.abulhasanalinadwi.org

अनुहार, आदिमा फेर्ने काम, यो खास तरीकाको 'वजू' नै हो।

(६२) तवातुर : कुनै भनाइ वा गराइ (कथनी-करणी) लाई सुन्ने वा देख्नेहरू अनि त्यसलाई नक्कल गर्नेहरू हरेक युगमा यति अधिक संख्यामा रहे कि मानव बुद्धिले यी सबैलाई झुठ्ल्याउन सक्दैन। यसलाई 'तवातुर' भनिन्छ।

(६३) तवाफ : परिक्रमा, काबाको परिक्रमा

(६४) तस्बीह : जप, अल्लाहको याद, अल्लाहको प्रशंसा बयान

(६५) तह्मीद : अल्लाहको प्रशंसा बयान गर्नु।

(६६) तहारत : पवित्रता

(६७) तिलावत : लयबद्ध तरीकाले कुरआन पढ्ने काम

(६८) तौबा : कुनै गल्ती गरेको कुरामा अल्लाहसमक्ष शर्मिन्दासाथ प्रायश्चित गरी क्षमा याचना गर्दै आइन्दा यस्तो गल्ती नदोहोऱ्याउने प्रण गर्नु।

(६९) तौहीद : एकेश्वरवाद अद्वैतवाद, अल्लाह एकमात्र छन्, उनको कोही साझेदार छैन भन्ने इस्लामी दृष्टिकोण, monetheism

(७०) दफन : गाड्ने काम

(७१) दरूद एवम् सलाम: दरूदको अर्थ दया र सलामको अर्थ शान्ति हुन्छ। यो अल्लाहसँग 'दुआ' हो जुन पैगम्बर मुहम्मद स. का लागि खास रूपमा मागिन्छ।

(७२) दुआ : अल्लाहसँग विन्ती गर्दै केही माग्ने काम।

(७३) नफ्ल : इस्लामी दृष्टिकोणले गरिने यस्तो कर्म जुन गर्दा पुण्य हुन्छ र नगर्दा पाप पनि हुँदैन। नफ्ल नमाज, नफल रोजा आदि।

(७४) नबी : सन्देष्टा, ईशदूत, पैगम्बर

(७५) नबुव्वत : पैगम्बरी, दूतत्व, नबी वा रसूलको कार्यभारको प्राप्ति, prohethood

(७६) नमाज : उपासना गर्ने एक खास तरीका, दैनिक ५ पटक पढिने नमाज, जनाजाको नमाज, जुमाको नमाज, ईदको नमाज आदि।



www.abulhasanalinadwi.org

| | | |
|---|---|---|
| (७७) निकाह | : | इस्लामी विवाह, दाम्पत्य जीवनमा बाँधिने इस्लामी तरीका। |
| (७८) परहेजगार | : | संयमी, अल्लाहसँग तर्सने व्यक्ति, अल्लाहको लेहाज राख्ने। |
| (७९) पैगम्बर | : | ईशदूत, सन्देष्टा, अल्लाहको सन्देशबाहक, नबी, prophet, रसूलहरू पनि पैगम्बर नै हुन्। |
| (८०) फज्र | : | विहान सूर्योदयभन्दा पहिले अदा गरिने नमाज। |
| (८१) फरिश्ता | : | ज्योतिले बनेको अल्लाहको एक यस्तो अदृश्य तथा शक्तिशाली प्राणी जो केवल अल्लाहले सुम्पेका कामहरू गर्न पैदा गरिएको हो। साधारण शब्दमा यसलाई देवदूत पनि भनिन्छ। |
| (८२) फर्ज | : | अनिवार्य, जरूरी, गर्नैपर्ने, नगरी नहुने। |
| (८३) फिद्या | : | मुआब्जा, जरिवाना, उदाहरणको रूपमा एक कमजोर मानिस जो रोजा राख्न सक्दैन, ले इस्लामी नियम मुताविक हरेक दिनको रोजाको सट्टा गरीब गुरूवालाई खाना खुवाउनु 'फिद्या' हो। |
| (८४) बनी इस्राईल | : | यहूदी, इजरायल (याकुब अलै.) का बंशज। |
| (८५) बर्कत (बरकत) | : | अभिवृद्धि, बढिबढाउ, बढ्ती, कुनै चीजमा वृद्धि वा उन्नति हुनु, उपकारमा बढोत्तरी। |
| (८६) बिस्मिल्लाह | : | सुरू अल्लाहको नामबाट |
| (८७) मख्लुक | : | सृष्टि, लौकिक अलौकिक दृश्य-अदृश्य सम्पूर्ण रचना। |
| (८८) मसह् | : | वजूको हालतमा मोजा लगाएको बेला पुनः वजू गर्नु पर्ने भएमा खुट्टा नधोईकन पानीले हत्केला भिजाई मोजामाथि हत्केला फेर्ने काम। |
| (८९) मस्नून | : | पैगम्बर मुहम्मद स. स्वयम्ले गर्नुभएको काम। |
| (९०) मस्जिद | : | मुसलमानहरूको उपासनालय, मुसलमानहरूले सामूहिक रूपमा नमाज पढ्ने घर, mosque |
| (९१) मस्जिद | : | इस्लाम धर्म अनुसार कयामतका संकेतहरूमध्ये एक यो हो कि एक झुठो व्यक्तिको उदय हुनेछ जसले आफूलाई ईश्वर भनी दावी गर्नेछ र ईसा अलै. पुनः यस संसारमा आई त्यस दुष्ट मसिहे |



www.abulhasanalinadwi.org

दज्जाललाई कत्तल गर्नु हुनेछ। अनि सारा संसारमा इस्लामी कानून पूर्ण रूपले लागू हुनेछ।

(९२) महर : निकहको अवसरमा रकम वा अन्य सम्पत्ति बरले वधूलाई दिनका लागि निर्धारण गरिन्छ वा त्यत्तिबेलै दिइन्छ। यस सम्पत्तिलाई महर भनिन्छ।

(९३) मुक्तदी : आम जनता, एमामको पछाडिमा नमाज पढ्ने व्यक्ति।

(९४) मिम्बर : मस्जिदमा इमामले 'खुत्वा' (अभिभाषण) दिनका लागि सबभन्दा अगाडि मध्य भागमा अग्लो गरी बनाइएको ठाउँ।

(९५) मुश्रिक : शिर्क गर्ने व्यक्ति, अल्लाहका साथ अरू कोहीलाई साझेदार बनाउने व्यक्ति।

(९६) मुश्रिकाना : अल्लाहका साथ अरूलाई शरीक गर्ने व्यक्तिलाई मुश्रिक भनिन्छ जुन काम गर्दा 'मुश्रिक' होइन्छ त्यस कामलाई 'मुश्रिकाना' भनिन्छ।

(९७) मुस्तहब : जुन काम इस्लामी दृष्टिकोणले गर्नु राम्रो र नगर्नु पाप पनि होइन त्यस्तो काम गर्नु मुस्तहब हो। यस्तो काम पैगम्बर मुहम्मद सल्ल. ले स्वयम् गर्नु भयो वा यसको पुण्यको बारेमा बयान गर्नु भयो।

(९८) मुहाजिरीन : शरणार्थीहरू, हिजरत (migrate) गरेर अन्यत्र गएकाहरू।

(९९) मेना : मक्कानिर रहेको एक ठाउँ जहाँ हाजीहरू 'जिल्हिज्जा' महिनाको १० देखि १२ तारीखसम्म कुर्बानी (बलिदान) गर्दछन्।

(१००) मोमिन : अल्लाहमाथि आस्था राख्ने, अल्लाह र उनको रसूलको तरीकामा पूर्ण रूपेण हिंड्ने व्यक्ति मुस्लिम, मुसलमान

(१०१) मोहताज : जरूरतमन्द, जसलाई कुनै चीजको आवश्यकता र अभाव छ, जो कुनै चीजको लागि अरूमाथि निर्भर छ, दीन:दु:खी।

(१०२) रकअत : नमाज अदा गर्दा गणना गर्ने इकाइ। एक "रकअत" मा एक 'रूकुअ' र दुई 'सज्दा' हुन्छन्।



www.abulhasanalinadwi.org

(१०३) रजि. (रजिअल्लाहु अन्हु) : सहाबाको नामको पछाडि यो वाक्य जोडिन्छ। यसको अर्थ हुन्छ उनीसँग अल्लाह खुशी छन्।

(१०४) रम्जान : हिज्री सम्वत्को नवौं महिना जसमा महिनाभरि रोजा (व्रत) राखिन्छ।

(१०५) रसूल : संदेष्टा, ईशदूत, सन्देशबाहक, अल्लाहबाट पठाइएको त्यस्तो संदेष्टा जसलाई मानिसहरूको मार्गदर्शनका लागि कानूनको रूपमा किताब पनि दिइएको हुन्छ।

(१०६) रहमत : दयादृष्टि, कृपादृष्टि

(१०७) रह. (रहमतुल्लाह अलैह) : उनीमाथि अल्लाहको दयादृष्टि होस्।

(१०८) रिसालत : दूतत्व, अल्लाहले मानवको मार्गदर्शनका लागि मानवमध्येबाटै पैगम्बर र रसूल बनाउने सिलसिला।

(१०९) रूकुअ् : झुक्नु, नमाज पढ्दा दुबै हात घुँडामाथि टेकेर समकोणिक रूपमा झुक्ने स्थिति।

(११०) रूहुल्कुदुस : जिब्रईल अलै. नामक फरिश्ताको उपनाम।

(१११) रोजा : इस्लामी व्रत, इस्लामी उपवास।

(११२) रोजेदार : रोजा बसेको व्यक्ति

(११३) वकील : इस्लामी विवाहमा पहिले बर-बधूको तर्फबाट प्रतिनिधित्व गर्ने व्यक्ति।

(११४) वजू : नमाज पढ्नुभन्दा पहिले एक खास तरीकाबाट हात, मुख र खुट्टाहरू धोई पवित्रता हासिल गर्ने काम।

(११५) वली : मित्र, अल्लाहको मित्र, अल्लाहको मित्र त्यो हो जो अल्लाहसँग खूबै डर मान्दछ र उनको कानूनलाई व्यवहारमा ल्याउँदछ, निकाहमा बर-बधू दुवैतर्फका संरक्षक।

(११६) वही : ईशवाणी, अल्लाहका ती आदेशहरू जुन पैगम्बरहरू माथि अवतरण हुन्थे, पैगम्बर मुहम्मद स. लाई जिब्रईल अलै. मार्फत अल्लाहबाट पठाइएको सन्देश।

(११७) वाजिब : जरूरी, अनिवार्य, अनिवार्यका दुई किसिम छन्- (१) फर्ज (२) वाजिब। 'फर्ज' अल्लाहबाट निर्धारित



www.abulhasanalinadwi.org

| | | |
|---|---|---|
| | | आदेश हो जसलाई कुनै पनि हालतमा पूरा गर्नैपर्छ। 'वाजिब' इस्लामको त्यो हिस्सा हो जनु बिना कुनै मजबुरी (उज्र) अदा गरिएन भने पाप हुन्छ। |
| (११८) शबेकद्र | : | बरकतवाला रात, उपकारवाला रात, त्यो रात जसमा प्रथम पटक कुरआनको श्लोक अवतरण भएको थियो। |
| (११९) शबेबारात | : | महत्वपूर्ण रात, आठौं अरबी महिना 'शाबान' को १४औं र १५औं तारीखको बीचवाला रात। |
| (१२०) शरियत | : | इस्लामी कानून |
| (१२१) शौव्वाल | : | हिज्री सम्वत् अनुसार दशौं महिना। |
| (१२२) शायरी(कसीदा) | : | कविता, मुक्तक |
| (१२३) शिर्क | : | अल्लाहको सामार्थ्य र विशेषतामा कसैलाई शरीक गर्ने काम । शिर्क सबभन्दा ठूलो पाप हो। |
| (१२४) शैतान | : | आगोले बनाइएको एक अदृश्य जीव । अर्थात् 'जिन्न' हरूमध्ये जसले अल्लाहको हुकुमको अवहेलना गरी विरोध र हठधर्मितालाई अपनायो त्यो नै शैतान हो। |
| (१२५) सई | : | हजको दौरानमा सफा र मरवा पहाडको बीचमा एक खास किसिमको दौड्ने काम। |
| (१२६) सज्दा | : | झुक्नु, गुलामी, नमाज पढ्दा दुवै हत्केला भुईमा राखी दुवैघुँडा टेकेर निधार दुवै हत्केलाको मध्य भागमा टेकाएर घोप्टिने स्थिति। सज्दामा मानिस अल्लाहको शरणमा हुन्छ। |
| (१२७) सद्का-ए-फित्र | : | ईदको नमाजभन्दा पहिले इस्लामी दृष्टिकोणले सम्पन्न ठहरिने व्यक्तिबाट गरीब-गुरूवाको लागि निश्चित दरमा वितरण गरिने सम्पत्ति । जस्तो कि प्रत्येक व्यक्तिले करीब १ किलो ६६५ ग्राम गहुँ वा त्यसको मूल्य अदा गर्नु पर्दछ। भर्खरै जन्मेका बच्चादेखि लिएर नौकर समेतको लागि अदा गरिनु अनिवार्य छ। |
| (१२८) सल्ल.(सल्लल्लाहु अलैहि व सल्लम) | : | छोटकरीमा 'स.' वा 'स.अ.व.'। यसको अर्थ हो उहाँमाथि कृपा तथा शान्ति होस्। यो दुआ |



www.abulhasanalinadwi.org

पैगम्बर मुहम्मद स. को लागि खास गरिएको छ।

(१२९) सलाम : शान्ति, इस्लाम धर्म अनुसार अभिवादनको तरीका जसमा 'अस्सलामुअलैकुम्' भन्ने गरिन्छ।

(१३०) सहाबा : पैगम्बर मुहम्मद सल्ल. जीवित रहेको बेला जसले उनलाई उनीमाथि आस्थाको हालतमा देखेका थिए।

(१३१) सिर्रि नमाज : मौन रूपमा पढिने नमाज

(१३२) सुन्नत : पैगम्बर मुहम्मद स.ले भने-गरेका क्रियाकलाप फर्जका अतिरिक्त सुन्नत नमाज पनि हुन्छ।

(१३३) सूर : कूरआनलाई तीस खण्ड (पारह) र ११४ भागमा विभाजन गरिएको छ। ११४ मध्ये प्रत्येक भागलाई सूर: भनिन्छ। कुनै सूर: छोटो छ भने कुनै ठूलो।

(१३४) सूरमा : आँखाको परेलामा लगाउने खास प्रकारको धुलो, सुख्खा गाजल।

(१३५) सेहरी : रोजा बस्नलाई रातको अन्तिम पहरमा खानपिन गर्ने काम।

(१३६) हज : हिजरी सम्बत्‌को बाह्रौं महिना 'जिल्‌हिज्ज' मा अरबको मक्का गई गरिने इस्लामी तीर्थ।

(१३७) हदीस : मुहम्मद स. ले भने गरेका सारा क्रियाकलापहरू, बुखारी, इब्ने माजा, तिर्मिजी, मुस्लिम, अबू दाऊद, नसई आदि हदीसका प्रमुख किताबहरू हुन्।

(१३८) हराम : अवैध वर्जित, नाजायज, illegal

(१३९) हाफिज : विशेष अर्थमा पूरा कुरआन कण्ठस्थ पारेका व्यक्ति।

(१४०) हिक्मत : तत्वज्ञान, तत्वदर्शन, wisdom

(१४१) हिजरत : इस्लामको लागि संघर्ष गर्दा विपक्षीबाट यातना र अवरोध भएपछि आफ्नो ठाउँ छोडेर अन्यत्र बसाइ सर्ने काम।

(१४२) हिफ्ज : कण्ठस्थ

(१४३) हेरा : एक गुफाको नाम जुन मक्कामा अवस्थित छ। पैगम्बर मुहम्मद स. माथि यही गुफामा प्रथम पटक वही (ईश्वरीय वाणी) अवतरण भएको थियो।



www.abulhasanalinadwi.org